# अध्याय : एक

# शोधप्रस्ताव

## १.१ पृष्ठभूमि

यस शोधपत्रको शीर्षक **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को आवश्यकता परिपूर्तिको प्रयोजनका लागि तयार पारिएको हो । पुस्तकालयीय विधिलाई आत्मसात् गरिएको प्रस्तुत शोध शब्दकोशका आधारभूत सैद्धान्तिक मान्यतालाई प्रस्तुत गर्दै **कक्षा ६ को हाम्रो नेपाली किताब**मा आधारित रही नमुना शब्दकोश निर्माण गर्नुमा केन्द्रित रहेको छ ।

यस शोधमा कक्षा ६ का बालबालिकाका लागि उपयुक्त हुने ४६१ शब्द छनोट गरिएको छ । शब्दको प्रविष्टि दिँदा वर्णानुक्रमको मर्यादालाई अङ्गीकार गरिएको छ । यसका साथै शब्दोच्चारण, शब्दको व्युत्पत्ति, शब्दवर्ग, शब्दस्रोत, वर्णानुक्रममा पर्यायवाची र विपर्यायवाची शब्द र त्यसपछि शब्दको प्रयोग दिई नमुना शब्दकोश तयार पार्ने पृष्ठभूमिमा यो शोध तयार गरिएको छ ।

## १.२ समस्याकथन

कक्षा ६ मा अध्ययन गर्ने बालबालिकाका लागि उपयुक्त हुन सक्ने शब्दकोश लेखनको आवश्यकतालाई ध्यानमा राखी भविष्यमा त्यस किसिमको शब्दकोश तयार गर्न सकियोस् भनी यो नमुना शब्दकोश निर्माण गरिएको छ । यस्तो शब्दकोश निर्माण गर्दा आइपर्ने निम्न समस्याहरूलाई शोधसमस्याका रूपमा प्रस्तुत गरी तिनका आधारमा यस शोधको उद्देश्य निर्धारण गरिएको छ :

१. नेपाली भाषामा कक्षा ६ का विद्यार्थीका लागि परिवर्तित पाठ्य पुस्तकअनुसार उपयुक्त शब्दकोशहरू उपलब्ध छन् ?

२. यस किसिमका शब्दकोश शिक्षण सिकाइ प्रक्रियाका लागि उपयोगी हुन सक्छ ?

३. कक्षा ६ का बालबालिकाको स्तर सुहाउँदो शब्दकोश निर्माण गर्न सकिन्छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार छन् :

१. विद्यालय तहअन्तर्गत नेपाली भाषामा लेखिएका शब्दकोशहरूको अवस्था पत्ता लगाउनु ।

२. शब्दकोशको उपयोगिताको पहिचान गर्नु ।

३. कक्षा ६ का बालबालिकाको स्तर सुहाउँदो एउटा नमुना शब्दकोशको निर्माण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको औचित्यपूर्ण सफलता प्राप्तिका लागि पूर्वकार्यको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । पूर्वकार्यले कुनै पनि अध्ययन अनुसन्धानको प्रारम्भिक मार्गनिर्देशन गर्दछ । यसभन्दा अगाडि सम्बन्धित विषयमा के कति अध्ययन कार्यहरू सम्पन्न भएका छन् ? तिनीहरूले के कस्तो निष्कर्ष दिएका छन् ? आदि कुराको जानकारीबाट आफ्नो अध्ययनलाई पनि सैद्धान्तिक पृष्ठभूमि प्राप्त हुने देखिन्छ । पुनरावृत्तिको प्रभावबाट जोगिन विश्लेषणको आधार प्राप्त हुने नयाँ एवम् उपयुक्त प्रविधि अपनाउने जस्ता कार्यमा सहयोग पुग्ने हुनाले पूर्वकार्यको अध्ययन गर्नुपर्दछ । परिवर्तनशील संसारमा हरेक क्षेत्रको तीव्र विकास भइरहेको छ । यसै परिप्रेक्ष्यमा अध्ययन अनुसन्धानलाई अलग राख्न सकिँदैन । पाठ्य पुस्तक र पाठ्यक्रमका क्षेत्रमा गहन एवम् सूक्ष्म अध्ययन विश्लेषण गर्नुपर्ने भएकाले यसबाट निस्केका निचोडका आधारमा आफ्नो अग्रिम मार्ग शोधका सिलसिलामा तय गरिन्छ । भाषा शिक्षणका निम्ति शोधकार्य महत्त्वपूर्ण मानिन्छ । भाषा पाठ्य पुस्तकका क्षेत्रमा अध्ययन अनुसन्धानलाई ज्यादै कम प्राथमिकता दिइएको पाइन्छ । तसर्थ सम्बन्धित कार्यको अध्ययनको आवश्यकतालाई दृष्टिगत गर्दै पाठ्यक्रमअनुरूपताका आधारमा **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**को अध्ययनसँग सम्बन्धित प्रयासलाई यहाँ प्रस्तुत गरिएको छ ।

एकातिर नेपाली भाषामा शब्दकोश प्रकाशनको इतिहास त्यति पुरानो र लामो छैन भने अर्कातिर विद्यालय तहमा अध्ययन अध्यापन गर्न चाहनेका लागि उपयोगी हुने तहगत, कक्षागत वा विषयगत शब्दकोश निर्माण पनि घनीभूत ढङ्गले हुन सकिरहेको देखिँदैन । यहाँ मूलतः विद्यालय तहमा प्रयोगमा आइरहेका र आउन सक्ने एकभाषिक शब्दकोशसँग

निकट रहेर यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक ढाँचाको पुनरवलोकन अध्ययन र यससँग सम्बन्धित क्षेत्रका साहित्यिक पुनरवलोकनलाई खोजी गर्ने प्रयास गरिएको छ :

- जयपृथ्वीबहादुर सिंहको 'प्राकृत शब्दकोश' (१९६८) र शम्भुप्रसाद ढुङ्गेलको **शब्दसुधानिधि** (१९७६) नेपालीका एकभाषिक शब्दकोशका प्रारम्भिक नमुना हुन् ।

- चक्रपाणि चालिसेको **बगलीकोश** (१९९८) र **नेपाली पर्यायवाची कोश** (१९९८) नेपाली एकभाषिक कोशका महत्त्वपूर्ण दस्ताबेज मानिन्छन् ।

- नेपाली एकभाषिक शब्दकोशहरूमा बालचन्द्र शर्माको **नेपाली शब्दकोश** (२०१९) ले शब्दको शब्दवर्ग, स्रोत उल्लेख गर्ने परम्परा सुरु गरेको छ ।

- नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित **नेपाली बृहत् शब्दकोश** (२०४०) अहिलेसम्मकै आधिकारिक शब्दकोश मानिन्छ । अझै पनि कतिपय विद्यालयहरूमा सरकारी शब्दकोश भएर पनि होला यस कोशमा सङ्गृहीत शब्दहरू जसको हिज्जेमा परिवर्तन आएर स्थापित नियम बसालिसके तापनि यसैलाई आधार मानिरहेको पाइन्छ । **नेपाली बृहत् शब्दकोश** (२०४०) ले शब्दवर्ग, शब्दको स्रोत, पर्यायवाची शब्द र त्यस शब्दबाट बन्ने अन्य वर्गका शब्दहरू पनि दिएको छ । यिनका अतिरिक्त यस कोशले संस्कृतका शब्दबाहेकका कतिपय शब्दहरूको व्युत्पत्ति पनि दिएको छ । यस कोशलाई नै नेपाली शब्दकोशको इतिहासमा आधुनिक कोश मान्न सकिन्छ ।

- वसन्तकुमार शर्म्मा 'नेपाल'को **नेपाली शब्दसागर** (२०५७) पनि अर्को उल्लेख्य शब्दकोश हो । कोशकार शर्म्मले यस कोशलाई सोपपत्तिक कोश भनेका छन् । यो शब्दकोशभन्दा पनि शब्दसङ्ग्रहका रूपमा रहेको छ । नेपाली भाषामा प्रकाशित यो नै सबैभन्दा ठुलो एकभाषिक कोश हो ।

- हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको सम्पादकत्वमा प्रकाशित **प्रयोगात्मक नेपाली शब्दकोश** (२०६१) ले **नेपाली बृहत् शब्दकोश** (२०४०) लाई उछिनेर नेपाली हिज्जेलाई सरलीकरण गर्दै शब्दोच्चारण, शब्दवर्ग, व्युत्पत्ति, पर्याय, विपर्याय दिँदै शब्दको वाक्यमा प्रयोगसमेत गरिदिएर शैक्षणिक किसिमको शब्दकोश लेखनकार्यको सुरुआत गरेको देखिन्छ । यसले एकातिर नेपाली सिक्न

थालेका विदेशीहरूलाई समेत उचित सहयोग पुऱ्याउने देखिन्छ भने अर्कातिर यो कोश आफैँ एउटा अन्तरराष्ट्रिय स्तरको नेपाली शब्दकोश पनि हो भन्न सकिन्छ (भट्टराई २०६७ : ३) ।

- नेपाली भाषामा भरखरैदेखि मात्र विभिन्न तह र कक्षाका लागि शब्दकोश लेख्ने कार्य सुरु हुन थालेको छ । यसै क्रममा वि.सं. २०६७ मा प्रेमप्रसाद भट्टराईले एम. एड. अध्ययनका क्रममा तयार पार्नुभएको शोधपत्र **प्रारम्भिक नमुना नेपाली शब्दकोश** यस कार्यका लागि कोसेढुङ्गा सावित भएको छ । भट्टराईको अप्रकाशित शोधले नेपाली भाषामा विद्यालय तहको प्राथमिक कक्षाका लागि उपयागी हुने किसिमका शब्दहरू सङ्कलन गरी ती शब्दको उच्चारण, स्रोत, अर्थ, बनोट, शब्दवर्ग, पर्याय, विपर्याय र प्रयोगमा सचेतता अपनाएको देखिन्छ ।

- प्रेमप्रसाद भट्टराईले आरम्भ गरेको तहगत कोशलेखनभन्दा फरक रहेर दुर्गा सुवेदीले पनि एम. एड. अध्ययनका क्रममा तयार पार्दै गर्नुभएको शोधपत्र **कक्षा ८ को हाम्रो नेपाली किताबमा आधारित बाल नमुना शब्दकोश** (२०७०) ले पनि शैक्षणिक कार्यमा केही हदसम्म सहयोग पुऱ्याउन सक्छ ।

उपर्युक्त शब्दकोशहरूमा अधिकांश सामान्य प्रयोजनका लागि जस्ता देखिन्छन् भने केही अप्रकाशित शब्दकोशहरूले विद्यालयस्तरका विद्यार्थीहरूलाई केन्द्रमा राखेको देखिन्छ । पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०७० देखि कक्षा ६ बाट लागु गरेको हाम्रो नेपाली किताबमा वर्ण विन्यासमा सहजता र सरलता ल्याउने काम गरिएको छ भने नेपाल सरकारको २०६९ साउन २३ गतेको निर्णयले निर्देश गरेको वर्ण विन्यासलाई यसमा हुबहु लागु गर्ने प्रयास भएको छ ।  वर्ण विन्यासका क्षेत्रमा भएका परिवर्तनलाई आत्मसात् गर्दै शब्द र अर्थलाई वर्णानुक्रममा राखेर प्रस्तुत गर्नु **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**को उद्देश्य रहेको छ  र यो परिवर्तित सन्दर्भमा कक्षा ६ मा प्रयुक्त वर्ण विन्यासमा आधारित हुने भएकाले यही अर्थमा अन्य कोशभन्दा पृथक् पनि रहेको छ ।

## १.५ अध्ययनको औचित्य

शोध भनेको ज्ञानको खोजी भएकाले यसलाई जटिल कार्यका रूपमा लिइएको पाइन्छ । यो कार्य नवीन तथा गहन ज्ञान प्राप्तिका लागि गरिन्छ । कुनै पनि क्षेत्र वा

विषयवस्तुको अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण कार्य हो । अध्ययन तथा विश्लेषण कार्य क्षेत्र तथा सीमा फराकिलो भएकाले सोहीअनुरूप शोधको अध्ययनको औचित्य र उपयोगिताको पनि निर्धारण गरिन्छ । शोधका निम्ति धेरै समय, श्रम र साधन खर्च हुने भएकाले यो कार्य सैद्धान्तिक र व्यावहारिक रूपमा औचित्यपूर्ण, उपयोगी र महत्त्वपूर्ण हुन आवश्यक देखिन्छ ।

कुनै पनि भाषाको शब्दकोश त्यस भाषाको मानक ग्रन्थ हो । प्रचलित भाषा शब्दकोशका आधारमा नै त्यस भाषामा लेखिएका सबै खाले पाठ्य पुस्तक तथा पुस्तकहरू निर्माण गरिनुले पनि शब्दकोशको आवश्यकता र महत्त्व प्रस्ट हुन्छ । शब्दकोशले मूलतः शब्दको उच्चारण, शब्दस्रोत, शब्दवर्ग, अर्थ, प्रयोग आदि प्रस्ट्याउने भएकाले शिक्षक, विद्यार्थी तथा सम्पूर्ण पाठकवर्गमा नै पनि यसको खाँचो पर्दछ । नेपाली भाषामा पनि प्रशस्त शब्दकोशहरू प्रकाशित छन्, तिनले कुनै न कुनै रूपमा सम्बद्ध पक्षहरूलाई सहयोग पुऱ्याइआएकै छन् । यति हुँदाहुँदै पनि विद्यालय तहलाई ध्यानमा राखी शब्दकोश निर्माण गर्ने कार्य भने त्यति सशक्त हुन सकेको छैन । पाठ्यक्रम विकास केन्द्रले वि.सं २०६८ बाट परीक्षणका लागि र वि.सं. २०७० देखि कक्षा ६ बाट लागु हुने गरी पाठ्यक्रम तथा पाठ्य पुस्तकहरूमा समय सान्दर्भिक हिसाबले परिवर्तन गरेको छ । यो कक्षाका नेपालीलगायत अन्य विषयमा पनि वर्ण विन्यासमा सहजता र सरलता ल्याउने प्रयास गरिएको छ भने नेपाल सरकारले निर्देश गरेको वर्ण विन्याससम्बन्धी नियमलाई लागु गर्ने काम यसमा भएको छ । यसरी खासगरी वर्ण विन्यासका क्षेत्रमा भएका परिवर्तनले एकातिर शिक्षकहरू नै अलमलमा परेका छन् भने विद्यार्थीहरू बिलखबन्दमा छन् । वर्ण विन्यासमा भएको यस नवीन प्रयोगलाई आत्मसात् गरी सोहीअनुसार कक्षा ६ को हाम्रो नेपाली किताबमा प्रयुक्त ४०० भन्दा बढी शब्द सङ्कलन गरी नमुना शब्दकोश निर्माण गर्न र भावी शब्दकोश निर्माता तथा सम्पादकहरूलाई पनि भाषा शिक्षणका दृष्टिले उपयुक्त हुने शब्दकोश निर्माण गर्नसमेत यसले अभिप्रेरित गर्न सक्ने हुँदा यस अध्ययनको औचित्य पुष्टि भएको छ ।

## १.६ अध्ययनको सीमा

यस **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**मा निम्न माध्यमिक/आधारभूत तहका बालबालिकाहरूका लागि उपयुक्त हुने ४०० भन्दा बढी शब्दको छनोट गरिएको छ । शब्दको प्रविष्टि दिँदा वर्णानुक्रमको मर्यादालाई अङ्गीकार

गरिएको छ । यसका साथै शब्दोच्चारण, शब्दको व्युत्पत्ति, शब्दवर्ग, शब्दस्रोत, वर्णानुक्रममा पर्यायवाची र विपर्यायवाची शब्द र त्यसपछि शब्दको प्रयोग दिइएको छ । यही नै यसको सीमा रहेको छ । यसका सीमाहरूलाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत शोध **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश** निर्माणमा मात्र सीमित रहेको छ ।

२. प्रस्तुत शोध परिमार्जित दोस्रो संस्करण २०७० मा आधारित रहेको छ ।

## १.७ अध्ययन विधि र शब्द छनोटका आधार

यस **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**का लागि शब्द सङ्ग्रह गर्दा पुस्तकालयीय विधि अपनाइएको छ । यसमा कक्षा ६ को हाम्रो नेपाली किताबबाट यादृच्छिक नमुना छनोट विधिका आधारमा शब्द चयन गरिएको छ । नेपाली भाषामा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित **नेपाली बृहत् शब्दकोश** (२०४०), वसन्तकुमार शर्म्मा 'नेपाल'को **नेपाली शब्दसागर** (२०५७), नरेन्द्र चापागाईंद्वारा सम्पादित **नेपाली शब्दभण्डार** (२०६२) र हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको सम्पादकत्वमा प्रकाशित **प्रयोगात्मक नेपाली शब्दकोश** (२०५९), प्रेमप्रसाद भट्टराईले तयार गर्नुभएको शोधपत्र **प्रारम्भिक नमुना नेपाली शब्दकोश** (२०६७) आदिको पनि मद्दत लिइएको छ । त्यसै गरी यसअगि माध्यमिक तहसम्मका विद्यार्थीका लागि प्रकाशित वा अप्रकाशित शब्दकोश वा शोधपत्रहरूको अध्ययन गरी आवश्यक सहयोगसमेत लिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपरिचय ।

अध्याय दुई : शब्दकोशको सैद्धान्तिक परिचय ।

अध्याय तिन : **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**को प्रस्तुति ।

अध्याय चार : निष्कर्ष तथा सुझाव ।

सन्दर्भ ग्रन्थसूची

# अध्याय : दुई

# शब्दकोशको सैद्धान्तिक परिचय

## २.१ परिचय

'शब्द' र 'कोश' को योगबाट 'शब्दकोश' शब्द बनेको हो । शब्द भन्नाले एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ बुझिन्छ भने कोश भन्नाले कुनै निश्चित क्रमनियम तथा वर्ण-व्याकरणात्मक व्यवस्थाअनुसार शब्दहरू भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ बुझिन्छ । कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि खुलाएर उही वा अन्य भाषाका अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ (नेपाली बृहत् शब्दकोश २०४० : १२५३) लाई शब्दकोश भनिन्छ । अर्थात् भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ (प्रयोगात्मक नेपाली शब्दकोश २०६१ : ९३५) शब्दकोश हो । भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेख्य भूमिका रहेको हुन्छ । शब्दकोशको सम्पादन तथा प्रकाशनले नेपाली भाषाको स्तरीकरण गर्न सहयोग प्राप्त हुने हुन्छ (लामिछाने २०६५ : ३१८) ।

नेपाली शब्दकोश निर्माणको इतिहास त्यति लामो छैन । यसको नालीबेली पहिल्याउँदा विदेशी विद्वान्को नाम अग्रपङ्क्तिमा रहेको देखिन्छ । नेपालीमा सर्वप्रथम पहिला कोशको कार्य गर्ने व्यक्ति डब्लु. जे. कर्कपेट्रिक हुन् । कर्कपेट्रिकले 'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल' (An Account of the Kingdom of Nepal) नामको बहुभाषिक शब्दकोश सन् १८११ मा प्रकाशित गरेका हुन् । वि.सं. १९९८ मा प्रकाशित चक्रपाणि चालिसेको 'बगली कोश' बाट नेपाली एकभाषिक कोशको आधुनिक काल प्रारम्भ हुन्छ । नेपाली एकभाषिक कोशलाई जीवन्तता प्रदान गर्ने क्रममा बालचन्द्र शर्माको 'नेपाली शब्दकोश' (२०१९), बालकृष्ण पोखरेल र अन्यको 'नेपाली बृहत् शब्दकोश' (२०४०), वसन्तकुमार शर्म्मा 'नेपाल' को 'नेपाली शब्दसागर' (२०५७), हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०६१), नरेन्द्र चापागाईको 'नेपाली शब्दभण्डार' (२०६२) आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । शब्दकोश निर्माण गर्ने काम चानचुने काम होइन । यो एउटा ज्यादै कठिन र चुनौतीपूर्ण कार्य हो । विज्ञान र

प्रविधिका कारण नेपाली भाषामा दिनानुदिन नवीन शब्दहरूले प्रविष्टि पाइरहेका छन् । यसरी ती नयाँ शब्दहरूलाई समेट्दै कोशलाई अद्यावधिक बनाउनु पक्कै पनि कठिन हुन्छ ।

शब्दकोशले प्रचलित, प्रभावकारी, सुविधायुक्त, प्रविधिसङ्गत तथा परिष्कृत सामान्य स्वरूपको वरण गर्नुपर्छ र आफूमा प्राञ्जल, सरल, संवेद्य र सुग्राह्य रूपविधान ग्रहण गर्नुपर्छ । यसो भएमा शब्दकोश प्रयोगकर्ताहरूका लागि हुन्छ र उनीहरूको अपेक्षासमेत पुरा गर्न सक्छ (भट्टराई, २०६७ : ७) ।

## २.२ शब्दकोशका प्रकार

शब्दकोशलाई निम्नअनुसारका आधारमा विभाजन गरिएको छ :

क. भाषा सङ्ख्याका आधारमा : भाषा सङ्ख्याका आधारमा शब्दकोशलाई एकभाषिक कोश, द्विभाषिक कोश र बहुभाषिक कोश गरी तिन भागमा बाँड्न सकिन्छ ।

अ. एकभाषिक कोश : एक मात्र भाषामा तयार पारिएको कोशलाई एकभाषिक कोश भनिन्छ । **नेपाली बृहत् शब्दकोश** (२०४०) यस किसिमको शब्दकोशको उदाहरण हो ।

आ. द्विभाषिक शब्दकोश : कोशको प्रविष्टि स्रोत भाषामा र तिनका समानार्थी एकाइहरू चाहिँ लक्ष्य भाषामा हुने कोश द्विभाषिक शब्दकोश हो । कुलचन्द्र गौतमको **संस्कृत नेपाली शब्दकोश** (१९८३) यसको उदाहरण हो ।

इ. बहुभाषिक कोश : एउटा भाषामा दिएको प्रविष्टिलाई प्रस्ट्याउन दुईभन्दा बढी भाषामा समानार्थी शब्दको प्रयोग गरिन्छ भने त्यस्तो कोशलाई बहुभाषिक कोश भनिन्छ । डब्लु. जे. कर्कपेट्रिकको सन् १८११ मा प्रकाशित **एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल** (An Account of the Kingdom of Nepal) बहुभाषिक शब्दकोशको नमुना हो ।

ख. स्वरूपका आधारमा : यस आधारमा कोशलाई भाषापरक र ज्ञानपरक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।

अ. भाषापरक कोश : विशुद्ध भाषिक पक्षमा केन्द्रित भएर निर्माण गरिएको कोशलाई भाषापरक कोश भनिन्छ । चक्रपाणि चालिसेको **नेपाली पर्यायवाची कोश** (१९९८) यस किसिमको कोश हो ।

आ. ज्ञानपरक कोश : भाषाबाहेक ज्ञान पक्षलाई महत्त्व दिएर लेखिएको कोश ज्ञानपरक कोश हो । विश्वकोश, बृहत् सामान्य ज्ञान, इन्साइक्लोपिडिया आदि यस खाले कोशका उदाहरण हुन् ।

ग. समयका आधारमा : यस आधारमा कोशलाई समकालिक/एककालिक र ऐतिहासिक/कालक्रमिक गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

अ. समकालिक/एककालिक शब्दकोश : कुनै एउटै समयमा केन्द्रित भएर तयार गरिने कोश समकालिक/एककालिक कोश हो । जस्तै : **नेपाली बृहत् शब्दकोश** (२०४०) ।

आ. ऐतिहासिक/कालक्रमिक शब्दकोश : कुनै भाषाका सबै समयमा प्रयुक्त शब्दहरूलाई समेटेर निर्माण गरिएको कोश ऐतिहासिक/कालक्रमिक कोश हो । अङ्ग्रेजी भाषाको **अक्सफोर्ड डिक्सनरी** (Oxford Dictionary) यसको एक दृष्टान्त हो ।

घ. प्रविष्टि अनुक्रमका आधारमा : यस आधारमा शब्दकोशलाई वर्णानुक्रम, विषयानुक्रम र मिश्रित गरी तिन किसिममा विभाजन गर्न सकिन्छ ।

अ. वर्णानुक्रम कोश : कुनै भाषाका शब्दहरूलाई वर्णमालाका अनुक्रममा राखेर तयार पारिएको कोश नै वर्णानुक्रम कोश हो । **नेपाली बृहत् शब्दकोश** (२०४०) यस किसिमको कोश हो ।

आ. विषयानुक्रम कोश : विषयलाई मुख्य आधार मानेर निर्माण गरिएको कोश विषयानुक्रम कोश हो । संस्कृत भाषामा अमर सिंहले तयार गरेको **अमरकोश** यसको नमुना हो ।

इ. मिश्रित कोश : वर्ण र विषयको अनुक्रम मिलाएर तयार गरिएको कोशलाई मिश्रित कोश भनिन्छ । यस्ता कोशमा समावेश गरिएका शब्दलाई तिनको अर्थ र समूहमा विभाजन गरी वर्णानुक्रम मिलाएर राखिन्छ । पर्यायवाची र विपर्यायवाची कोशहरू मिश्रित कोशका उपयुक्त उदाहरण हुन् । (पोखरेल, २०६६ : २७७)

ङ. प्रयोजनका आधारमा : यसका आधारमा कोशलाई मानक र सन्दर्भपरक गरी दुई भागमा बाँड्न सकिन्छ ।

अ. मानक कोश : कुनै भाषाको स्तरीय शब्दभण्डारलाई समावेश गरी निर्माण गरिएको कोश मानक कोश हो । **नेपाली बृहत् शब्दकोश** (२०४०) मानक कोशको उदाहरण हो ।

आ. सन्दर्भपरक कोश : कुनै भाषाको सामाजिक, क्षेत्रीय आदि भेदलाई समेटेर सम्पादन गरिएको कोश सन्दर्भपरक कोश हो ।

च. प्रयोक्ताका आधारमा : प्रयोक्ताको आवश्यकतालाई ध्यानमा राखी तयार गरिएको कोशलाई प्रयोक्तामुखी कोश भनिन्छ । यो प्राज्ञिक र शैक्षिक गरी दुई किसिमको हुन्छ ।

अ. प्रयोक्तापरक कोश : शब्दको उत्पत्ति प्रक्रिया देखाउने मुख्य ध्येय राखेर बनाइएको कोश व्युत्पत्तिपरक कोश हो । यस किसिमका कोशका उदाहरण टर्नरको नेपाली भाषाको **तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश** (सन् १९३१), खगेन्द्रप्रसाद लुइटेलले सम्पादन गर्नुभएको **नेपाली प्रकृति प्रत्यय कोश** (२०५८) आदि हुन् ।

आ. शैक्षिक कोश : निश्चित तहका विद्यार्थीका आधार सामग्री प्राप्त गराउने उद्देश्यले तयार पारिएको कोश शैक्षिक कोश हो । कृष्णप्रसाद न्यौपाने र अन्यले सम्पादन गरेको **उपयोगी नेपाली शब्दकोश र रचना** (२०६१) यस किसिमका कोशको नमुना हो ।

छ. प्रविष्टि क्षेत्रका आधारमा : यसका आधारमा कोशलाई सामान्य कोश र विशेष कोश गरी दुई भेदमा वर्गीकरण गरिन्छ ।

अ. सामान्य कोश : सामान्य कोशमा सामाजिक जनजीवनका सामान्य प्रयोजन पक्षसँग सम्बन्धित कुराहरू पर्दछन् । नेपाली भाषामा **नेपाली बृहत् शब्दकोश** (२०४०) यसको उत्कृष्ट नमुना मानिन्छ ।

आ. विशेष कोश : ज्ञानका विविध क्षेत्रमध्ये कुनै एकमा केन्द्रित रहेर तयार पारिएको कोश विशेष कोश हो । हेमचन्द्र पोखरेलको **शाकुन्तल शब्दार्थ सञ्चयकोश** (२०४९), हरि दाहालको **कृषिविज्ञान शब्दकोश** (२०५७), शङ्करकुमार श्रेष्ठको **कानुनी शब्दकोश** (२०५६) आदि विशेष कोशका उदाहरणहरू हुन् ।

## २.३ शब्दकोशको स्वरूप

कोशीय विशेषताहरूको संयोजन गरी प्रयोगपरक बनाउने उद्देश्य राखेर प्रयोक्तालाई सहज किसिमले सामग्री उपलब्ध गर्ने कार्य सम्पन्न गरिन्छ ।

शब्दकोशका लागि सामान्य स्वरूप भनेको कोशमा सन्नियोज्य केही सुग्राह्य, प्रचलित र प्रभावकारी यस्ता कोशीय विशेषताहरूको संयोजन हो, जसबाट कोश वा

शब्दकोशहरू उपयोगका दृष्टिले स्वनिर्देश्य, सुज्ञेय, संसूच्य र सम्प्रयोज्य बन्दछन् र सम्बन्धित उपभोक्तालाई कोशनिष्ठ समस्त सामग्री सुगमताका साथ समुपलब्ध गराउने सामर्थ्य अधिगत गर्दछन् (लम्साल, २०५७ : ५७) ।

शब्दकोशको स्वरूपलाई पूर्वभाग, मूलभाग र उत्तरभाग गरी मुख्य तिन भागमा विभाजन गरी यहाँ तिनको छोटकरीमा चर्चा गरिन्छ :

## २.३.१ पूर्वभाग

यो शब्दकोशको मूल भागभन्दा अगिल्लो भाग हो । यसमा शब्दकोशको मूल अर्थात् केन्द्रीय भागलाई उपयुक्त तरिकाले प्रयोगमा ल्याउन आवश्यक आधार सामग्रीहरू राखिएका हुन्छन् । यस भागभित्र शीर्षक, प्राक्कथन वा भूमिका कोशविधान प्रक्रिया, कोश निर्देशिका, प्रविष्टि विधान (मूल प्रविष्टि र उपप्रविष्टि) अनेकार्थी, समरूपी उच्चारण र आलेखन, व्याकरण निर्देश, बीजक, विवृति, प्रतिनिर्देश, व्युत्पत्ति विधान, उदाहरण संयोजन, सङ्क्षेप सूची, विराम र सङ्केत चिह्नहरूको प्रयोगका सम्बन्धमा स्पष्टीकरण दिइएको हुन्छ । यस भागलाई शब्दकोशको पूर्ववर्ती भाग मानिन्छ (लम्साल, २०५७ : ७५) ।

### २.३.१.१ शीर्षक

शब्दकोशको नामलाई शीर्षकले जनाउने काम गर्दछ । शब्दकोशको प्रकृति र प्रयोजनको पहिलो निर्देशक नै यसको शीर्षक हो । यसकै आधारमा कोश कुन प्रयोजनका लागि निर्माण भएको हो सो कुरा शीर्षकबाट प्रस्ट हुन्छ । कोशको प्रयोजनलाई जनाउन कोशकारले तुलनात्मक, व्युत्पत्तिपरक, सङ्क्षिप्त, बृहत् शब्दकोश, मानककोश आदि उल्लेख गरिएको पाइन्छ । शीर्षकसँगै सम्बन्धित कोशमा निहित शब्द सङ्ख्या, प्रविष्टि सङ्ख्या, सम्पादक, प्रकाशक तथा संस्करण, मिति आदि जस्ता कुरा पनि उल्लेख गरिन्छ ।

### २.३.१.२ प्राक्कथन र भूमिका

कोशको पूर्वभागमा कोशसम्बन्धी आवश्यक जानकारी तथा सूचना दिनका लागि प्राक्कथन र भूमिका प्रस्तुत गरिएको हुन्छ । यसलाई प्रस्तावना, परिचय, कृतज्ञता ज्ञापन, पृष्ठभूमि, प्रकाशकीय, सम्पादकीय जस्ता नामले पनि चिनाइएको पाइन्छ । **नेपाली बृहत् शब्दकोश** (२०४०) ले प्रकाशकीय र सम्पादकीय भनेर प्राक्कथन र भूमिकाको स्थान लिएको छ भने **प्रयोगात्मक नेपाली शब्दकोश** (२०६१) ले प्राक्कथनकै नाम दिएको छ । यसरी जे

शीर्षक दिए पनि यसभित्र कोशको उद्देश्य, क्षेत्र, परिधि, स्रोत, आवश्यकता आदिका सम्बन्धमा प्रकाश पारिएको हुन्छ ।

### २.३.१.२.१ कोशको प्रयोजन र क्षेत्र

कोशका प्रकार र क्षेत्र यसभित्र समेटिने पक्ष हुन् । कोशका प्रयोक्ता कस्ता छन् ? कुन विषय विशेषसँग सम्बन्धित छ ? कोश कुन किसिमको हो ? पहिलो वा दोस्रो कुन भाषीका लागि हो ? कोशको प्रकृति सन्दर्भपरक हो वा अन्य यसको उल्लेख यसै शीर्षकभित्र गरिन्छ । यस भागमा मूलतः कोश कस्तो हो सोको पनि स्पष्टीकरण दिइएको हुन्छ ।

### २.३.१.२.२ कोशको स्रोत

शब्दकोशको प्रकृतिअनुसार शब्दहरू कहाँबाट लिएको छ, सो कुराको उल्लेख यस शीर्षकभित्र गरिएको हुन्छ । कोश निर्माण गर्दा कुन कुन कोशलाई आधार बनाइयो र ती प्रविष्टि पाएका शब्दहरूको स्रोत के हो ? यसमा उल्लेख गर्ने काम गरिन्छ । पूर्व प्रकाशित शब्दकोश तथा समकालीन भाषा प्रयोग क्षेत्र यसका स्रोत मानिन्छन् ।

### २.३.१.२.३ कोशविधान प्रकिया

कोश सम्पादनका विविध पक्षहरू जस्तै : प्रविष्टि चयन, उच्चारण, व्याकरण, व्युत्पत्ति वा हिज्जे आदि यसअन्तर्गत पर्दछन् । कोशभित्र प्रयुक्त पर्यायवाची शब्द, चित्र, सङ्केत, चिह्न, शब्दोच्चारण, वाक्यनिर्माण, अर्थक्रम, उदाहरण आदि पनि यही भागमा निर्धारण गरिन्छ ।

### २.३.१.२.४ कोशनिर्देशिका

यसभित्र कोश प्रयोग गर्ने तरिका अपनाइएको हुन्छ । कोश र पाठकका बिच सम्प्रेषणीयता कायम गर्न कोश निर्देशिकाको महत्त्वपूर्ण भूमिका रहन्छ । यसअन्तर्गत शब्दहरूलाई कसरी प्रविष्टि दिने भन्ने कुरा यसको मूल कार्य हो । यसमा खास गरी निम्न पक्षहरू पर्दछन् :

#### क. मूल प्रविष्टि

शीर्ष शब्द नै मूल प्रविष्टि हो । कोशको प्रकृतिअनुसार कुन किसिमका कोशीय एकाइलाई मूल प्रविष्टि दिने र कुन किसिमकालाई उपप्रविष्टि दिने भन्ने यस अंशमा उल्लेख गरिएको हुन्छ ।

प्रविष्टि भन्नाले त्यस्ता सङ्गृहीत ढाँचागत सूचनासँग सम्बन्धित कोशीय एकाइहरू हुन्, जुन कोशमा रहेका हुन्छन् । तिनलाई कोशमा राख्नु नै प्रविष्टि हो । प्रविष्टि भनेको कुनै पनि कोशको प्रकृतिअनुसार अपेक्षित विविध विवरण रहेको क्रमबद्ध कोशीय एकाइ हो (ढुङ्गेल र दाहाल, २०६२ : २०४) ।

**ख. अनेकार्थी शब्द**

अनेकार्थी शब्दहरूको प्रविष्टि फरक फरक मूल प्रविष्टिमा दिइएको छ अथवा एउटै मूल प्रविष्टिबाट १, २, ३, ... गर्दै भिन्न भिन्न अर्थ दिइएको छ भन्ने कुरा यसमा प्रस्ट पारिएको हुन्छ ।

**ग. समरूपी शब्द**

**हिज्जे र** उच्चारण एउटै भए पनि व्युत्पत्ति र अर्थ भने फरक हुने शब्दहरूको प्रविष्टि व्यवस्था कसरी मिलाइएको छ भन्ने कुरा यस अंशमा स्पष्ट पारिन्छ ।

**घ. उच्चारण र आलेख**

सबै कोशमा यसलाई समेटिएको पाइँदैन । पहिलो भाषी कोशमा भए उच्चारण र आलेख त्यति आवश्यक ठानिँदैन तर दोस्रो भाषीका लागि भने यो आवश्यकीय नै मानिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले यस अंशको उल्लेख गरेको देखिन्छ ।

**ङ. व्याकरण निर्देश**

शीर्ष शब्द व्याकरणका दृष्टिले कस्तो शब्द हो भन्ने कुरा कोशमा दिइएको हुन्छ । व्याकरणको सङ्केत सङ्क्षेपमा दिइन्छ (ढुङ्गाना, २०६७ : २२१) । यसको सङ्केत सूची अग्र भागमा दिएको हुन्छ । जस्तै :

**तालिका : १**

**सङ्क्षेप सूचीको नमुना**

| | |
|---|---|
| अकि. - अकर्मक क्रिया | क्रिप. - क्रियापद |
| उप. - उपसर्ग | ना. - नाम |
| विबो. - विस्मयादिबोधक | द्वि. - द्वित्व |
| वि. - विशेषण | अ. - अरबी |

**स्रोत : नेपाली बृहत् शब्दकोश** (२०४०)

### च. बीजक

कोशीय एकाइको कार्य तथा स्तर जनाउन प्रविष्टि अङ्गमा गरिने शब्द वा शब्दावली नै बीजक हो । जस्तै :

**ऋतु** - /रितु/ (सं.) प्राकृतिक जलवायुलाई ध्यान दिई प्रत्येक दुई महिनामा फेरिने समयावधि (उदा. वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतु), वर्षभरिको मौसमको परिवर्तनलाई जनाउने समयको विभाजन । रुखमा पालुवा देखिनु ऋतु परिवर्तनको सङ्केत हो ।

### छ. विवृति

कुनै शब्दलाई थप स्पष्ट वा खुलस्त पार्ने कामलाई विवृति भनिन्छ । यो व्यक्तिगत कोशीय एकाइको अर्थविधानका सन्दर्भमा प्रयोग हुने कोशीय उपबन्ध हो । यस्तो विवृति कोष्ठकभित्र दिने गरिन्छ । जस्तै : केटो ना. (बहु/ति. केटा, स्त्री. केटी) ।

### ज. प्रतिनिर्देश

प्रतिनिर्देशको अर्थ कोशीय एकाइहरूको परस्पर सम्बन्ध रहेको पुष्टि गर्नु हो । यसलाई कोशमा अधिकतम सूचना प्रदान गर्न उपयोगी साधन भनिन्छ । कोशीय एकाइहरूको अन्तरसम्बन्ध दर्साउने प्रतिनिर्देशमा सङ्क्षिप्त शब्द प्रयोग गरिन्छ (लामिछाने, २०६५ : २५८) । जस्तै : गफाडी - वि. (गफ + आडी) हे. गफडी ।

### झ. व्युत्पत्ति विधान

व्युत्पत्तिले शब्दकोशमा शब्दको अर्थ खुट्याउनु तथा मूल अर्थ पहिल्याउन सहयोगीको भूमिका निर्वाह गर्दछ । नेपाली बृहत् शब्दकोश (२०४०) ले शब्दको व्युत्पत्ति दिँदा तद्भव र आगन्तुक शब्दमा त्यसको मूल रूप दिएको छ भने प्रयोगात्मक शब्दकोश (२०६१) ले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि मूल रूप दिँदै तिनको व्युत्पत्तिगत स्वरूपसमेत दिएको छ ।

### ञ. उदाहरण संयोजन

शब्दकोशमा शाब्दिक उदाहरणका रूपमा गरिने प्रासङ्गिक प्रयोग नै उदाहरण हो । यसले शब्दको प्रयोग सन्दर्भलाई प्रस्ट पार्छ ।

### २.३.१.३ सङ्क्षेप सूची

कोशमा एकरूपता, स्थान बचत आदिका लागि दिइने सङ्क्षिप्त शब्दसूची कोशको पूर्वभागमा अङ्कित गरिएको हुन्छ । यसले खासगरी स्थान र समयको समेत बचत गर्छ ।

### २.३.१.४ विराम र सङ्केत चिह्न

कोशमा विभिन्न प्रकारका विराम र सङ्केत चिह्न प्रयोग गरिन्छ । चिह्न सङ्केतले कोशमा श्रम, स्थान तथा व्ययको बचत गर्दछ । यस कोशमा प्रयुक्त केही चिह्नहरू यहाँ दिइएको छ :

**तालिका : २**

**विराम र सङ्केत चिह्नको नमुना सूची**

| चिह्न | चिह्नको नाम | चिह्न | चिह्नको नाम |
|---|---|---|---|
| / | विभाजक, विकल्प जनाउने | ( ) | विवृति/स्पष्टीकरण/रूपायन आदि |
| - | योजक/ निर्देशक चिह्न | [ ] | व्युत्पादन/व्युत्पत्ति |
| : | व्याख्या/सापेक्ष | + | संयोजक/जोड |
| . | सङ्क्षेपीकृत चिह्न | / / | उच्चरित रूप |

**स्रोत : प्रयोगात्मक नेपाली शब्दकोश** (२०६१)

माथि उल्लिखित चिह्नले खास खास परिवेश र स्थिति विशेषको सङ्केत गर्ने हुनाले यस्ता चिह्नको होसियारीपूर्वक प्रयोग गर्नु वाञ्छनीय देखिन्छ ।

## २.३.२ मूल भाग

कोशको महत्त्वपूर्ण भाग नै मूल भाग हो । कोशको आत्मा भएको लक्ष्यसिद्धि र लक्ष्यपूर्ति यसैबाट सम्भव मानिन्छ । यो कोशीय स्वरूपको सारमय भाग हो (लामिछाने, २०६५ : २४९) ।

यसैभित्र शब्दहरूले प्रविष्टि पाएर अर्थमा व्यक्तिने अवसर पाउँछन् । शब्दको मूल प्रविष्टि, उच्चारण, स्रोत, शब्दवर्ग, पर्यायवाची र विपर्यायवाची शब्द, उदाहरण, प्रयोग, उपप्रविष्टि, बीजक, योजक आदि चिह्नहरू यस भागभित्र पर्दछन् । शब्दकोश सम्पादन गर्दा प्रयोग गरिएका सम्पूर्ण पक्षहरू यसमा देख्न पाइन्छ । यस भागमा शीर्षशब्द, उच्चारण र हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थविधान, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्का,

उदाहरण, चित्राङ्कन आदि सबै पक्षहरू यथायथा स्थानमा समेटिएका हुन्छन् । अतः कोशको मुटु भन्नु नै यसको मूल भाग हो (भट्टराई, २०६७ : १४) ।

उपर्युक्त किसिमका हरेक प्रविष्टिका दुई भाग हुन्छन् : उद्देश्य र विधेय । पहिलोमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश जस्ता अवयव पर्दछन् भने दोस्रोमा अर्थ, उदाहरण आदि अन्य अवशिष्ट अवयवहरू सम्मिलित हुन्छन् । (लम्साल, २०६७ : १४७)

### २.३.३ उत्तर भाग

कतिपय शब्दकोशमा यसको उत्तर भागको व्यवस्था पाइँदैन तर कोशलाई स्तरीकृत बनाउन यसको आवश्यकता हुन्छ (ढकाल, २०६८ : २३३) ।

यो शब्दकोशको पश्चवर्ती भाग हो । यो भाग परिशिष्टका रूपमा रहन्छ । खास गरी कोशको पूर्वभाग र मूल भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू, परिशिष्टांशका रूपमा राखिन्छ । कतिपय कोशमा यस भागमा कोशको नालीबेली उल्लेख गरिएको हुन्छ भने कतिपयमा अनुक्रमणिका उल्लेख गरिएको हुन्छ । कतिपय कोशमा परिशिष्टको व्यवस्था नभए पनि यसलाई कोशसम्पादनको अन्तिम भाग मानिन्छ ।

## अध्याय : तिन

# कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोशको प्रस्तुति

### अ

**अंश** - /अङ्स, अम्स/(सं.) ना. १. खण्ड, टुक्रा, भाग, मात्रा । पृथ्वीमा जमिनको भन्दा पानीको अंश बढी छ । २. भागबन्डा । अंश लगाउँदा मेरो भागमा १० धुर जग्गा पऱ्यो ।

**अंशबन्डा** - /अङ्सबन्डा/ [अंश+बन्डा] ना. दाजुभाइबिच गरिने पुर्ख्यौली सम्पत्तिको बाँडफाँड । राम र श्यामले बाबुको सम्पत्ति अंशबन्डा गरे ।

**अकस्मात्** - /अकस्मात्/ (सं.) क्रिवि. अचानक, एकाएक, एक्कासि । आज अकस्मात् आएको असिनाले सबै मकै सखाप पाऱ्यो ।

**अक्षर**- /अक्छयर्/[अछ्यर्] (सं.) ना. अच्छेर, अजम्बरी, अजर, अमर, अविनाशी, लिपि चिह्न, वर्णमालाको अक्षर, *विप. क्षर, नाशवान्*। बहिनीले अक्षर चिनेकी छैनन् । उनी सबै अक्षर चिन्न सक्छिन् । अक्षरको उच्चारण ठिकसँग गर्नुपर्छ ।

**अगाडि** - /अगाडि/ [अगि+आडि] नायो. १. अगि, अगिल्तिर, मुखेन्जी, सामुन्ने, सामुन्नेमा, सम्मुख । घरअगाडि चौर छ । हेर त घरअगाडि कुनै वस्तु खसेको छ कि ! क्रिवि. २. पहिले, सुरुमा, *विप. पछाडि* । तिमी अगाडि जाँदै गर हामी पछाडि आउँछौँ ।

**अग्नि** - /अग्नि/ (सं.) ना. १. अनल, आगो । अग्नि साक्षी राखी उनीहरूको विवाह सम्पन्न भयो । २. खाएको वस्तुलाई पेटमा पचाउने आगो, पाचनशक्ति । अग्नि मन्द भएकाले उसलाई खाना पचाउन गाह्रो भयो ।

**अग्निहोत्र** - /अग्निहोत्त्र/ (सं.) [अग्नि+होत्र] ना. विधिपूर्वक आगोमा हवन गर्ने काम । ब्राह्मणले अग्निकवचबिना अग्निहोत्र गर्न नसकिने कुरा युधिष्ठिरलाई बताए ।

**अङ्क** - /अङ्क/ (सं.) ना. १. एकदेखि नौसम्मका सङ्ख्या जनाउने चिह्न, नम्बर, निसान, सङ्केत । हामी अक्षर र अङ्क दुबै सिक्छौँ । रावणले भुँइमा चारको अङ्क लेख्यो ।

२. नाटकको अध्याय छुट्ट्याउन प्रयोग हुने । 'पीडा आरोहण' नाटकमा तिन अङ्क छन् ।

**अङ्ग्रेजी** - /अङ्ग्रेजि/ (अङ्.) [अङ्ग्रेज+ई] १. अङ्ग्रेजहरूको मातृभाषा; इङ्लिस; बेलायत, अमेरिका, क्यानाडा आदि देशमा बोलिने प्रमुख भाषा । ऊ अङ्ग्रेजी भाषामा खुलेर कुराकानी गर्न सक्छे । नेपाली भाषा सिक्नभन्दा अङ्ग्रेजी सिक्न सजिलो हुन्छ ।

**अट्टहास** - /अट्टहास्/ (सं.) [अट्ट+हास] ना. खित्का छाडेर हाँस्ने काम, ठुलो स्वरको हाँसो । मह जोडीको अभिनय देखेर सभाकक्षमा अट्टहास चल्यो ।

**अतिथि** - /अतिथि/ (सं.) [अ+तिथि] ना. अभ्यागत, पाहुना । अतिथि स्वागत गर्नु हाम्रो कर्तव्य हो । अतिथिलाई देवतासरह मान्नुपर्छ ।

**अत्तोपत्तो** - /**अत्तोपत्तो**/[अत्तो+पत्तो] ना. ठाउँ ठेगाना, ठाउँथर, भेउ, सुइँको । उसको नाति हराएको १० वर्ष भयो, अझै अत्तोपत्तो छैन ।

**अध्यापन** - /अद्ध्यापन्/ (सं.) [अधि+आपन] ना. पढाउने काम, शिक्षण । प्रेम गुरु गाउँकै विद्यालयमा अध्यापन गर्नुहुन्छ । अध्यापन गर्ने काम निकै जटिल मानिन्छ ।

**अनावृष्टि** - /अनाब्रिस्टि/ (सं.) [अना+वृष्टि] ना. खडेरी, वर्षा नभएको अवस्था, *विप. अतिवृष्टि* । अनावृष्टिले अनिकाल निम्त्याउँछ ।

**अनि** - /अनि/ संयो. त्यसपछि, फेरि, र; शब्द, पदावली, उपवाक्य आदिलाई जोड्न प्रयोग हुने शब्द । बजारमा बुबा, आमा, दाइ अनि म सँगसँगै डुल्यौँ । तिमीले दिदीको बिहेमा बोलाएनौ अनि के भनेर आउनु त !

**अनुसार** -/अनुसार्/ (सं.) नायो. झैँ, बमोजिम, माफिक, मुताबिक, सरह । गुरुले भनेअनुसार पढेमा परीक्षामा सफल भइन्छ । नागरिकले राष्ट्रको नियमअनुसार चल्नुपर्छ ।

**अन्तरक्रिया** - /अन्तर्क्रिया/ (सं.) [अन्तर+क्रिया] ना. आपसी विचारविमर्श, पारस्परिक सरसल्लाह । विद्यालयको पढाइबारे व्यवस्थापन समिति र शिक्षकहरूबिच अन्तरक्रिया भयो ।

**अन्तरिक्षयान** - /**अन्तरिक्छ्ययान्**/ (सं.) [अन्तरिक्ष+यान] ना. अन्तरिक्षमा उड्ने यान, विमान, हवाईजहाज । अन्तरिक्षयानमा चढेर यात्रा गर्दा कति मजा हुँदो हो !

**अन्न** - /**अन्न**/ (सं.) ना. अनाज; धान, मकै, गहुँ, कोदो आदि गेडादार खाद्य वस्तु । अन्न मानिसको प्राण हो । अन्नमा भन्दा सन्नमा ध्यान दिनुपर्छ ।

**अपभ्रंश** -/अपभ्रम्स/ (सं.) [अप+भ्रम्स] वि. बिग्रेको, विकृत उच्चारण भएको, विकृति भएको, *विप. परिष्कृत* । नेपाली भाषाका कतिपय शब्दहरू अपभ्रंश हुँदै गएका छन् ।

**अफिस**-/अफिस्/ (अङ्.) ना. अड्डा, कार्यालय । कर्मचारीहरू अफिसमा बसेर काम गर्छन् । कर्मचारी भ्रष्टाचारी भए देश उँभो लाग्दैन ।

**अब** - /अब/ क्रिवि. यसपछि, यस बखत, यस वेला, यसै क्षण । काम सकियो, अब खाजा खानुपर्छ । छुट्टी भयो, अब घरतिर लाग्नुपर्छ ।

**अभ्यास** -/अब्भ्यास्/ (सं.) ना. कुनै व्यवहार र सिपमाथि राम्ररी बानी बसाल्न त्यसलाई दोहोऱ्याई, तेहऱ्याई गरिने काम; पुनरावृत्ति; बारम्बारको रटन । राम्ररी अभ्यास गर्ने हो भने जस्तै सिप पनि सिक्न सकिन्छ ।

**अमूर्त** -/अमुर्त/ (सं.) [अ+मूर्त] वि. आकारविनाको, मूर्त नभएको, *विप. ठोस, मूर्त* । ईश्वर, आत्मा आदि अमूर्त विषय हुन् । तिमी उसलाई आँखा चिम्लँदा अमूर्त चिन्तनको बादलमा भेट्छौ ।

**अमेरिका** - /अमेरिका/ (अङ्.) ना. १. उत्तरी अमेरिका र दक्षिणी अमेरिका, पश्चिमी गोलार्धमा फैलिएका दुई ठुला महाद्वीपमा बाँडिएको भूभाग । उत्तरी अमेरिका सात महादेशमध्येको एक हो । २. संयुक्त राज्य अमेरिका । ऊ डिभी परेर अमेरिका गयो ।

**अरू** - /अरु/ सर्व. अन्य, अर्को, आफूदेखि बाहेक, थप, परचक्री, पराई, बढता । हामीले अरूको सम्मान गर्न सिक्नुपर्छ । तिन ओटा पुस्तकमा यहाँ त दुई ओटा मात्र छन्, अरू एउटा खै ?

**अर्को** - /अर्को/ (बहु./ति. अर्का, स्त्री. अर्की) वि. अन्य, अरू, आर्को, कुनै, कोही, परचक्री पराई, बिरानो, बेग्लै, भएको भन्दा बाहेक । अर्को मान्छे पनि समयमा आफ्नो मान्छे हुन सक्छ । मलाई त्यो हैन अर्को चाहिँ देऊ ।

**अवधी** - /अबधि/ (सं.) [अवध+ई] ना. पश्चिम तराईतिर बोलिने एक भाषा वा त्यसको साहित्य । साहित्यकार भवानी भिक्षुको मातृभाषा अवधी हो ।

**असहिष्णु** -/असहिस्नु/ (सं.) [अ+सहिष्णु] वि. सहन नसक्ने, सहनशील, सहिष्णुता नभएको, *विप. सहिष्णु*। असहिष्णु व्यक्तिले समाजमा बेथिति जन्माउन सक्छन् ।

## आ

**आँच** - /आँच्/ना. १. आगाको राप, बलेको वस्तुको ताप । हावा चल्नाले भाँडामा आगाको आँच पुगेन । २. एक देशको अर्को देशमाथि पर्ने दबाब । मुलुकको राष्ट्रियतामा आँच आउने काम कसैले पनि गर्नुहुँदैन ।

**आकाङ्क्षा** - /आकाङ्छ्या/ (सं.) [आ+काङ्क्षा] ना. अभिलाषा, इच्छा, चाहना । उसले इन्जिनियर हुने आकाङ्क्षा राखेको छ । उसको नर्स बन्ने आकाङ्क्षा पुरा भयो ।

**आकाशवाणी**-/आकास्बाणि/ (सं.) [आकाश+वाणी] ना. १. देवताले आकाशबाट बोलेको बोली, देववाणी । कंशले देवकीको आठौँ सन्तानले तँलाई मार्छ भन्ने आकाशवाणी सुन्यो । २. रेडियोबाट आउने बोली, समाचार । आकाशवाणी पनि सञ्चारको एउटा साधन हो ।

**आखिर** -/आखिर्/ (फा.) क्रिवि. अन्त्यमा, परिणाममा, सबैभन्दा पछि, *विप. सुरुमा*। आखिर मान्छेको साथी मान्छे नै हुन्छ । आखिर एक दिन त सबैले यो संसार छाड्नैपर्छ ।

**आज** - /आज/ क्रिवि. अचेल, अद्य, अहिलेको दिन, बोल्दै गरेका वेलाको दिन, यो दिन, वर्तमान, हाल, *विप. भोलि, हिजो* । हामीले आजको काम आजै गर्नुपर्छ ।

**आज्ञार्थ** - /आग्ग्याँर्थ/ (सं.) [आज्ञा+अर्थ] ना. आज्ञा, आदेश र अनुरोध बुझाउने वाक्य, क्रियाको अर्थ/भावको एक प्रकार । अमृत गुरुले सामान्यार्थ वाक्यलाई आज्ञार्थमा बदल्न सिकाउनुभयो । (उदा. तँ घर जा । तिमी पुस्तक पढ ।)

**आधुनिक** - /आधुनिक्/ (सं.) [अधुना+इक] वि. १. अद्यतन, अहिलेको, वर्तमानको, *विप. पुरानो, प्राचीन* । उसले आधुनिक शैलीको घर बनाएको छ । २. नौलो, भरखर चल्तीमा आएको । युवायुवतीहरूले आधुनिक पहिरन मन पराउँछन् ।

**आफू** -/आफु/ सर्व. १. आफू नै, आफैँ, आफैँ नै, स्वयम् । आफू त लडाइँ झगडाबाट टाढै बसिन्छ । २. तपाईं, यहाँ, हजुर । आफूले खाना खाइबक्स्यो ?

**आफैँ** - /आफैँ/ क्रिवि. १. आफू नै, स्वयम् नै । म आफ्नो काम आफैँ गर्छु । २. तपाईं नै, यहाँ नै । म जान्नँ, आफैँ जानुहोस् ।

**आनीबानी** - /आनिबानि/ द्वि. [< बानी] ना. १. चालढाल, बानीबेहोरा । उसको बानीबेहोरा धेरै राम्रो छ । २. चरित्र, शीलस्वभाव । खराब सङ्गतले उसको आनीबानी बिग्रेको छ ।

**आबाज** -/आबाज्/ ना. खलबल, ध्वनि, बोली, वाणी, शब्द । राति लाटोकोसेरो कराएको आबाज टाढा टाढासम्म पुग्छ ।

**आमा** - /आमा/ना. आफूलाई जन्म दिने महिला, जननी, महतारी, माता, मुमा । आमाले छोराछोरीलाई धेरै माया गर्नुहुन्छ । आमाका लागि सबै सन्तान उत्तिकै प्रिय छन् ।

**आर्जन** - /आर्जन्/ (सं.) [अर्ज+अन] ना. आम्दानी; कुनै काम, पेसा तथा व्यवसायबाट हुने फाइदा; लाभ । स्नातक उत्तीर्ण विद्यार्थीले आय आर्जनको बाटो खोज्न थाल्नुपर्छ ।

**आश्रय** - /आस्स्रय/ (सं.) [आ+श्रय] ना. १. आधार, कुनै वस्तु वा व्यक्तिको आड, भर, सहारा । त्यो केटी धनी मानिसको आश्रयमा हुर्की ।

**आहा** - /आहा/ विबो. आश्चर्य, प्रशंसा, विस्मय, हर्ष आदि बुझाउन प्रयोग गरिने शब्द । आहा ! कति सुन्दर हिमाल !

## इ

**इँटा** -/इँटा/ ना. गिलो माटोलाई खास ढाँचाको साँचोमा ढाली भट्टामा पोलेर तयार पारिएको घर बनाउने सामग्री । आजकाल इँटाको घर बनाउने चलन छ । उसले घर बनाउँदा इँटाको गारो लगायो ।

**इच्छार्थ** - /इच्छार्थ/ (सं.) [इच्छा+अर्थ] ना. इच्छा, बिन्ती आदि भाव बुझाउने क्रिया वा वाक्य; क्रियाको अर्थ/भावको एक प्रकार । गुरुले सामान्यार्थ वाक्यलाई इच्छार्थमा बदल्न सिकाउनुभयो । (उदा. म घर जाऊँ । तिमी पाठ पढे ।)क

**इतिहास** - /इतिहास्/ (सं.) [इति+हास] ना. १. कुनै मुलुक, जाति, संस्था आदिको उत्पत्ति र विकासको कथा । आधुनिक नेपालको इतिहास पृथ्वीनारायण शाहदेखि आरम्भ हुन्छ । २. पुर्ख्यौली; बितेका घटनाहरूको वर्णन, अध्ययन वा तत्सम्बन्धी ग्रन्थ; वंशावली । उसले विद्यालयमा इतिहास विषय पढेको थियो ।

**इन्च** - /इन्च्/ (अङ्.) ना. एक फुटको बारौँ भाग वा त्यसको नापो । एक फुटमा बार इन्च हुन्छ । खाँबोको उचाइ ५ फिट ९ इन्च छ ।

**इसारा** - /इसारा/ (अ.) ना. नबोलीकन हाउभाउद्वारा गरिने सङ्केत, सान । उसको इसारा बुझ्न सकिएन । सम्झना गुरुआमाले मलाई इसाराले उता बोलाउनुभयो ।

## ई

**ईश्वर** - /इस्स्वर्/ (सं.) ना. अधिपति, परमात्मा, परमेश्वर, भगवान्, स्वामी । ईश्वरलाई सर्वशक्तिमान् मानिन्छ । ईश्वर मान्नेलाई आस्तिक भनिन्छ । शुद्ध मन भएका मानिसमा ईश्वरको वास हुन्छ ।

## उ

**उकाली** - /उकालि/ [उकालो+ई] ना. होचाबाट अग्लातिर गएको ठाडो ठाउँ, सानो उकालो, *विप. ओराली* । पहाडका उकाली ओरालीमा यात्रा गर्दा सारै मजा आउँदो रहेछ ।

**उच्च मा. वि.** - /उच्च माबि/ (सं.) ना. कक्षा ११ र १२ पढाइ हुने तह । (पुरा रूप : उच्च माध्यमिक विद्यालय) । उसले यसपालि भागीरथ उच्च मा.वि. शनिश्चरे मोरङबाट कक्षा १२ को परीक्षा दियो ।

**उच्चारण** - /**उच्चारण्**/[उच्चारन्] (सं.) [उत्+चारण] ना. अरूले सुन्ने गरी मुखबाट शब्द निकाल्ने प्रक्रिया, बोलाइ, बोली । उच्चारण शुद्ध भए पो लेखाइ पनि शुद्ध हुन्छ ।

**उच्छृङ्खल** - /उच्छ्रिङ्खल्/(सं.) [उत्+शृङ्खल] वि. उत्ताउलो, उद्दण्ड, मनपरी गर्ने, समाजको नियम वा मर्यादा वा अनुशासनमा नरहेको । त्यो केटी पनि निकै उच्छृङ्खल रहिछे ।

**उजाड** - /उजाड्/ ना. १. बालीको नाश, रुखबिरुवा उजाड्ने काम । खडेरीले सबै बालीनाली सखाप पाऱ्यो । २. उराठ, सुनसान, *विप. हराभरा* । यस्तो उजाड बस्तीमा कसले घडेरी किन्छ र ?

**उजुर** - /उजुर्/ (अ.) ना. आफूलाई परेको पिरमर्काबारे अख्तियारवालासँग गरिने निवेदन, न्यायको माग गरी दिइने उजुरी । सँधियारले जग्गा मिचेकाले उसले गा.वि.स.मा उजुर गऱ्यो ।

**उज्यालो** - /उज्ज्यालो/ (बहु./ति. उज्याला, स्त्री. उज्याली) वि. अँध्यारो नभएको, प्रकाशयुक्त, प्रसन्न, सफा, स्वच्छ, हँसिलो, *विप. अँध्यारो* । घामको उज्यालाले कोठा झलमल्ल भयो ।

**उज्ज्वल** - /उज्ज्वल्/ (सं.) [उत्+ज्वल] ना. चम्किलो, चहकिलो, टलकदार, निर्मल, निष्कलङ्क, सफा, स्वच्छ । सूर्यको किरण पर्दा हिमालहरू अझ उज्ज्वल देखिए ।

**उठ्नु** - /उठ्नु/ [उठ्+नु] अकि. उभिनु, खडा हुनु, ठाडो हुनु, *विप. बस्नु* । विद्‌यार्थीले बिहान सबेरै उठ्नुपर्छ । नेपालको विकास गर्न नेपालीहरू नै जुट्नुपर्छ ।

**उत्खनन** - /उत्खनन्/ (सं.) [उत्+खनन] ना. जमिनमुनि पुरिएका अवशेष खनेर निकाल्ने काम । जनकपुरमा उत्खनन गर्दा जनककालीन अवशेषहरू पाइएका छन् ।

**उत्तर** - /उत्तर् /(सं.) ना. १. समस्याको हल, सोधाइको जबाफ, *विप. प्रश्न, सोधाइ* । परीक्षामा सोधिएका प्रश्नहरूको उपयुक्त उत्तर दिनुपर्छ । प्रश्नको अर्थ बुझेर मात्र उत्तर लेख्नुपर्छ । २. दिशा विशेष । हाम्रो देशको उत्तरमा अग्ला हिमालहरू छन् । पूर्व, पश्चिम, उत्तर र दक्षिण गरी मुख्य चार दिशा छन् ।

**उत्ताउलो** - /उत्ताउलो/ [उत्+ताउलो] वि. (बहु./ति. उत्ताउला, स्त्री. उत्ताउली) अनुशासनहीन, छाडा, निर्लज्ज, बढ्ता फुर्तीफार्ती देखाउने, लाजसरम पचेको । 'उत्ताउलो कुकुर समसाँझै भुक्छ' (उखा.) । उसले ठुला मानिसका अगाडि उत्ताउलो व्यवहार देखायो ।

**उद्घोषण** - /उद्घोसण्/[उद्घोसन्] (सं.) [उत्+घोषण] ना. ठुलो स्वरले सबैलाई कुनै कुरा सुनाउने काम, सार्वजनिक घोषणा, सभा आदिमा उद्घोषकले गर्ने काम वा कार्यक्रमको सञ्चालन । उद्घोषकले बोलाएपछि उसले एउटा सुन्दर गजल प्रस्तुत गऱ्यो ।

**उद्देश्य** - /उद्देस्स्य/ (सं.) [उत्+देश्य] ना. कामका लागि लिने लक्ष्य वा ध्येय, कामप्रति प्रवृत्त हुने इच्छा वा चाहना । साँझ पर्ने वेलामा ऊ बजार जानुको उद्देश्य के थियो ?

**उद्योग** - /उद्द्योग्/ (सं.) [उत्+योग] ना. १. इलम, उद्यम, कुनै व्यवसाय, कुनै सामान उत्पादन गर्ने कारखाना । नेपालमा जडीबुटी उद्योगको सम्भावना छ । उद्योग नगर्ने मानिस जिउँदै मरे तुल्य हुन्छ ।

**उन** - /उन्/ सर्व. ऊ को तिर्यक् रूप, विभक्ति लाग्दा बनिने रूप जस्तै : उनको, उनलाई आदि । उनको कुरा सुन्दा मलाई उदेक लाग्छ । उनको मुहार हर्षले उज्यालो भएको थियो ।

**उनी** - /उनि/ सर्व. ऊ सर्वनामको मध्यम आदरार्थी रूप । उनी कक्षामा प्रथम हुन्छिन् । उनी सहनशील छन् ।

**उन्मूलन** - /उन्मुलन्/ (सं.) [उत्+मूलन] ना. निमिट्यान्न पार्ने काम, समूल विनाश । चन्द्रशमशेरका पालामा दास प्रथा उन्मूलन भएको हो ।

**उपन्यास** - /उपन्न्यास/ (सं.) [उप+न्यास] ना. खास सामाजिक परिवेश तथा चरित्रहरूको चित्रण भएको धेरै परिच्छेदमा विभाजित आख्यानात्मक गद्य रचना, साहित्यको एक विधा । 'एक चिहान' उपन्यासमा निम्न वर्गीय नेपालीको जीवन्त कथा समेटिएको छ ।

**उपाय** - /उपाय/ (सं.) ना. उद्योग, कुनै कठिन कामलाई सजिलोसँग गर्ने जुक्ति, प्रयत्न, युक्ति, *विप. निरुपाय* । मानिसले जतिसक्तो बढी बाँच्ने उपाय गर्नुपर्छ ।

**उर्दु** - /उर्दु/ (तु.) ना. फारसी लिपिमा लेखिने अरबी, फारसी शब्दहरूको प्रचुरता भएको भारत र पाकिस्तानमा प्रचलित एक भाषा । उर्दु र हिन्दी एक अर्कामा बुझिने भाषा हुन् ।

**उल्टो** - /उल्टो/ (बहु./ति. उल्टा, स्त्री. उल्टी) वि. कुनै कुराको विपरीत; बिब्ल्याँटो; सामान्य गुण, धारणा र स्वभावसँग नमिल्ने, *विप. सब्ल्याँटो, सुल्टो*। उसले टोपी उल्टो पाऱ्यो। आज उसले उल्टो स्विटर लगाएछ।

**उहाँ** – /उहाँ/ [ऊ+हाँ] सर्व. १. 'ऊ' को उच्च आदर जनाउने शब्द, *विप. यहाँ*। उहाँ मेरा गुरु हुनुहुन्छ। क्रिवि. २. त्यस ठाउँमा, त्यहाँ। भाइ उहाँ गएछ।

## ऊ

**ऊ** - /उ/ सर्व. (बहु. उन, उनीहरू; ति. उस) तृतीय पुरुषको एकवचन जनाउने शब्द। ऊ मेरो साथी हो। ऊ अरूभन्दा केही कुरामा कम छैन।

**ऊन** - /उन्/ ना. भेडा, च्याङ्ग्रा आदिको भुत्ला; रौँ। भेडाको ऊनबाट राडी बन्छ। ऊन चर्खामा कातिन्छ।

**ऊर्जा** - /उर्जा/ (सं.) ना. इन्धन र अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने शक्ति। विद्युत् ऊर्जाबाट रेल पनि सञ्चालन गर्न सकिन्छ।

## ऋ

**ऋण** - /रिन्/[रिण्] (सं.) ना. अरूसँग लिएको सापटी, कर्जा, रिन, *विप. धन, बचत*। ऋण खानेले तिर्न बिर्सनु हुँदैन। आजकल बचत तथा ऋण सहकारी संस्था खोल्ने काम निकै तीव्र रूपमा भएको पाइन्छ।

**ऋण मोचन** - /रिण्मोचन्/[रिन्मोचन्] (सं.) [ऋण+मोचन] ना. ऋणबाट मुक्त बनाउने काम। किसानहरूले गरेको ऋण मोचन कार्यक्रमले निकै सहानुभूति बटुल्यो।

**ऋतु** - /रितु/ (सं.) प्राकृतिक जलवायुलाई ध्यान दिई प्रत्येक दुई महिनामा फेरिने समयावधि (उदा. वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतु), वर्षभरिको मौसमको परिवर्तनलाई जनाउने समयको विभाजन। रुखमा पालुवा देखिनु ऋतु परिवर्तनको सङ्केत हो।

**ऋषि** - /रिसि/ (सं.) ना. तपस्वी, मुनि, वेद मन्त्र प्रकाश गर्ने व्यक्ति। पौराणिक कालमा ऋषिहरू नै गुरुका परिचायक थिए।

## ए

**ए** - /ए/ विबो. कसैलाई बोलाउँदा वा आश्चर्य, हर्ष, रिस व्यक्त गर्दा प्रयोग गरिने शब्द । ए नमिरा ! यता आऊ । ए, हो र ! ए ! बल्ल बुझेँ ।

**एक** - /एक्/ संवा. कुनै वस्तुको गणना गर्दा आउने पहिलो सङ्ख्या, १ को अङ्क । एक कान, दुई कान मैदान (उखा.) । वि. २. एउटा, *विप. अनेक* । उसले भिखारीलाई एक रुपियाँ दियो ।

**एकछिन** - /एक्छिन्/ [एक+छिन] क्रिवि. छोटो समय । उसले अर्जुन सरसँग एकछिन भेटेर गफ गरेछ ।

**एकाएक** : /एकाएक्/ [एक+आ+एक] क्रिवि. अकस्मात्, अचानक, अपर्झट, एक्कासि, थाहा नपाईकन । बहिनी एकाएक कता गायब भइछ ।

**एक्काइस**- /एक्काइस्/ [एक+बिस] संवा. बिसमा एक थप्दा हुने सङ्ख्या, २१ को अङ्क । मेरो दाइ एक्काइस वर्षको हुनुभयो ।

**एघार** - /एघार/ संवा. दसमा एक थप्दा हुने सङ्ख्या, ११ को अङ्क । बहिनी एघार वर्षकी भइन् । दस र बारका बिचमा एघार हुन्छ ।

## ऐ

**ऐतिहासिक** - /ऐतिहासिक्/ (सं.) [इतिहास+इक] वि. इतिहासको, इतिहासमा पाइने, इतिहाससँग सम्बन्धित, ज्यादै पुराना, प्राचीन, *विप. तात्कालिक* । 'बलिदान' ऐतिहासिक विषयवस्तुमा आधारित चलचित्र हो । सङ्ग्रहालयमा ऐतिहासिक सामग्रीहरू पाइन्छन् ।

**ऐना** - /अइना/ ना. अनुहार, शरीर आदि हेर्न बनाइएको अपारदर्शी सिसा; दर्पण । ऐना हेरेर समय बिताउनु हुँदैन । जीवन त यता हेऱ्यो ऐना, उता हेऱ्यो छैन जस्तो पो रहेछ । सानीले ऐना हेरी कपाल कोरिन् ।

## ओ

**ओजोन** - /ओजोन्/ (अङ्.) ना. सूर्यको खराब विकिरणबाट पृथ्वीको सतहलाई बचाउ गर्ने एक प्रकारको ग्यास, वायु मण्डलीय तह वा वायु मण्डलमा हुने हावाको सतह । क्लोरोफ्लोरो कार्बन ग्यासको प्रभावले ओजोनको मात्रा घट्दै गएको छ । ओजोन सूर्यका विषालु किरण रोक्ने वायु मण्डलको तह हो ।

**ओटा** - /ओटा/ कोक. (स्त्री ओटी) प्रायः मानवेतर प्राणीका सन्दर्भमा सङ्ख्यावाचक शब्दका साथमा आउने शब्द, वटा, *तुल. जना* । उसले ५ ओटा स्याउ खायो ।

**ओठ** - /ओठ्/ ना. खाने मुखको बाहिरपट्टि तलमाथि रहेको अङ्ग । उसको ओठ सानैमा काटिएकाले बोलेको बुझिँदैन । बहिनीले ओठमा लिपिस्टिक दलिन् ।

**ओडार** - /ओडार्/ ना. पाखा वा पखेरामा मानिस एवम् जीवजन्तु बस्न हुने खोपो वा भ्वाङ परेको प्राकृतिक ठाउँ, गुफा, कन्दरा । ढुङ्गे युगमा मानिसहरू ओडारमा बस्दथे ।

**ओराली** - /ओरालि/ [ओरालो+ई] ना. छोटो र सजिलो ओरालो, *विप. उकाली* । ओराली परेको बाटो छिटै हिँडियो ।

**ओसिलो** - /ओसिलो/ [ओस+इलो] वि. (बहु./ति. ओसिला) ओस लाग्ने, चिसो, सेपिलो, *विप. पहारिलो* । ओसिलो जग्गामा राम्रो उब्जनी भएन ।

## औ

**औजार** - /औजार्/ (अ.) ना. कामदारका लागि चाहिने उपकरण, ज्याबल, हतियार । औजार नभएकाले काठको काम रोकियो । हातमा औजार हुनेहरू औजार लिएर उठ ।

**औद्योगिक** - /औद्द्योगिक्/ (सं.) [उद्योग+इक] वि. उद्योगको, उद्योगधन्दासँग सम्बन्धित, उद्योगमा आधारित । औद्योगिक नगरी धरानमा सबैलाई स्वागत छ ।

**औधि** - /औधि/ क्रिवि. अत्यन्त, ज्यादै, झन् झन् बढी । त्यो केटी औधि बाठी छे । मलाई सानी माइजू औधि माया गर्नुहुन्छ ।

**औलो** - /औलो/ [औल+ओ] (ति. औला) ना. काम ज्वरो, मलेरिया, लामखुट्टेले टोकेपछि लाग्ने एक किसिमको रोग । ऊ औलो लागेर सिकिस्त बिरामी भएकी छे । चिराइतो पनि औलाको जडी औषधी हो ।

**औषधी** - /औसधि/ (सं.) ना. ओखती, जडीबुटी, दबाई, रोग निको पार्ने वस्तु, *विप. विष* । बिरामीले डाक्टरको सल्लाह लिएर मात्र औषधी खानुपर्छ । औषधी खाएपछि बिरामीलाई केही सन्चो भयो ।

## क

**कक्षा** - /कक्छया/कछ्या/ (सं.) [कक्ष+आ] ना. दर्जा, पठन पाठन हुने कोठा, वर्ग, श्रेणी, स्तर । उनी कक्षा ६ मा पढ्छिन् । हाम्रो कक्षामा १५० जना विद्यार्थी छन् ।

**कति** - /कति/ (सं.) सर्व. वस्तुको मात्रा वा सङ्ख्या थाहा पाउनका लागि सोद्धा प्रयोग गरिने शब्द । तिमीसँग कति पैसा छ ? उनी कति वर्षकी भइन् ?

**कथा** - /कथा/ (सं.) [कथ्+आ] ना. उपकथा, उपाख्यान, उपाख्यायिका, आख्यान, आख्यायिका, कहानी, किस्सा, कुथुङ्ग्री, नालीबेली, बेलिविस्तार, वृत्तान्त । 'मधुमालतीको कथा' सुनेर म दङ्ग परेँ । गुरुआमाले मुना र मदनको कथा सुनाउनुभयो ।

**कम्प्युटर** - /कम्प्युटर्/ (अङ्) ना. प्रविष्ट सूचनाहरूको सङ्कलन, भन्डारन, चयन, गणन, सम्पादन, प्रत्यावर्तन, विश्लेषण आदि जटिल कार्यहरू सुगम र छरितो रूपमा गर्न सक्ने एक प्रकारको विद्युतीय यन्त्र; सुसाङ्ख्य । कम्प्युटर किनेपछि इन्टरनेटको सुविधा पनि लिनुपर्ला । आजको युग कम्प्युटरको युग हो ।

**कराउनु**- /कराउनु/ [कराउ+नु] अकि. चर्को स्वर गर्नु, चिच्याउनु, ठुलो स्वरले बोल्नु, हल्ला गर्नु । हिजो पाखामा रातभरि स्याल करायो । जाँड खाएर जथाभावी कराउनु त उसको दिनचर्या नै भयो ।

**कर्णधार** - /कर्णधार्/ (सं.) [कर्ण+धार] वि. पार लगाउने क्षमता भएको, समस्याबाट मुक्ति दिन सक्षम । विद्यार्थीहरू नै देशका कर्णधार हुन् । भोलिको नेपालका कर्णधारहरूका लागि राज्यले आजैदेखि सोच्नुपर्छ ।

**कर्नाली** - /कर्नालि/ ना. नेपालको सबभन्दा लामो नदी । कोसी, गन्डकी र कर्नाली नेपालका तिन ठुला नदी हुन् ।

**कल्याण** - /कल्ल्याण्/ (सं.) ना. भलाइ, मङ्गल, हित । ईश्वरले सबैको कल्याण गरून् । ऊ सबैको कल्याण हुने मात्र काम गर्छ ।

**कविता** - /कबिता/ (सं.) [कवि+ता] ना. कविको रचना, कविले रचेको लयबद्ध वा मुक्तक रचना, काव्य । 'सहिदहरूको सम्झनामा' भूपी शेरचनको एउटा उत्कृष्ट कविता हो । रमणीय अर्थ प्रदान गर्ने शब्द नै वास्तवमा कविता हो ।

**कष्ट** - /कस्ट/ (सं.) [कष्+त] ना. दर्द, दुःख, शारीरिक तथा मानसिक पीडा । ओरालो झर्दा मलाई निकै कष्ट हुन्छ । नेपालीका कष्टका दिन कहिले सकिन्छ होला ?

**कसरी** - /कसरि/ [कस (को)+अरी] क्रिवि. कसो गरेर, कुन तरिकाले, के गरेर । मुलुकलाई असफल बन्नबाट कसरी बचाउने ? कसरी नेपालीमा एकताको भावना जगाऔँ ?

**कहाँ** - /कहाँ/ [को+हाँ] क्रिवि. कता, कतातिर, कुन ठाउँमा, ठाउँका बारेमा सोध्ने शब्द । आज कहाँ खाना खाने ? ऊ कहाँ कहाँ घुमेर आएछ ?

**कहानी** - /कहानि/ (सं.) [कह+आनी] ना. आख्यान भएको रचना, कथा, किस्सा, लामो कुरा । तिमी आफ्नो जीवन कहानी सुनाऊ न ।

**कहीँ** - /कहिँ/ [कहाँ+ई] क्रिवि. कतै, कुनै ठाउँमा । मेरा सामानहरू कहीँ भेटिएनन्, सबैतिर खोजेँ ।

**काँध** - /काँध्/ ना. कुम; गर्धन र पाखुराका जोर्नीको भाग । ठुलाबा, काँधमा घारो बोकेर कता लाग्नुभएको नि ?

**काठमाडौँ** - /काठ्माडौँ/ ना. कान्तिपुर, नेपालको राजधानी । नेपालको सबभन्दा ठुलो सहर काठमाडौँ हो । काठमाडौँ नेपालको राजधानी हो । काठमाडौँ सहर दिनानुदिन प्रदूषित हुँदै गएको छ ।

**कात्तिक** - /कात्तिक्/ ना. असोजपछि आउने महिना, सातौँ नेपाली महिना । तिहार चाड प्रायजसो कात्तिक महिनामा पर्दछ । असोज र कात्तिक महिना शरद् ऋतुमा पर्दछन् ।

**कानुन** - /कानुन्/ (अ.) ना. राज्य व्यवस्थालाई सुचारु रूपमा सञ्चालन गर्ने वा समाजमा न्यायिक व्यवस्था कायम गर्नका लागि बनाइएको ऐन, नियम वा नियमावली । कानुनका आँखामा सबै बराबर हुन्छन् । देशको मूल कानुनलाई संविधान भनिन्छ ।

**कार्यक्रम** - /कार्यक्रम्/ (सं.) [कार्य+क्रम] ना. कार्यसूची वा कार्यतालिका; विशेष गतिविधि, समारोह, उत्सव आदि सञ्चालन गर्नका लागि निर्धारित प्रक्रिया वा त्यसको क्रमबद्ध योजना । त्यस समारोहको कार्यक्रम पहिले नै प्रकाशित थियो । उनले आजको कार्यक्रम रोचक तरिकाले सञ्चालन गरिन् ।

**कि** - /कि/ संयो. यो वा त्यो भन्ने अर्थमा प्रयोग हुने शब्द । तिमी पढ्छौ कि खेल्छौ ? तँ ममचा कि थुक्पा खान्छेस् ?

**किंवदन्ती** - /किम्बदन्ति/(सं.) [किम्+वदन्ती] ना. जनश्रुति, लोककथन, समाजमा पहिलेदेखि नै भनिँदै आएको कथन । किंवदन्तीअनुसार जनकपुरमा राजा जनकको दरबार थियो ।

**किताब** - /किताब्/ (अ.) ना. कागजमा लेखिएको पानैपाना भएको पाठ्य सामग्री, किताप, ग्रन्थ, पुस्तक । किताब ज्ञानको भण्डार हो । किताबको जतन गर्नुपर्छ । पुरानो कोट लगाऊ, नयाँ किताब किन ।

**किरण** - /किरण्/ (सं.) ना. ज्योति; सूर्य, चन्द्रमा आदिमा देखिने चम्किलो रेखा वा त्यसको प्रकाश । सूर्यको किरणले हिमालहरू चम्किए ।

**किरात** - /किरात्/(सं.) ना. पूर्वी नेपालको पहाडी क्षेत्रमा बसोवास गर्ने एक जाति, राईलिम्बु, राईलिम्बुहरू बस्ने पुरानो थलो । प्राचीन कालमा पूर्वी पहाडमा किरातहरूको बसोवास थियो ।

**किसान** -/किसान्/ ना. कृषक, खेतीपातीको काम गरी जीविका गर्ने व्यक्ति, खेतीवाल । किसानले अन्न फलाउँछन् । किसानहरू माटामा पसिना पोख्छन् ।

**कीटनाशक** - /किट्नासक्/ (सं.) [कीट+नाशक] वि. किरा मार्ने, बोटबिरुवामा नोक्सान पुऱ्याउने किरालाई नाश गर्ने । करेसाबारीमा कीटनाशक औषधी छरियो ।

**कीर्ति** - /किर्ति/ (सं.) [कृत्+ति] ना. असल कर्मबाट फैलने सुनाम, ख्याति, प्रसिद्धि, यश । घाँसीले कुवा खनाई आफ्नो कीर्ति राखे । हामीले आफ्नो कीर्ति फैलने किसिमका कामहरू गर्नुपर्छ ।

**कुँडो** - /कुँडो/ (ति. कुँडा) ना. खोले, गाईवस्तुलाई दिइने अन्नको भुस, पिठो आदिको खानेकुरा । दुहुनो गाईलाई कुँडो दिइयो । उसको दिन गाईभैँसीलाई कुँडो पराल दिँदै बित्छ ।

**कुन्नि** - /कुन्नि/ नि. कोनि, थाहा नभएको वा शङ्का रहेको अभिप्राय जनाउन प्रयोग हुने शब्द, सोधेको कुरा थाहा छैन भन्ने भाव ।  कुन्नि किन हो, आज नमिरा स्कुल गइन ।

**कुपोषण** - /कुपोसण्/[कुपोसन्] (सं.) [कु+पोषण] ना. शरीरलाई हानि गर्ने खानेकुरा, खाद्य वस्तुमा पोषण तत्त्वको कमी । त्यो केटी कुपोषणको सिकार भएकी छे ।

**कुरो** - /कुरो/ ना. १. लुगामा बिझ्ने अथवा टाँसिने घाँसको भुस । मेरो कमिजभरि कुरो टाँसिएछ । २. कुनै विषयमा कसैलाई भन्ने काम, बचन, बात, बोली । मान्छेले चाहिँदो कुरो मात्र गर्नुपर्छ ।

**कृतित्व** - /कितित्त्व/ (सं.) [कृति+त्व] ना. कृतिमा रहेको गुण वा विशिष्टता । कृतित्वले नै महाकवि देवकोटा अमर हुनुहुन्छ ।

**कृषि** - /किसि/ (सं.) [कृष्+इ] ना. खनजोत गरी बालीनाली लगाउने कार्य, खेतबारीको काम, खेतीकिसानी । नेपाल कृषिप्रधान देश हो । नेपालका अधिकांश जनता कृषिमा निर्भर छन् ।

**के** - /के/ सर्व. कुनै वस्तुका बारेमा जानकारी लिन प्रयोग गरिने शब्द । ए भाइ, तिम्रो नाम के हो ? ऊ के खाजा खान्छ ?

**को** - /को/ सर्व. व्यक्तिको परिचय सोध्न प्रयोग हुने प्रश्नार्थक शब्द । तिमी को हौ ? तिमीसँग आएका व्यक्ति को हुन् ?

**क्यान्सर** - /क्यान्सर्/ (अङ्.) ना. अर्बुद, शरीरका कोषिकाको असामान्य विधि आदिबाट हुने गम्भीर रोग । क्यान्सर रोगका कारण उसकी काकीको देहान्त भयो ।

**क्यारे** - /क्यारे/ निपा. अनिश्चितता अथवा संशय बुझाउन वाक्य वा पछाडि प्रयोग हुने अव्यय । आज पानी पर्छ क्यारे । निक्कै हल्ली खल्ली छ केही त भयो क्यारे ।

**क्रमशः** - /क्रमस/ (सं.) [क्रम+शः] क्रिवि. क्रमले, क्रमैसँग, सिलसिलाबद्ध ढङ्गले । बाटामा उनीहरू क्रमशः अगाडि बढे ।

**क्रियापद** - /क्रियापद्/(सं.) [क्रिया+पद] ना. वाक्यमा क्रियाको कार्य जनाउने पद, वाक्यलाई पुरा गर्न आउने समापिका क्रियापद वा त्यसको वर्ग । क्रियापदले वाक्यलाई टुङ्ग्याउँछ । 'ऊ किताब पढ्छ' भन्ने वाक्यमा आएको 'पढ्छ' शब्द क्रियापद हो ।

**क्षति** - /छ्यति/(सं.) [क्ष+ति] ना. घाटा, नोक्सानी, हानि । बाढीले बालीनालीको क्षति भयो । भूकम्पका कारण धरानमा धेरै धनजनको क्षति भयो ।

**क्षमता** - /छ्यमता/ (सं.) [क्षम+ता] ना. कुनै काम गर्न सक्ने योग्यता, तागत, शक्ति, सामर्थ्य, *विप. अक्षमता* । ऊ आफ्नो क्षमताअनुसारको काम गर्छ । अरूको राम्रो क्षमताको कदर गर्नुपर्छ ।

**क्षय** - /छ्यय/ (सं.) [क्ष+अ] ना. खिइने काम, घट्ने काम, नाश, विनाश, ह्रास, *विप. अक्षय* । अरूको कुभलो चिताउँदा आफ्नो शक्ति क्षय हुन्छ ।

**क्षेत्रफल** - /छेत्रफल्/ (सं.) [क्षेत्र+फल] ना. जमिन वा घरको लमाइ र चौडाइको गुणन गर्दा आउने परिमाण वा त्यसको नापो । मेरो घरको क्षेत्रफल ८०० वर्ग फिट छ ।

## ख

**खडेरी** - /खडेरि/ [खण्ड+एरी] ना. अनावृष्टि, वर्षा याममा पानी नपर्नाले हुने सुक्खा अवस्था । खडेरी परेकाले यसपालि रोपाइँ हुन सकेन ।

**खण्डन** - /खन्डन्/ (सं.) [खण्ड+अन] ना. अर्काको विचारको आलोचना, कुरा काट्ने काम, प्रतिवाद, *विप. मण्डन* । वादविवादमा वक्ताले विपक्षीका मतको खण्डन गर्नुपर्छ ।

**खरीबोट** - /खरिबोट्/[खरी+बोट] ना. गाईवस्तुलाई घाँस खुवाइने एक प्रकारको रुख । उसले खरीबोटको रुखबाट सेउला झारेर ल्यायो ।

**खातिर** - /खातिर्/ (अ.) नायो. १. निमित्त, निम्ति, लागि । देशका खातिर म जीवनको बलिदान गर्न पनि तयार छु । ना. २. मानमनितो, सम्मान । उसका घरमा पाहुनालाई सारै खातिर गर्छन् । ना. ३. कसैलाई हेर्ने वा भेट्ने तीव्र चाहना । मलाई आमा भेट्ने ठुलो खातिर छ ।

**खाद्य** - /खाद्द्य/ (सं.) [खाद्+य] ना. खाइने चिजबिज, खान योग्य, *विप. अखाद्य* । अन्न, फलफुल, सागसब्जी आदि खाद्य वस्तुहरू हुन् ।

**खाम** - /खाम्/ ना. कागजपत्र आदि राख्ने सानो वा मझौलो थैलो, लिफाफा । चिठी खाममा हालेर मात्र पठाउनुपर्छ ।

**खुब**- /खुब्/ (फा.) क्रिवि. झन्, धेरै, पगितो, प्रशस्त, बहुत । ऊ अक्षर लेख्न खुब सिपालु छ । यो सुन्तला खुब मिठो छ ।

**खुसुक्क** - /खुसुक्क/ (अमू.) क्रिवि. अरूले थाहा नपाई कुनै काम गर्दाको किसिम, लुसुक्क, सुटुक्क । उसले भाइलाई बिस्कुट खुसुक्क दियो । उसले आफ्नी बहिनीलाई खुसुक्क घर पठाएछ ।

**खेत** - /खेत्/ ना. धानबाली लगाउन गरागरा बनाइएको जग्गा । खेतमा धान बाली लगाइन्छ । मलिलो खेतमा धेरै धान फल्छ ।

**खैँजडी** - /खैँजडि/ ना. कीर्तन, भजन आदिमा बजाइने एक प्रकारको बाजा । बालुन गाउँदा बुबाले खैँजडी बजाउनुभयो ।

**खोँच** - /खोँच्/ ना. कोप्चो परेको जमिन, खोच, दुई पहाडका बिचको साँघुरो ठाउँ, दुन । उनको माइती पहाडको खोँचमा छ ।

**खोज** - /खोज्/ [खोज्+अ] ना. अनुसन्धान, आविष्कार, खोज्ने काम । जनकपुरमा जनककालीन सभ्यताको खोज हुँदै छ ।

**खोलानाला** - /खोलानाला/ [खोला+नाला] ना. खोलाखोली, खोला र नाला, नदीनाला, सानातिना खोल्सा । नेपालमा धेरै खोलानालाहरू छन् । बर्खामास ससाना खोलानाला तर्न पनि निकै कठिन हुन्छ ।

**ख्याउटे** - /ख्याउटे/ [ख्याउटो+ए] वि. खबटो खालको, दुब्लो, मासु नभरिएको । तिमी टन्न खाना खाँदैनौ कि क्या हो, निकै ख्याउटे देखिन्छौ । ऊ सानैदेखि ख्याउटे हो ।

# ग

**गङ्गा** - /गङ्गा/ (सं.) ना. उत्तर भारतबाट बग्दै बङ्गालको खाडीमा आई समुद्रमा मिसिने एक प्रसिद्ध नदी, हिन्दुहरूको पवित्र नदी । गङ्गामा स्नान गर्दा हिन्दुहरू पवित्र भएको महसुस गर्छन् । वागमती नदीलाई नेपालको गङ्गा नै मानिन्छ ।

**गजुर** - /गजुर्/ (फा.) ना. मन्दिरका छानाका टुप्पामा राखिएको धातु वा अन्य वस्तुको कलश, मन्दिरको शिखर भाग । पशुपतिनाथको मन्दिरको गजुर निकै आकर्षक छ ।

**गतिशीलता** - /गतिसिल्ता/ (सं.) [गति+शीलता] ना. गतिशील हुने अवस्था, *विप. स्थिरता ।* समाजसुधारमा पहिलेको भन्दा गतिशीलता बढेको छ ।

**गम्भीर** - /गम्भिर्/ (सं.) ना. गहन, जटिल, धीर, विचारका दृष्टिले गहिरो, शान्त । आज यहाँ गम्भीर विषयमा छलफल हुँदै छ । लागु पदार्थ दुर्व्यसन अहिलेको गम्भीर समस्या हो ।

**गरिमा** - /गरिमा/ (सं.) [गुरु+इमा] ना. गहकिलोपन, गुरुता, गुरुत्व, गौरव, महत्त्व, महिमा । कलाकारले देशको गरिमा बढाउने काम गरेका हुन्छन् ।

**गर्मी** - /गर्मि/ (फा.) [गरम+ई] ना. उष्णता, गरम, तातोपन, *विप. जाडो* । वैशाख जेठ महिनामा निकै गर्मी हुन्छ ।

**गहन** - /गहन्/ (सं.) वि. गम्भीर, गहिरो, बाक्लो, सघन । संविधान लेख्ने काम निकै गहन कार्य हो ।

**गाउँघर** - /गाउँघर्/ [गाउँ+घर] ना. गाउँ भएको ठाउँ, गाउँ भएको बस्ती, छरछिमेक, *विप. सहरबजार* । गाउँघरमा एक आपसमा सहयोगको भावना हुन्छ ।

**गाथा** - /गाथा/ ना. कसैको स्तुतिगान, गीतिकथा, लोकगीतको भाकामा भनिने गाथा । पृथ्वीनारायण शाहकालीन कविका कविताहरूमा वीरगाथालाई मुख्य विषय बनाइएको पाइन्छ ।

**गालीगलौज** - /गालिगलौज्/ द्वि. [< गाली] ना. एकले अर्कालाई गाली गर्ने काम, बाझाबाझ, भनाभन । मदन र हरिबिच निकैबेर गालीगलौज चल्यो ।

**गीत** - /गित्/ (सं.) ना. गान, गाना, लय हालेर गाउन मिल्ने रचना । उनले मिठो गीत सुनाइन् । कुमार बस्नेतले मिठा मिठा लोक गीतहरू गाएका छन् ।

**गुजारा** - /गुजारा/ [गुजार्+आ] ना. जीविका, पेटपालो गर्ने काम । एउटा किराना पसलको कमाइले ६ जनाको गुजारा चलाउन मुस्किल छ ।

**गुण** - /गुण्/ (सं.) ना. कुनै व्यक्ति वा वस्तुमा हुने विशेषता, निजीपन, *विप. अवगुण* । चिसो हुनु बरफको गुण हो ।

**गुन्द्री** - /गुन्द्रि/ ना. बाबियो, पराल आदिबाट बुनिएको सुकुल । बुबा बरन्डामा सुकुल ओछ्याएर सुत्नुभयो ।

**गुरु** - /गुरु/ (सं.) ना. १. अध्यापक, पढाउने व्यक्ति, शिक्षक, *विप. शिष्य* । सोम गुरुले नेपाली विषय रोचक शैलीमा पढाउनुहुन्छ । २. दीक्षा दिने वा मन्त्र सुनाउने व्यक्ति । गुरुले हामीलाई गायत्री मन्त्र सुनाउनुभयो । ३. गुरुजी, चालक, ड्राइभर । गुरु, ढिला भइसक्यो, अब गाडी कुदाउनुहोस् । वि. ४. गम्भीर, गहकिलो, गहन । कुनै काम गुरु योजना बनाएर गर्दा राम्ररी सम्पन्न हुन्छ ।

**गोबर** - /गोबर्/ ना. गाईवस्तुको मल, दिसा वा विष्टा । गाईले बाटामै गोबर थुपारेछ । खेतमा गोबर मल लगाए माटो उर्वर हुन्छ ।

**गोब्र्याउनु** - /गोब्ब्र्याउनु/ नाधा. [गोबर+ याउ+(नु)] सकि. गाईवस्तुले बिस्ट्याउनु, हग्नु । भैँसीले त आँगनमा गोब्र्याएछ ।

**ग्रन्थचित्र** - /ग्रन्थचित्त्र/ (सं.) [ग्रन्थ+चित्र] ना. चित्रहरूको ग्रन्थ, पुस्तक वा ग्रन्थमा बनाइएका चित्र । ग्रन्थचित्र परम्परागत नेपाली चित्रको एउटा नमुना हो ।

## घ

**घटना** - /घटना/ (सं.) [घटन+आ] ना. अकस्मात् भएको कुनै गतिविधि, काण्ड, पर्व, विशेष गतिविध । हिजो स्कुलमा नराम्रो घटना घट्यो ।

**घट्ट** - /घट्ट/ ना. अग्लो ठाउँबाट छोडिएको पानीको वेगले काठको पङ्खा घुमाएर पिठो पिस्ने जाँतो जस्तो घरेलु यन्त्र । उसले घट्टमा मकै पिँध्यो ।

**घना** - /घना/ (सं.) वि. खँदिलो, छेलोखेलो, प्रशस्त, बाक्लो, सघन । नगर क्षेत्रमा बस्ती घना हुन्छ । नेपालका घना जङ्गल मासिँदै गएका छन् ।

**घन्टी** - /घन्टि/ (सं.) [घन्ट+ई] ना. टिन्न आबाजको सङ्केत दिने साधन, सानो घन्ट । पाले दाइले टिफिनको घन्टी बजाउनुभयो ।

**घमन्डी** - /घमन्डि/ (सं.) [घमन्ड+ई] वि. अहङ्कारी, घमन्ड गर्ने । घमन्डी व्यक्तिसँग व्यवहार चलाउन गाह्रो हुन्छ ।

**घरायसी** - /घरायसि/ (सं.) [घरायस+ई] वि. घरको, घरव्यवहारसम्बन्धी । घरायसी कामका कारण आज कृष्ण अफिस गएन ।

**घाँस** - /घाँस्/ ना. गाईवस्तुले खाने झारपात, हरियोपरियो । भाइले एक डोको घाँस काटेर ल्यायो ।

**घाउ** - /घाउ/ ना. शरीरको कुनै भाग कतै ठोकिँदा वा हात हतियारले काट्ता लाग्ने चोट । घाउमा औषधी लगाउनुपर्छ । घाउ कोट्याइरहनु हुँदैन ।

**घाम** - /घाम्/ ना. १. भानु, भाष्कर, रवि, सूर्य । आज घाम झुल्केकै छैन । २. घामको ताप, धुप । यस्तो प्रचण्ड घाममा उनी कता हिँड्या हुन् ?

**घिन** - /घिन्/ ना. घृणा, फोहोर वस्तु देख्ता वा छुँदा मनमा उब्जने भाव । काठमाडौँमा फोहोरको डङ्गुर देख्दा मलाई सारै घिन लाग्यो ।

**घुर्रो** - /घुर्रो/ [घुर्र+ओ] ना. मही पार्दा मदानीको काठ अड्याउने चक्का । मही पार्न थालेको त घुर्रो नै कता पुग्यो ।

**घृणा** - /घ्रिणा/ (सं.) ना. अनुचित गतिविधिप्रति वितृष्णा, घिन । ममा रमेशको नीच व्यवहार देखेर घृणा जाग्यो ।

**घोरल** - /घोरल्/ ना. ठुला खालको बाखो जस्तो एक जातको टाटेपाटे मृग । पहाडी वनमा घोरलहरू प्रशस्तै पाइन्छन् ।

**घोषणा** - /घोसणा/ (सं.) [घोषण+आ] ना. उद्घोषण, ठुलो आबाजमा कुनै कुरा वा निर्णय सुनाउने काम । शनिश्चरे गा.वि.स.लाई खुला दिसामुक्त घोषणा गरियो ।

## ङ

**ङ –** देवनागरी लिपिको पाँचौं व्यञ्जन वर्ण । ङ पढ ।

**ङङ्रङ्ङ** - /ङङ्रङ्ङ/ (अमू.) क्रिवि. लडाइको किसिम । हेर्दाहेर्दै ऊ ओडारछेउमै ङङ्रङ्ङ लडी ।

**ङिच्च** - /ङिच्च/ (अमू.) क्रिवि. १. दाँत देखाएर हाँस्ने काम । ऊ सम्झना गुरुआमालाई देखेर ङिच्च हाँसी । वि. २. जिल्ल, निराश, वाल्ल, हिस्स । भने जति रिन नपाएपछि ऊ ङिच्च पर्‍यो ।

## च

**चम्किलो** - /चम्किलो/ [चमक+इलो] वि. (बहु./ति. चम्किला) चमकदार, चमक भएको, टलकदार । माछापुच्छ्रे हिमाल निकै चम्किलो देखिन्छ ।

**चरा चुरुङ्गी** - /चरा चुरुङ्गि/ द्वि. [< चरो] ना. पक्षी, पन्छी, पन्छीहरूको समूह । वनमा चरा चुरुङ्गीको आबाज सुन्न पाइन छाड्यो ।

**चर्को** - /चर्को/ वि. (ति. चर्का) कडा, खरो, तेज, *विप. खल्लो* । तरकारीमा नुन चर्को भएछ । चुनावका वेला नेताहरू चर्को भाषण गर्छन् ।

**चाँडो** - /चाँडो/ क्रिवि. छिटो, झटपट, तुरुन्त । ऊ स्कुलबाट चाँडो आयो । वि. २. गतिशील, छिटो चल्ने, विप. ढिलो । मेरो घडी १० मिनेट चाँडो छ ।

**चाउचाउ** - /चाउचाउ/ (चि.) ना. चिनियाँ परिकार (चाउमिन), मैदाबाट बन्ने त्यान्द्रादार एक प्रकारको खानेकुरा । केटाकेटी चाउचाउको खाजा मन पराउँछन् । ऊ भातको साटो पनि चाउचाउ खान्छे ।

**चालबाजी** - /चाल्बाजि/ (फा.) [चालबाज+ई] ना. चालबाजको काम, छलकपट । अनेक चालबाजी गरेर भए पनि भारतले विश्वकप क्रिकेट जित्यो ।

**चाहिँ** - /चाहिँ/ निपा. धेरै वस्तुमध्ये छनोट गर्दा वा कुनै एकलाई जोड दिँदा प्रयोग हुने शब्द । तिमी कुन चाहिँ पुस्तक पढ्छौ ? ऊ चाहिँ किन त्यसरी मस्केकी नि ?

**चिठी** - /चिठि/ (अङ्.) ना. दरखास्त, निवेदन, सन्चो बिसन्चो जनाएर टाढा बसेको साथी वा आफन्तलाई लेखेर पठाइने पत्र । हामी साथीलाई चिठी लेख्छौँ । मैले विदेश गएका मामालाई मोबाइल ल्याइदिन भन्दै चिठी पठाएँ ।

**चिजबिज** - /चिज्बिज्/ [चिज+बिज] ना. कुनै वस्तु, जिनिस, थोक, पदार्थ, माल । चामल खान प्रयोग गरिने चिजबिज हो । चाडबाड आयो, धेरै चिजबिज किन्नु छ ।

**चिन्तित** - /चिन्तित्/ (सं.) [चिन्त+इत] वि. चिन्ता लागेको, पिर परेको । पढ्न नपाएकाले ऊ चिन्तित देखिन्छ ।

**चिमाली** - /चिमालि/ [चिमाल+ई] ना. सेतो फुल फुल्ने एक प्रकारको गुराँस । चिमाली र लालीगुराँसका फुल टिप्दै वसन्तपुर पुगेको हामीलाई पत्तै भएन ।

**चिरबिर** - /चिर्बिर्/ (अमू.) द्वि. [< चिर] ना. चिरचिर, ससाना चराको आबाज । चराको चिरबिर आबाजले नानी बिउँझियो ।

**चिरस्मरणीय** - /चिर्स्मरणिय/ (सं.) [चिर+स्मरणीय] वि. धेरै कालसम्म सम्झना गरिने, धेरै पछिसम्म स्मरण हुने । नेपाली साहित्यमा महाकवि देवकोटाले पुऱ्याएको योगदान चिरस्मरणीय छ ।

**चिह्न** - /चिन्न/ (सं.) ना. १. कुनै वस्तुलाई चिन्ने गुण, लक्षण, विशेषता । उसलाई ठम्याउने चिह्न के छ ? २. निसाना, हुलिया । संविधानसभाको निर्वाचनमा जनता दलको चुनाव चिह्न मादल थियो ।

**चीन** - /चिन्/ (सं.) ना. नेपालको उत्तरतिर रहेको छिमेकी देश । हाम्रो देशको उत्तरी सिमाना चीनसँग जोडिएको छ ।

**चुँडाएर** - /चुँडाएर/ क्रिवि. चुँडाउने काम गरेर । चङ्गाको धागो चुँडाएर त्यो केटो कता भाग्यो ?

**चुक्ली** - /चुक्लि/ (फा.) ना. छुल्याइँ, पोल, बढाइचढाइ गरेर अर्काको कुरा सुनाउने काम । उनको चुक्लीले गर्दा पल्लो घरमा महाभारत नै चल्यो ।

**चैत्य** - /चैत्त्य/ (सं.) ना. ढुङ्गा, माटो आदि राखी सतहभन्दा अग्लो पारेर बनाइएको बौद्धहरूको देवालय; विहार । बौद्ध धर्मावलम्बीहरू चैत्यमा गएर बुद्धको सम्झना गर्छन् ।

**चोट** - /चोट्/ ना. १. शरीरमा हतियार वा अन्य कुनै साधनले लागेको घाउ । ढोकामा ठोकिएर उसलाई टाउकामा चोट लाग्यो । २. आघात, प्रहार, मार । उसले एक चोटमा खसी छिनायो ।

## छ

**छ** - /छ/ संवा. १. गन्ती गर्दा पाँचपछि आउने सङ्ख्या, ६ को अङ्क । ऊ एस.एल.सी. परीक्षामा छ विषयमा अनुत्तीर्ण भयो । अकि. २. (भूत : थियो) वर्तमान कालमा स्थिति वा अस्तित्व अर्थ जनाउने योजक क्रिया, *विप. छैन* । झोलामा किताब छ ।

**छर्नु** - /छर्नु/ [छर्+नु] सकि. १. पोख्नु, यताउति झार्नु । बहिनीले भातका सिता आँगनभरि छरी । २. अन्नका गेडा उमार्न खेतबारीमा रोप्नु । ऊ खेतबारीमा सागको बिउ छर्दै छ ।

**छाती** - /छाति/ ना. गलामुनि दुई पाखुराका बिचमा पर्ने शरीरको अगिल्तिरको कडा अङ्ग, वक्षस्थल । शत्रुले हानेको गोली उसको छातीमा लाग्यो ।

**छाया** - /छाया/ (सं.) ना. १. कुनै वस्तु, व्यक्ति आदिले सूर्य, बत्ती आदिको प्रकाश छेकिँदा पर्ने ओझेल । त्यहाँ घरको छाया परेको छ । २. छहारी, सियाँल, *विप. घाम* । गर्मी भएकाले ऊ एकछिन रुखको छायामा सुस्तायो ।

**छावा** - /छावा/ ना. हात्तीका बच्चा । हात्तीहरू आफ्ना छावाका साथ पाताल गङ्गातिर लागे ।

**छुट्टी** - /छुट्टि/ (सं.) [छुट+ई] ना. अवकाश, आफ्नो दैनिक काममा हाजिर हुनु नपर्ने दिन, फुर्सद, बिदा, मुक्ति, *विप. व्यस्त* । आज शनिवारको छुट्टी छ । छुट्टीका दिन कार्यालय पनि बिदा हुन्छन् ।

**छेउ** - /छेउ/ ना. किनार; कुनै जमिन, जग्गा वा वस्तुको वरतिर वा परतिरको अन्तिम भाग, बिट, *विप. बिच* । बाटाका दुबै छेउमा बिरुवाहरू रोप्नुपर्छ ।

# ज

**जङ्गल** - /जङ्गल्/ ना. बाक्ला रुखबिरुवाहरू भएको ठाउँ, वन । यो जङ्गलमा प्रशस्त जङ्गली जनावरहरू पाइन्छन् । उनीहरू जङ्गलको बाटो हुँदै ल्हासा गए ।

**जनता** - /जन्ता/ (सं.) [जन+ता] ना. कुनै देशका बासिन्दा, जनसमूह । जनता नै राष्ट्रका सर्वोच्च शक्ति हुन् । जनताको स्तर उकास्न राज्यले विभिन्न कार्यक्रमहरू ल्याउनुपर्छ ।

**जनशक्ति** - /जनसक्ति/ (सं.) [जन+शक्ति] ना. मानवशक्ति, मानव संसाधन । दक्ष जनशक्ति उत्पादन गर्न शिक्षाको ठुलो भूमिका हुन्छ ।

**जनश्रम** - /जनस्रम/ (सं.) [जन+श्रम] ना. देश विकासमा जनताले गर्ने श्रम । जनश्रमविना देशको विकास हुँदैन ।

**जनसङ्ख्या** - /जनसङ्ख्या/ (सं.) [जन+सङ्ख्या] ना. कुनै निश्चित भूभागमा बस्ने मानिसहरूको सङ्ख्या । २०६८ को जनगणनाअनुसार पुरुषको भन्दा महिलाकै जनसङ्ख्या बढी छ ।

**जन्म** - /जन्म/ (सं.) ना. निश्चित समय भएपछि आमाको कोखबाट बच्चा निस्कने क्रिया, *विप. मृत्यु* । देवकीले आठौँ सन्तानका रूपमा कृष्णलाई जन्म दिइन् । उसको जन्म नेकोन हवाईजहाजमा भएको हो ।

**जब** - /जब/ संयो./ क्रिवि. जहिले, जुन वेला, जुन समयमा । जब वसन्त आउँछ, तब हरियाली छाउँछ ।

**जमिनदार** - /जमिन्दार्/ (फा.) [जमिन+दार] ना. जिम्मुवाल, धेरै जमिनको मालिक, भूमिपति, *विप. सुकुमवासी* । पञ्चायतकालमा नेपालमा थुप्रै जमिनदारहरू थिए ।

**जऱ्याकजुरुक** - /जऱ्याक्जुरुक्/ (अमू.) द्वि. [< जऱ्याक] क्रिवि. एकाएक उठ्दाको किसिम, जुरुकजुरुक । प्रजातन्त्रको घोषणा हुनासाथ सारा नेपाली जनता खुसी मनाउन सडकमा उत्रे ।

**जलाशय** - /जलासय/ (सं.) [जल+आशय] ना. तलाउ, पानीको आश्रय स्थल, पानी भएको ठाउँ । गर्मीले गर्दा जीवहरू जलाशयका आसपासमा बसेका छन् ।

**जहाँसुकै** - /जहाँसुकै/ [जहाँ+सुकै] क्रिवि. जतातै, जुनसुकै ठाउँमा, यत्रतत्र । जहाँसुकै गए पनि शान्ति छैन ।

**जाँड** - /जाँड्/ उसिनेको अन्नमा मर्चा हाली कुहाएर बनाइएको मादक पेय पदार्थ, एक प्रकारको बियर, छ्याङ । ऊ बढी जाँड खाएर नालीमा सुतिराखेको थियो ।

**जागिर** - /जागिर्/ (फा.) ना. कुनै सरकारी वा गैरसरकारी कार्यालयमा पाइने काम, नोकरी, रोजगारी । जागिरका खोजीमा धेरै युवाहरू सहरतिर पलायन भएका छन् ।

**जाति** - /जाति/ (सं.) ना. खास ऐतिहासिक चिनारी भएका मानिसको समूह, राष्ट्रिय समूह, सामाजिक समूह । नेपाल विविध जातजातिको साझा फुलबारी हो ।

**जीर्णोद्धार** - /जिर्णोद्धार्/[जिर्नोद्धार्] (सं.) [जीर्ण+उद्धार] ना. भत्किएको, थोत्रिएको घर, मन्दिर, पुल आदिलाई उस्तै ढाँचामा फेरि बनाउने काम; मरमत । ज्यादै पुरानो पुलको जीर्णोद्धार गरियो ।

**जीवधारी** - /जिब्धारि/ (सं.) [जीव+धारी] ना. प्राण धारण गर्ने, सानाठुला सबै जीवजन्तु । सन्तान उत्पादन गर्नु जीवधारीको एक प्रमुख विशेषता हो ।

**जीवाणु** - /जिबाणु/ (सं.) [जीव+अणु] ना. १. अणु जस्तै सानो जीव, आँखाले देख्न नसकिने अतिसूक्ष्म जीव । सूक्ष्मदर्शक यन्त्रले मात्र जीवाणुलाई देख्न सकिन्छ । २. ब्याक्टेरिया, भाइरस, रोग फैलाउने सूक्ष्म जीव । जीवाणुहरूले रोग सार्ने काम गर्दछन् ।

**जुँगा** - /जुँगा/ ना. तन्नेरी भएपछि पुरुषको ओठमाथि उम्रने रौँ । उसका जुँगा सारै बाक्ला छन् ।

**जुक्ती** - /जुक्ति/ ना. उक्ति, उपाय; कुनै कामकुरा जान्ने, बुझ्ने वा भेट्टाउने तरिका । जुक्ती लगाउँदा असहज काम पनि सहज हुनसक्छ । उसले जुक्ती लगाएर आफ्नो ज्यानले नसक्ने काम सम्पन्न गऱ्यो ।

**जुन** - /जुन्/ सर्व. १. भएकामध्ये कुनै एक वा एकभन्दा बढी जनाउन उपवाक्यहरू जोड्न प्रयोग हुने सम्बन्धवाचक शब्द । तिमीलाई जुन मन पर्छ, त्यही किन । (अङ्) २. छैटौँ अङ्ग्रेजी महिना । मे महिनापछि जुन आउँछ । ३. चन्द्रमा, शशी, सोम । पूर्णिमामा जुन झुल्किए ।

**जुरुक्क** - /जुरुक्क/ (अमू.) वि. एक्कासि उठ्ने वा उठाउने किसिमले । ऊ कुर्सीबाट जुरुक्क उठ्यो । उसले एक क्विन्टलको भारी जुरुक्कै उठायो ।

**जेल** - /जेल्/ (अङ्.) ना. अपराधीलाई थुन्ने घर, कारागार, भ्यालखाना । अपराध गर्नेलाई जेलमा नकोचे क गर्ने त ?

**ज्ञाता** - /ग्याँता/ (सं.) [ज्ञा+ता] वि. जानिफकार, जान्ने बुझ्ने, विशेषज्ञ । मेरा दाजु व्याकरण विषयका ज्ञाता हुनुहुन्छ ।

**ज्ञान** - /ग्याँन्/ (सं.) [ज्ञा+न] ना. बुझ्ने काम, बुझाइ, बोध, *विप. अज्ञान* । ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ । आफूले आर्जन गरेको ज्ञानलाई व्यवहारमा रूपान्तर गर्नुपर्छ ।

**ज्यानमारा** - /ज्यान्मारा/ [ज्यान+मारा] ना. अर्काको प्राण लिने व्यक्ति, हत्यारा । ज्यानमारालाई मृत्युदण्डको व्यवस्था गर्न सके हत्याहिंसा केही कम हुन्थ्यो होला ।

**ज्योतिषी** - /जोतिसि, ज्योतिसि/ (सं.) [ज्योतिष+ई] ना. ज्योतिष शास्त्रका ज्ञाता, जोतिसी । ज्योतिषीले भनेअनुसार उसका सबै कुराहरू पुरा भए ।

## झ

**झन्डै** - /झन्डै/ किवि. करिब, पुगनपुग, लगभग । उनी झन्डै रुखबाट खसिन् । म झन्डै पोखरामा हराएको ।

**झरझुट्ट** - /झरझुट्ट/ [झर+झुट्ट] वि. गहनाले सजिएको, झकमक्क, झकिझकाउ । बेहुली गहनाले झरझुट्ट छिन् ।

**झलक्क** - /झलक्क/ (अमू.) किवि. १. एक पटक हेर्दाको किसिम, झुलुक्क । मैले त्यस केटीलाई एक पटक झलक्क देखेको थिएँ ।

**झल्याँस्स** -/झल्ल्याँस्स/ (अमू.) किवि. निदाएको वेला एक्कासि बिउँझँदाको किसिम, झल्यास्स । डरलाग्दो सपना देखेर ऊ निद्राबाट झल्याँस्स बिउँझियो ।

**झसङ्ङ** - /झसङ्ङ/ (अमू.) किवि. झस्कँदा वा तर्सँदाको किसिम । हावाले झ्याल हल्लाउँदा ऊ झसङ्ङ झस्कियो ।

**झुकाउ** - /झुकाउ/ [झुक्+आउ] ना. कसैप्रति ढल्काइ, झुक्ने काम, पक्षपात, लगाव । खेतीप्रति उसको निकै झुकाउ छ । आफन्तप्रति उसको बढी झुकाउ देखियो ।

**झैं** - /झैं/ नायो. उस्तै, समान वा तुल्य भन्ने अर्थमा आउने शब्द । हामीले फुल झैं सुवास छर्नुपर्छ ।

**झैझगडा** - /झैझगडा/ द्वि. [< झगडा] ना. कलह, दुई पक्षका बिच हुने भनाभन, रडाको । जँड्याहाहरू एक आपसमा झैझगडा गर्दै छन् ।

**झोला** - /झोला/ (लघु. झोली) ना. ब्याग, सामान हालिने साधन विशेष, हातमा वा काँधमा भिर्न मिल्ने सामग्री । किताबकापी झोलामा राख्नुपर्छ ।

**झ्याल** -/झ्याल्/ (नेवा.) ना. खिड्की, घरको कोठाभित्र हावा र उज्यालो छिरोस् भनी बनाइएको ढोकाभन्दा सानो निकास । मेरो कोठामा चार ओटा झ्याल छन् । उसले झ्यालबाट बाहिर चिहायो ।

## ञ

**ञ –** देवनागरी लिपिको दसौँ व्यञ्जन वर्ण । नेपाली वर्णमालामा ञ वर्ण छैन । नेपालीमा 'ञ' का सट्टामा 'यँ' प्रयोग गरिन्छ ।

## ट

**टन्न** - /टन्न/ (अमू.) क्रिवि. अटेसमटेस, टम्म भरिने गरी । आज त भात टन्न खाइयो । सामानले झोला टन्न भरियो ।

**टहटह** - /टहटह/ (अमू.) द्वि. [|< टह] क्रिवि. १. जुन चम्कँदाको किसिम । शरद् ऋतुमा राति जुन टहटह लागेको हुन्छ । वि. २. चम्किएको, टल्किएको । आकाशमा टहटह जुन देखिए ।

**टाढा** - /टाढा/ क्रिवि. दूर, धेरै परको, नजिक नभएको, पर, *विप. नजिक* । ऊ साथीभाइ छोडेर टाढा जान सक्दैन । टाढाको जागिरभन्दा घरको खेतीपाती नै असल हुन्छ । वि. २. आफू बसेभन्दा धेरै परको । उसको घर यहाँबाट टाढा छ ।

**टीका** - /टिका/ (सं.) [टीक+आ] ना. १. टिको । उसले निधारमा टीका लगाएको छ । २. कुनै ग्रन्थ, काव्य, सूत्र आदिको अर्थ स्पष्ट पार्न गरिएको व्याख्या । मूलभन्दा यसको टीका बुझ्न कठिन छ ।

**टोल** - /टोल्/ ना. एउटा ठुलो गाउँ वा बजारभित्रको सानो बस्ती । उसको घर शनिश्चरेको आदर्श टोलमा छ । आफ्नो टोलको विकास आफैँ गर्नुपर्छ ।

**ट्याक्सी** - /ट्याक्सि/ (अङ्.) ना. भाडामा चलाइने एक प्रकारको कार, मिटरवाला कार । हामी ट्याक्सी चढेर कटारीबाट हलेसी गयौँ । मानिसले ट्याक्सी कुदाएर पनि जीविका चलाएका छन् ।

## ठ

**ठाउँ** - /ठाउँ/ ना. कुनै निश्चित स्थल, जग्गा, टुङ्गो, स्थल, स्थान । प्रत्येक व्यक्तिले आफ्नो ठाउँमा बसेर काम गर्नुपर्छ । आफ्नो ठाउँको विकास गर्नुपर्छ ।

**ठिक** - /ठिक्/ वि. उचित, उपयुक्त, जस्तो हुनुपर्ने हो त्यसै वा भनेजस्तै, *विप. बेठिक* । परीक्षामा ठिक उत्तर लेख्ने विद्यार्थी मात्र उत्तीर्ण हुन्छ ।

**ठुलो** - /ठुलो/ (बहु/ति. ठुला, स्त्री. ठुली, हेय. ठुले) वि. लमाइ, चौडाइ, मोटाइ, गहिराइ आदिका दृष्टिले अरूभन्दा बढी भएको; बडो, बृहत्, *विप. सानो* । ठुलो मान्छे हुनुभन्दा असल मान्छे हुनु बेस हुन्छ । हाम्रो पाठशालामा सिसौको ठुलो रुख छ ।

## ड

**डमरु** - /डमरु/ १. (सं.) ना. चटकेले मानिस आकर्षित गर्न बजाउने बाजा, शिवजीको हातमा हुने एक प्रकारको बाजा । डफलीवालाले डमडम डमरु बजायो । २. सिंह, बाघ आदिको बच्चा । बघिनीले डमरुलाई दुध खुवायो ।

**डाँडाकाँडा** - /डाँडाकाँडा/द्वि.[< डाँडो] ना. अग्लाहोचा डाँडाहरूको समूह, पहाड पर्वत, भिरपाखा । पालुवाले डाँडाकाँडा सबै हरिया देखिए ।

**डाक्टर** - /डाक्टर्/ (अङ्.) ना. चिकित्सक, रोगको उपचार गर्ने व्यक्ति, *विप. रोगी*। धेरैजसो डाक्टर बिरामीको सेवा गर्नमा भन्दा पैसा कमाउने धन्दामा छन् । ऊ ठुलो भएर डाक्टर बन्छ रे ।

**डाढे** - /डाढे/ [डाढ+ए] वि. आरिसे, डाह गर्ने । त्यो केटाको सारै डाढे स्वभाव छ । मलाई डाढे मान्छे मन पर्दैन ।

**डालो** - /डालो/ (बहु./ति. डाला, लघु. डाली) ना. बाँस, निगालो आदिको चोयाले बुनेको अन्न आदि राख्ने भाँडो । ठुलीले डालामा मकै राखेकी छ ।

**डुङ्गा** - /डुङ्गा/ ना. नदी, ताल आदिमा मानिस, सामान आदि ओसारपसार गर्ने साधन; नाउ, नौका । साथीहरू डुङ्गामा चढेर खोलापारि गए ।

**डोको** - /डोको/ (बहु./ति. डोका) ना. बाँस, निगालो आदिको चोयाबाट बुनेको प्वालै प्वाल भएको सामान पिठिउँमा बोक्न मिल्ने साधन । सिप हुनेले डोको बुनेर पनि गुजारा चलाउँछन् । दिदी डोको बोकेर घाँस काट्न जानुभयो ।

## ढ

**ढाड**- /ढाड्/ ना. पिठिउँ, मेरुदण्ड, शरीरको पछाडिको गर्दनदेखि कम्मरसम्मको हड्डी नै हड्डीको भाग । ढाड दुख्ने व्यक्तिले गरौँ वस्तु उठाउनु हुँदैन । बजूको ढाड कुप्रो पर्न थालेछ ।

**ढिलो** - /ढिलो/ (बहु./ति. ढिला, स्त्री. ढिली) वि. जुम्सो, साह्रै बिस्तारो काम गर्ने स्वभावको, *विप. छिटो*। ऊ सारै ढिलो लेख्छ । ढिलो काम गर्ने मान्छे अहिलेको समयमा पछि परिहाल्छ ।

**ढुङ्गो** - /ढुङ्गो/ ना. (बहु./ति. ढुङ्गा) घर निर्माण आदिमा प्रयोग गरिने कडा तथा ठोस प्राकृतिक वस्तु, पत्थर, शिला, *विप. माटो*। मन्दिर जाने बाटामा ढुङ्गा छापिएका छन् । बाटाबिचको ठुलो ढुङ्गो आज हटाएछन् ।

**ढोई** - /ढोइ/ ना. पोथी हात्ती, *विप. मत्ता*। ढोईको खोजीमा हिजैदेखि मत्ता भौँतारिरहेको छ ।

**ढोका** - /ढोका/ (नेवा.) (एक. ढोको) ना. घरभित्र पस्ने र निस्कने ठाउँ, दैलो, द्वार । उसको घरको ढोका होचो छ । राति घरको ढोका बन्द गरेर मात्र सुत्नुपर्छ ।

**ढोग** - /ढोग्/ ना. अभिवादन, आफूभन्दा ठुलाका अगि शिर झुकाउने काम, ढोग्ने काम, दण्डवत्, नमस्कार, प्रणाम । आफ्ना मान्यजनलाई ढोग गर । आमाबाबु र गुरुजनलाई सधैँ ढोग है ।

**ढोलकी** - /ढोलकि/ [ढोलक+ई] ना. सानो ढोल बाजा । तराईतिर होली पर्वमा ढोलकी बजाएर नाचगान गर्छन् ।

## ण

**ण –** देवनागरी लिपिको पन्ध्रौँ व्यञ्जन वर्ण । ढपछि ण आउँछ । कतिपय अवस्थामा ण को साटो न प्रयोग गरिन्छ ।

## त

**त** - /त/ निपा. अरूका कुरामा सही थप्दा वा कुनै शब्दमा जोड दिँदा प्रयोग गरिने शब्द । अब त हामी पनि जानुपर्छ । ऊ त आजैदेखि पढ्न थालिछे ।

**तँ** - /तँ/ सर्व. द्वितीय पुरुषको आदररहित एकवचन बुझाउने शब्द, आफूभन्दा सानालाई सम्बोधन गरिने शब्द । तँ आफू असल बन् । तँलाई कसैको खराब दृष्टि नपरोस् ।

**तत्कालीन** - /तत्कालिन्/ (सं.) [तत्काल+ईन] वि. त्यति वेलाको, त्यस समयको, तात्कालिक । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईका पालामा विकासका निकै कामहरू भए ।

**तत्त्व** - /तत्त्व/ (सं.) [तत्+त्व] ना. १. सुन, चाँदी, अक्सिजन, हावा आदि पदार्थ । सुन यौगिक तत्त्व हो । २. कुनै वस्तुमा रहेको विभिन्न अंश । कथानक उपन्यासको एउटा तत्त्व हो ।

**तपाईं** - /तपाइँ/ सर्व. द्वितीय पुरुषको एकवचनमा आउने तिमीभन्दा माथिल्लो तहको आदरार्थी शब्द । तपाइँ चाहिँ कुन विद्यालयमा पढाउनुहुन्छ ? मद्वारा तपाई भेटिनुभयो ।

**तलाउ** - /तलाउ/ ना. ठुलो पोखरी, ताल । यस तलाउमा विभिन्न प्रजातिका माछाहरू पालिएका छन् ।

**तसर्थ** - /तसर्थ/ [< त्यो+अर्थ] संयो. त्यस अर्थले, त्यस कारण, त्यसैले । अङ्ग्रेजी विषय निकै कठिन छ, त्यसैले बढी ध्यान दिएर पढ ।

**तागत** - /तागत्/ (अ.) ना. शरीरमा हुने फुर्ती, बल वा शक्ति । शरीरमा तागत हुन्जेल त काम गर्ने हो नि ।

**तान्त्रिक** -/तान्त्रिक्/ (सं.) [तन्त्र+इक] ना. १. तन्त्र जान्ने वा तन्त्रमन्त्र प्रयोग गर्ने व्यक्ति । तान्त्रिकले भूतलाई मन्छायो । वि. २. तन्त्रसम्बन्धी । उसले तान्त्रिक विधि प्रयोग गरेर जादु देखायो ।

**तापक्रम** -/ताप्क्रम्/ (सं.) [ताप+क्रम] ना. ताप घटीबढी हुने स्थिति । पानी परेकाले आज वायुमण्डलको तापक्रम घटेको छ ।

**तारिफ** - /तारिफ्/ (अ.) ना. कसैको गुणको प्रशंसा, बखान, बढाइ, *विप. निन्दा* । ऊ सम्झना मिसको निकै तारिफ गर्छे ।

**ताली** - /तालि/ [ताल+ई] ना. थपडी, दुबै हातका हत्केला ठोकेर निस्कने आबाज । हामीले ताली बजाउँदै भजन गायौँ । वादविवाद प्रतियोगितामा उसले खरो बोलेपछि सबै दर्शकले ताली पिटे ।

**तिमी** - /तिमि/ सर्व. तँभन्दा माथिल्लो र तपाइँभन्दा तल्लो आदरको तह; द्वितीय पुरुषको एकवचन र मध्यम आदर बुझाउने शब्द । तिमी कुन स्कुलमा पढ्छौ ? तिमी सारै मिलनसार छौ ।

**तिन** - /तिन्/ ना. दुईभन्दा बढी र चारभन्दा कम जनाउने सङ्ख्या । तिनमा एक थपे चार हुन्छ । मैले तिन रुपियाँमा कागती किनेँ ।

**तिर्खा** - /तिर्खा/ ना. १. पानीको तलतल, पानी खाने इच्छा, प्यास । तिर्खा लागेकाले आमाले एक जग पानी पिउनुभयो । २. कुनै मन परेको वस्तु पाउने इच्छा । उनलाई भेट्ने मनको तिर्खा अझै बाँकी छ ।

**तेज** - /तेज्/ १. (सं.) ना. कुनै वस्तु तथा व्यक्तिमा देखिने ज्योति, चमक, प्रकाश । उसको अनुहारमा आज तेज देखिनँ । (फा.) २. छिटोछरितो, फुर्तिलो । यो घोडा तेज गतिमा दौडिन्छ ।

**तेर** - /तेर/ संवा. दसमा तिन जोड्दाको सङ्ख्या, १३ अङ्क । 'बार छोरा तेर नाति, बुढाको धोको काँधै माथि' (उखा.) । हामी तेर जना मात्र वनभोज खान जान्छौँ ।

**तेस्रो** - /तेस्स्रो/ वि. (बहु./ति. तेस्रा, स्त्री. तेस्री) १. गणना गर्दा तिनको क्रममा पर्ने, तिन पटकको, तृतीय । ऊ तेस्रो कक्षामा पढ्छ । २. कमसल, निम्न स्तरको । ऊ तेस्रो श्रेणीमा मात्र एस.एल.सी. उत्तीर्ण भयो ।

**त्यति** - /त्यति/ [त्यो+ ति] वि. भनिएको परिमाणको वा सङ्ख्याको । त्यति चामलले पाँच जनालाई कहाँ पुग्छ ? त्यति साना कुरामा रिसाउनु हुँदैन ।

**त्याग** - /त्याग्/ (सं.) [त्यज्+अ] ना. असल काममा योगदान, त्याग्ने वा छोड्ने काम । मुक्तिनाथमा उनले देह त्याग गरे । मुलुकका लागि परिआउँदा प्राण त्याग गर्न पछि पर्नुहुँदैन ।

**त्यो** - /त्यो/ (बहु. ती, तिनीहरू/ति. त्यस) सर्व. तृतीय पुरुषको एकवचनमा प्रयोग हुने शब्द, 'यो'लाई टाढा देखाउँदा प्रयोग हुने शब्द, *विप. यो* । यो त यहीँ रहेछ तर त्यो कता गएछ ?

**त्रिवेणी** - /त्रिबेणि, त्रिबेनि/(सं.) [त्रि+वेणी] ना. तिन नदीको सङ्गम । मकर नुहाउन भक्तजन त्रिवेणीमा पुग्छन् ।

**त्रिशूल**- /त्रिसुल्/ (सं.) [त्रि+शूल] ना. जोगीले बोक्ने एक प्रकारको हतियार, तिन ओटा सुइरा हुने मन्दिरमा राखिने हतियार । त्रिशूल बोकेको जोगी भिक्षा माग्दै मेरो घरमा आयो । भगवान् शिवको हातमा सधैँ त्रिशूल हुन्छ ।

## थ

**थकाइ** - /थकाइ/ [थाक्+आइ] ना. थकान, थाक्ने काम वा प्रक्रिया। धेरै बेर बैठकमा सहभागी हुँदा निकै थकाइ लागेको छ।

**थाप्रो** - /थाप्प्रो/ ना. (बहु./ति. थाप्रा) गाईभैँसी आदिको गोबरको थुप्रो, थास वा रास। गाईले आँगनमा गोबरको थाप्रो लाएछ।

**थाहा** - /थाहा/ ना. कुनै कुराको ज्ञान, खबर, जानकारी, पत्तो, भेउ। मैले तिमी आएको र गएको केही थाहा नै पाइनँ। राष्ट्रिय अन्तरराष्ट्रिय गतिविधि हामी सबैले थाहा पाउनुपर्छ।

**थोरै-** /थोरै/ वि. अलिकति, अल्प, कम, कम मात्राको, थोर, न्यून, *विप. धेरै*। हामीले कुरा थोरै काम धेरै गर्नुपर्छ। आमा प्रत्येक छाक थोरै चामल छुट्ट्याएर एउटा भाँडामा राख्नुहुन्छ।

## द

**दँतार** - /दँतार्/ [दाँत+आर] ना. दाँत उम्रिसकेको हात्ती, दारा भएको। दँतार भएपछि मत्ताले ढोई खोज्न थाल्छ।

**दक्ष** - /दक्छ्य/ (सं.) वि. कुनै काम गर्न जान्ने, योग्य, सक्षम, *विप. अदक्ष*। दक्ष जनशक्ति उत्पादनमा जोड दिनु आजको आवश्यकता हो।

**दङ्ग** - /दङ्ग/ (फा.) वि. दङ्ङ, धेरै खुसी, मक्ख। सिनेमा हेर्न पाएकीले मेरी बहिनी दङ्ग छे।

**दरबार-** /दर्बार्/ (फा.) ना. भवन, भव्य महल, राजा महाराजा बस्ने महल, *विप. झुप्रो*। दरबारमा हुर्किएकाहरूले झुप्राको समस्या बुझ्न सक्तैनन्।

**दर्द** - /दर्द/ (फा.) ना. पिर, पीडा, बह, शरीरमा हुने वेदना। उसले आफ्नो मनको दर्द सुनायो। तिमीलाई चोट लाग्दा उसलाई दर्द हुँदोरहेछ।

**दसैँ** - /दसैँ/ [दश+एँ] ना. आश्विन शुक्ल प्रतिपदादेखि दशमी वा कोजाग्रत पूर्णिमासम्म मनाइने चाड, विजयादशमी। दसैँमा बिदेसिएका नेपालीहरू पनि घर फर्कन्छन्।

**दाँत** - /दाँत्/ ना. दन्त, मुखभित्र तलमाथि लहरै रहेको खाना चपाउने अङ्ग । दाँत भए पनि म मकै खान सक्तिनँ ।

**दिउसो** - /दिउसो/ ना. बिहान र बेलुकाबिचको समय, *विप. रात* । उनी दिउसो बजार जान्छन् ।

**दिन** - /दिन्/ (सं.) ना. १. सूर्य उदाएपछि नअस्ताउन्जेलसम्मको अवधि, *विप. रात* । तिमी दिनभरि काम गरेर थाकेका छौ । २. बखत, समय । ऊ कुन दिनमा जन्मेछ, कति दुःख पायो पायो ।

**दिवस** - /दिबस्/ (सं.) ना. दिउसोको समय, दिन, दिवा । आज बाल दिवस हो । लोकतन्त्र दिवसका दिन सार्वजनिक बिदा हुन्छ ।

**दिशा** - /दिसा/ (सं.) ना. १. पूर्व, पश्चिम, उत्तर, दक्षिणमध्ये कुनै एक वा सबैलाई बुझाउने शब्द । घाम पश्चिम दिशामा अस्ताउँछन् । २. बाटो, मार्ग । नेपाली राजनीतिलाई नयाँ दिशातिर नलगी संविधानसभाको चुनाव हुँदैन ।

**दिसा** - /दिसा/ ना. आची, खाएको कुरा पचिसकेपछि गुदद्वारबाट निस्कने वस्तु, गुहु, मल, विष्ठा । जथाभावी दिसा गर्नुहुँदैन । पथरी गा.वि.स.लाई खुला दिसामुक्त घोषणा गरिएको छ ।

**दीर्घ** - /दिर्घ/ (सं.) ना. उच्चारण गर्दा बढी समय लाग्ने वर्ण वा मात्रा, लेख्दा दाहिनेपट्टिबाट दिइने मात्रा चिह्न, *विप. ह्रस्व* । ई, ऊ आदि दीर्घ उच्चारण हुने वर्ण हुन् ।

**दुःख** - /दुख, दुक्ख/ (सं.) [दुस्+ख] ना. कष्ट, दुक्ख, दुख, व्यथा, शारीरिक वा मानसिक पीडा, *विप. सुख* । दुःखको वेला साथ दिने पो साथी । मानिसको जीवनमा दुःख र सुख चक्र जस्तै घुमिरहन्छन् ।

**दुध** - /दुध्/ ना. दुग्ध, स्तन, स्तनधारी जन्तु वा आमा जातिको स्तनबाट आउने सेतो तरल पदार्थ । आमा बुनुलाई दुध चुसाउनुहुन्छ । गाईको दुध स्वादिलो हुन्छ ।

**दुर्व्यवहार** - /दुर्ब्यबहार्/ (सं.) [दुर्+व्यवहार] ना. अनुचित आचरण, समाजले खराब मानेको व्यवहार, *विप. सद्व्यवहार* । शिक्षकले छात्रछात्रालाई दुर्व्यवहार गर्नुहुँदैन ।

**दृश्य** - /द्रिस्स्य/ (सं.) [दृश्+य] वि. १. आँखाले हेर्न तथा देख्न सकिने, वरिपरि देखिएको, हेर्न लायक, *विप. अदृश्य* । उनी दृश्य वस्तुमा मात्र विश्वास गर्छन् । ना. २ दर्शनीय ठाउँ तथा वस्तु । हामीले समाजमा धेरै किसिमका दृश्य देखेका छौँ ।

**दैत्य** - /दैत्त्य/ (सं.) [दिति+य] ना. असुर, दानव, राक्षस, *विप. देवता* । सत्य युगमा पनि दैत्यले देवीदेवतालाई दुक्ख दिएका थिए ।

**दोस्रो** - /दोस्स्रो/ वि. (बहु./ति. दोस्रा, स्त्री. दोस्री) केही कम गुणस्तरको, क्रममा पहिलोभन्दा पछिको, द्वितीय स्थानको । भाइ परीक्षामा दोस्रो भएछ । ऊ दोस्रो श्रेणीमा पास भई ।

**दौँतर** - /दौँतर्/ दामल, समवयस्क, समान उमेरको व्यक्ति । दौँतरहरू मिलेर गर्मी छल्न हिलेतिर गए ।

**द्वितीय** - /द्वितिय/ (सं.) [द्वि+तीय] वि. दोस्रो, प्रथमपछिको । ऊ यसपालि कक्षा ६ मा द्वितीय भइछे ।

**द्वेषी** - /द्वेसि/ (सं.) [द्वेष+ई] वि. १. अर्काको डाह गर्ने, द्वेष गर्ने । उनी सारै द्वेषी स्वभावका छन् । ना. २. वैरी, शत्रु । उसले हामीलाई द्वेषी ठान्यो ।

## ध

**धर्ती** - /धर्ति/ ना. जमिन, धरती, पृथ्वी, भूमि, *विप. आकाश* । उसले धर्तीको एक मुठी माटो उठाएर किरिया खायो । म धर्ती हराभरा पार्ने अभियानमा लाग्छु ।

**धारणा** - /धारणा/ (सं.) [धारण+आ] ना. कुनै वस्तु, कार्य, अवस्था आदिलाई देखेर, सुनेर वा अनुभव गरेर मनमा पर्ने त्यसको प्रभाव; कुनै वस्तु तथा व्यक्तिप्रतिको सोचाइ; मानसिक बिम्ब । उसलाई पृथ्वीको धारणा स्पष्ट छैन ।

**धारो** - /धारो/ (बहु./ति. धारा) ना. अग्लो ठाउँबाट तलतिर झरेको पानीको बहाब, झरना । मलाई धाराको पानी मन पर्छ । भेडेटारको नमस्ते धारो हेर्न जाने हो ?

**धार्मिक** - /धार्मिक्/ (सं.) [धर्म+इक] वि. धर्मकर्म गर्नु, धर्ममा आधारित, धर्मसम्बन्धी । ऊ धार्मिक क्रियाकलापामा निकै रुचि राख्छ ।

**धीत** - /धित्/ (सं.) वि. खाएर सन्तुष्ट भएको, तिर्सना, धोको । उसले भोजमा धीत मर्ने गरी रसबरी खायो । पहाडी दृश्य हेर्ने मेरो धीत मरेको छैन ।

**धुलो** - /धुलो/ (ति. धुला) ना. चूर्ण, छारो, माटाको मसिनो कण । कोठामा धुलो छ भने पानी छर्केर बढार्नुपर्छ । गाडी दौडँदा बाटामा धुलो उड्छ ।

**धुवाँ** - /धुवाँ/ ना. आगो बाल्दा निस्कने कालो फुस्रो हावामा उड्ने बादल जस्तो वस्तु, धूम, धूम्र । काँचा दाउरा बाल्दा धेरै धुवाँ आयो । युवाहरूले आफ्नो अमूल्य जीवन धुवाँमा उडाउनुहुँदैन ।

**धूर्त** - /धुर्त/ (सं.) ना./वि. चलाख, छलकपट गर्ने, जालझेल गर्ने, जाली, ठग, धोकेबाज, बाठो । धूर्तसँग व्यवहारमा सारै जोगिनुपर्छ । ऊ आर्थिक कारोबारमा धेरै धूर्त छ ।

**धेरै** - /धेरै/ [धेर+नै] वि. अधिक, ज्यादा, धेरै, निकै, प्रशस्त, *विप. थोरै* । आज विद्यालयमा धेरै मानिस भेला भएका थिए । दिनेशले धेरै पुस्तक बोकेको छ ।

**ध्यान** - /ध्यान्/ (सं.) ना. एकाग्रता, चासो, चिन्तन, तपस्या, होस । पढाइभन्दा उनको ध्यान टिभीमा गएको छ ।

**ध्वनि** - /ध्वनि/ (सं.) [ध्वन+इ] ना. मुखबाट उच्चरित हुने आबाजको न्यूनतम एकाइ; वर्ण, शब्द वा स्वर, सुन्न सकिने आबाज । काठमाडौँमा जताततै ध्वनि प्रदूषण छ । ध्वनिबाट वर्ण बन्दछन् ।

## न

**नमस्कार**- /नमस्कार्/(सं.) ना. दर्शन, नमस्ते, प्रणाम, हात जोडेर वा शिर झुकाएर गरिने अभिवादन । मान्यजनलाई भेट्ता नमस्कार गर्नुपर्छ । सानी बहिनीले हजुरबुबालाई नमस्कार गरी ।

**नष्ट** - /नस्ट/ (सं.) [नश्+त] वि. १. ध्वस्त, नाश भएको, बिग्रेको । हामी नष्ट शरीरका मोहमा लाग्नुहुँदैन । २. खेर, विनाश, व्यर्थ *विप. रक्षा* । घर जल्दा सबै सामान नष्ट भए ।

**नाइके** - /नाइके/ [नायक+ए] ना. अगुवा, नायक, समूहको मुख्य व्यक्ति । आफ्नो नाइकेसँग अनुमति लिएर उनी एकछिन बाहिर गइन् ।

**नाता** - /नाता/ ना. जन्म, विवाह, व्यवहार आदिबाट बनेको सम्बन्ध; साइनो । नाताले उनी मेरी बहिनी पर्छिन् । गुरु शिष्यको नाता सधैँ जीवन्त हुनुपर्छ ।

**नाम** -/नाम्/ (सं.) ना. कुनै वस्तु, व्यक्ति वा ठाउँलाई चिनाउने शब्द; नाउँ । नेपालको सबभन्दा गहिरो नदीको नाम गन्डकी हो । तिम्रो दिदीको नाम के हो ?

**निकै-** /निकै/ वि. धेरै प्रशस्त, प्रशस्त मात्रामा भएको, मनग्गे, *विप. थोरै* । उसले विदेश गएर निकै पैसा कमायो । यो सडकमा पनि निकै बस चल्न थालेछन् ।

**निजी** - /निजि/ [निज+ई] वि. १. आफूसँग सम्बन्धित, व्यक्तिगत, *विप. सामुदायिक* । अर्काको निजी मामिलामा हस्तक्षेप गर्नुहुँदैन । २. गैरसरकारी, व्यक्तिहरूको समूहसँग सम्बन्धित, संस्थागत । उनीहरूले निजी स्कुल चलाएका छन् ।

**नित्य** - /नित्त्य/ (सं.) [नि+त्य] क्रिवि. १. अटुट रूपमा, निरन्तर, सधैँ । मेरो मावलकी हजुरआमा नित्य पूजा गर्नुहुन्छ । वि. २. नाश नहुने, *विप. अनित्य* । आत्मालाई नित्य मानिन्छ ।

**निम्ति** - /निम्ति/ नायो. खातिर, निमित्त, लागि । मैले देशका निम्ति केही गर्नैपर्छ । पूजाका निम्ति अञ्जनाले फुल टिपी ।

**निर्धक्क** - /निर्धक्क/ क्रिवि. १. कुनै धकविना, सङ्कोच नमानीकन । ऊ सभामा निर्धक्क बस्यो । वि. २. डर, त्रास नभएको । बाजी जित्ने कुरामा नायक निर्धक्क छ ।

**निर्माण** - /निर्माण्/[निर्मान्] (सं.) [निर्+मान] ना. कुनै वस्तुलाई आकारमा ढाल्ने काम, निर्मित वस्तु वा संरचना, मूर्त रूप दिने काम । उसले तिन महिनामा एक तले घर निर्माण गरिसक्यो ।

**निलो-** /निलो/(बहु./ति. निला, स्त्री. निली) वि. आकाशको जस्तो रङ भएको, आसमानी, नीर । बादल हटेपछि निलो आकाश देखिन्छ । मलाई निलो मसीले लेख्न मन पर्छ ।

**निवेदन** - /निबेदन्/ (सं.) ना. अनुरोध, आवेदन, कार्यालयीय चिठी, दरखास्त, बिन्ती, बिन्तीपत्र । उसले बिदाका लागि विद्यालयका प्राचार्यलाई निवेदन लेख्यो । मेरो निवेदनउपर कसैले समर्थन जनाएनन् ।

**नीति** - /निति/ (सं.) [नी+ति] ना. कर्तव्य, लोकले लिनुपर्ने आचार व्यवहारको सही बाटो, सदाचार। सरकार नीतिअनुसार नचले जनताले दुक्ख पाउँछन्। नीतिका कुराले हाम्रो जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ।

**नुहाइधुवाइ** -/नुहाइधुवाइ/ [नुहाइ+धुवाइ] ना. नुहाउने तथा धुने काम। आज शनिवार त नुहाइधुवाइ गर्नैपर्छ।

**नेपाली** - /नेपालि/ [नेपाल+ई] वि. १. नेपाल देशको। नेपाली जनता मिलनसार छन्। नेपाली संस्कृति नेपालवासीहरूको पहिचान हो। ना. २. नेपालका नागरिक, नेपालका बासिन्दा। हामी नेपाली हौँ।

**नैतिकता** - /नैतिक्ता/ (सं.) [नैतिक+ता] ना. नीतिमा आधारित, विवेक, सद्व्यवहार, सही वा गलत छुट्ट्याउने चेतना, *विप. अनैतिकता*। नैतिकताले हामीलाई गलत काम गर्नबाट रोक्छ। नैतिकता हामी सबैको आदर्श बन्नुपर्छ।

## प

**पँधेरी** - /पँधेरि/ ना. जलाशय, पानीको धारो वा कुवा आदि भएको ठाउँ, पानीघाट, पनेरो। पँधेरीको पानी उमालेर मात्र खानुपर्छ।

**पढाइ** - /पढाइ/ (सं.) [पढ्+आइ] ना. अध्ययन, पढ्ने काम, सिकाइ। उसको पढाइ राम्रो छ। पढाइमा ध्यान दिनेको भविष्य उज्ज्वल छ।

**पत्ता** - /पत्ता/ [पात+आ] ना. तास आदिको चक्की, पत्ती, पत्र, पात। हावाले सबै झरेका पत्ताहरू उडायो। एक बुङ तासमा बाउन्न पत्ता हुन्छन्।

**पद्धति** - /पद्धति/ (सं.) [पद्+हति] ना. कुनै कार्य गर्ने विधि, प्रक्रिया, बाटो, मार्ग। शिक्षणमा नयाँ पद्धति नअपनाए अध्यापन गर्न कठिन छ।

**परिवेश** -/परिबेस्/(सं.) [परि+वेश] ना. वस्तुको वरिपरि रहेको ठाउँ, वातावरण, सेरोफेरो। त्यस स्थानमा गफ गर्ने परिवेश मिलेन। 'साने र ठुले' कथाले नेपाली गाउँले परिवेशको झल्को दिएको छ।

**परिष्कार** -/परिस्कार्/ (सं.) [परि+कार] ना. कुनै वस्तुमा भएको कसर, विकार आदि हटाउने काम; प्रशोधन, *विप. अपभ्रंश*। नेपाली भाषामा परिष्कारको खाँचो छ। उसको व्यवहारमा निकै परिष्कार आयो।

**पसिना** - /पसिना/ ना. गर्मी हुँदा वा धपेडी पर्दा शरीरबाट निस्कने तरल पदार्थ, परिश्रम, मेहनत। गरिबले पसिनाको फल पाउँदैनन्। आज बिहानैदेखि उसलाई पसिना आइरहेको छ।

**परीक्षा** - /परिक्छ्छा/ (सं.) [परि+ईक्षा] ना. ठिक बेठिक छुट्ट्याउन लिइने जाँच, परीक्षण। परीक्षामा उत्तीर्ण भएपछि कक्षा चढ्न पाइन्छ। कक्षा ६ को वार्षिक परीक्षामा प्रेमाश्रु प्रथम भई।

**पाखण्ड** - /पाखन्ड/ (सं.) ना. छलकपट, ढोँग, देखावटी आचरण, धोका। उसले धर्मको नाममा पाखण्ड फैलायो।

**पाताल** - /पाताल्/ (सं.) ना. गहिरो खाल्डो, पृथ्वीभन्दा तल रहेको ठानिने कुनै लोक, *विप. आकाश*। घर भत्केर पाताल भएछ।

**पिपल** - /पिपल्/ ना. वरसँगै रोपिने पवित्र वृक्ष। वरपिपलको छहारीमा शीतल हुन्छ। पिपलले प्रशस्त अक्सिजन दिन्छ।

**पीडा** - /पिडा/ (सं.) ना. कष्ट, वेदना, शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द। उनको मनमा पीडा छ।

**पुरा** - /पुरा/ ना. १. खाएर बाँकी रहेको वस्तु। ऊ अर्काको पुरा खाने नोकर भएर बसेको छ। २. कमी कमजोरी नभएको, पूर्ण, *विप. अपुरा*। यो काम अझै पुरा भएको छैन ? त्यस मन्दिरको निर्माण कार्य पुरा भयो।

**पुरातात्त्विक** -/पुरातात्त्विक्/ (सं.) [पुरातत्त्व+इक] वि. पुरातत्त्वको, पुरातत्त्वसँग सम्बन्धित। पुरातात्त्विक महत्त्वका कुराको खोजी गरे धेरै रहस्यात्मक कुरा फेला पार्न सकिन्छ।

**पूर्वाधार** - /पुर्बाधार्/ (सं.) [पूर्व+आधार] ना. १. जग, निर्माण, मुख्य आधार, विकास। शिक्षा विकासको एक महत्त्वपूर्ण पूर्वाधार हो। गाउँघरमा पनि शिक्षा, स्वास्थ्य, विद्युत् जस्ता पूर्वाधार पुऱ्याउनुपर्छ।

**पूर्वीय** - /पुर्बिय/ (सं.) [पूर्व+ईय] वि. एसियाको, पूर्वतिरको, भारतवर्षको, *विप. पश्चिमी, पाश्चात्य*। पूर्वीय दर्शनले विश्वमै गहिरो प्रभाव पारेको छ ।

**पैँतालिस** - /पैँतालिस्/ संवा. चालिसमा पाँच जोड्दा हुने सङ्ख्या, ४५ अङ्क । कक्षा छमा जम्मा पैँतालिस जना विद्यार्थी छन् ।

**पो** - /पो/ निपा. कुनै शब्द वा वाक्यमा जोड दिएर भन्दा प्रयोग गरिने शब्द । राम्ररी पढे पो उत्तीर्ण भइन्छ । राम आउँछ भनेको त लक्ष्मण पो आएछ ।

**प्रसिद्ध** - /प्रसिद्ध/ (सं.) [प्र+सिद्ध] वि. नाम चलेको, प्रख्यात, सबैले जाने सुनेका । बुद्धको नाम विश्वमै प्रसिद्ध छ । सेक्सपियरका नाटकहरू विश्व प्रसिद्ध छन् ।

**प्राणी** - /प्राणि/[प्रानि] (सं.) [प्राण+ई] ना. जीवनधारी, प्राणधारी, प्राण भएको वस्तु । प्राणीहरू मरणशील हुन्छन् । मानिस चेतनशील प्राणी हो ।

**प्रेम** - /प्रेम्/ (सं.) [प्री+इम] ना. आत्मीयता; एक व्यक्तिको अर्को व्यक्तिसँग स्वभाव, गुण, व्यवहार आदिले हुने आकर्षण; माया, स्नेह, *विप. घृणा* । उनीहरू आपसमा प्रेमले बाँधिएका छन् । महात्माहरू सबैमाथि प्रेमको भावना राख्छन् ।

## फ

**फटाफट** - /फटाफट्/ (अमू.) द्वि. [< फट] क्रिवि. कतै नरोकिईकन हिँड्दाको किसिम, छिटोछिटो, धमाधम । आज सबै काम फटाफट भए । ऊ फटाफट घरतिर लाग्यो ।

**फुल** - /फुल्/ ना. १. अन्डा; चरा, माछा, सर्प आदिको अन्डा; डिम्मा । चराले फुल पार्छ । आज त कुखुरीले दुइटा फुल पारेछ । २. कुसुम, पुष्प, बोटबिरुवा आदिका फक्रेका कोपिला, सुमन । पूजामा फुल चढाइन्छ । मखमली फुलको माला राम्रो हुन्छ ।

**फुत्त** - /फुत्त/ (अमू.) क्रिवि. अकस्मात् निस्कँदा, पस्दाको किसिम; उफ्रँदाको किसिम । उनी यताउति हेरी झ्यालबाट फुत्त भित्र पसे । ऊ कार्यक्रम चल्दाचल्दै फुत्त बाहिर निस्क्यो ।

**फेरि -** /फेरि/ क्रिवि. अझ पनि, अर्को पल्ट, दोहोऱ्याउनु पर्ने अर्थमा प्रयोग हुने शब्द, पुनश्चः । ऊ फेरि पनि परीक्षामा गुल्टियो । तिमी हाम्रो घरमा फेरि आऊ ल ।

**फ्रिज** - /फ्रिज्/ (अङ्.) ना. चिसो बनाउन राखिने विद्युतीय उपकरण, रेफ्रिजरेटर । फ्रिजबाट चिसो पानी निकाल त, कस्तो तिर्खा लाग्यो ।

## ब

**बठ्याइँ** - /बट्ठ्याइँ/ [बाठो+याइँ] ना. चलाखी, बाठोपन । उनी हरेक कुरामा बठ्याइँ गर्छिन् । कहिलकाहीँ बठ्याइँ पनि गर्नुपर्छ ।

**बथान** - /बथान्/ ना. पशुपन्छी आदिको समूह; बगाल, हुल । भेडाको बथान लिएर उनीहरू लेकतिर लागे ।

**बसाइँ** - /बसाइँ/[बस्+आइँ] ना. आफूले बसोवास गरेको ठाउँ छाडेर अर्को ठाउँमा वास गर्ने काम । उनीहरू पहाडबाट तराईमा बसाइँ सरे । धने बस्नेत शोषण र गरिबीका कारण मुग्लान बसाइँ सर्न बाध्य भयो ।

**बहुमूल्य** - /बहुमुल्ल्य/ (सं.) [बहु+मूल्य] वि. ज्यादै महत्त्वको, दामी, धेरै मोल पर्ने । भिडभाड हुने ठाउँमा बहुमूल्य गहना लगाएर हिँड्नु हुँदैन ।

**बाहिर** - /बाहिर/ नायो. १. खास स्थान वा सीमाबाट परतिर, *विप. भित्र* । घरबाहिर कुकुर बसेको छ । क्रिवि. २. अन्यत्र, अलग ठाउँमा, भिन्न स्थानमा । बाहिर को छ हँ ?

**बिच** - /बिच्/ ना. १. मध्यभाग, माझको भाग, *विप. छेउ* । नदीको बिचमा निकै गहिरो छ । नायो. २. आपसमा, परस्परमा । हामीबिच राम्रो सम्बन्ध छ ।

**बिजुली -** /बिजुलि/ ना. घरमा बाल्ने बत्ती, बादल लागेका वेला आकाशमा झिलिक्क चम्किने उज्यालो, विद्युत् । बिजुली चम्किएपछि आकाश गड्याङगुडुङ गर्छ । उसले घरमा बिजुली बाल्न सोलार प्रयोग गरेको छ ।

**बिदेसिनु** - /बिदेसिनु/ [विदेश+इनु] क्रिवि. विदेश जानु । धेरै नेपाली युवायुवती कामका खोजीमा बिदेसिन बाध्य भएका छन् ।

**बिफर** - /बिफर्/ ना. हल्का ज्वरोसँगै जिउभरि राता फोका आउने एक प्रकारको महामारी वा त्यस्तो रोगले जिउमा देखिने खत । पोहोर साल बिफरको महामारीले सारा गाउँ सोत्तर पार्‍यो ।

**बिस** -/बिस्/ संवा. उन्नाइसभन्दा बढी र एक्काइसभन्दा कमको सङ्ख्या, २० को अङ्क । ऊ उन्नाइस पुगेर बिस लाग्यो ।

**बुद्धि** - /बुद्धि/ (सं.) [बुध्+ति] ना. ज्ञान, बोध, मति, समझ, सुझ, सोच्ने तथा बुझ्ने क्षमता । बलले नसक्ने काम बुद्धिले गर्नुपर्छ । बल्ल भाइको बुद्धि फर्केछ ।

**बेठिक** - /बेठिक्/ (सं.) [बे+ठिक] वि. अनुचित, अमिल्दो, ठिक नभएको, *विप. ठिक*। उसले जे गर्‍यो, बेठिक गर्‍यो । तिमीले गरेको हिसाब बेठिक छ ।

**बेहोरा** - /बेहोरा/ ना. आचरण, आनीबानी; कुनै कामकुरा, घटना आदिसँग सम्बन्धित मुख्य विवरण; स्वभाव । तिमीले लेखेको निवेदनको बेहोरा मिलेन । उसको बानीबेहोरा सारै राम्रो छ ।

## भ

**भक्षक** - /भक्छ्यक्/ (सं.) [भक्ष+अक] वि. खाने, नाश गर्ने, भोजन गर्ने, विनाशक, *विप. रक्षक*। रक्षक नै भक्षक भएपछि कसको के लाग्छ र ?

**भन्ज्याङ** - /भन्ज्याङ्/ ना. घाँटी, दुई पहाडका बिचको होचो तथा खोच परेको ठाउँ वा उकालो सकिने ठाउँ । हामीले भन्ज्याङको डिलमा बसेर गीत गायौँ ।

**भरि** - /भरि/ नायो. प्रायः नामका पछाडि जोडिई सम्म, पर्यन्त, भर आदि अर्थ जनाउने शब्द । प्रेमाश्रुले नेपालभरि समाचार सङ्कलन गर्ने अख्तियारी पाएकी छिन् ।

**भस्म** - /भस्म/ (सं.) ना. खरानी, डढिसकेर बाँकी रहेको अवशेष । एकचोटि म्याङलुङ बजारका सयौँ घरहरू डढेर भस्म भए ।

**भाइचारा** - /भाइचारा/ (सं.) [भाइ+आचार+आ] ना. कुनै दुई पक्षका बिच दाजुभाइको जस्तो आत्मीय सम्बन्ध वा त्यस्तो व्यवहार, भ्रातृत्व । जुन धर्म माने पनि हामीबिच भाइचारा सम्बन्ध कायम हुनुपर्छ ।

**भाषाभाषी** - /भासाभासि/ (सं.) [भाषा+भाषी] ना. खास भाषा बोल्ने समुदाय, मातृभाषा बोल्ने । नेपालमा विभिन्न भाषाभाषीहरूको बसोवास छ ।

**भिक्षा** - /भिक्छ्या/ (सं.) [भिक्ष+आ] ना. भिख, मागेर पाएको अन्न वा खानेकुरा, माग्ने काम, याचना । भिखारी आँगनमा भिक्षा माग्दै छ ।

**भिन्नता** - /भिन्नता/ (सं.) [भिन्न+ता] ना. अन्तर, पृथक्ता, फरक, *विप. समानता* । नायक र नमिराको स्वभावमा धेरै भिन्नता छ ।

**भुमरी** - /भुमरि/ (सं.) ना. जलको चक्र; नदी, सागर आदिको पानी खोबिल्टो जस्तो परी घुमेको ठाउँ । पाँच जना केटीहरू त्रिशुलीमा पौडी खेल्दा भुमरीमा परेर त्यहीँ हराए ।

**भूत** - /भुत्/ (सं.) ना. १. वि. बितेको, भएको, *विप. अभूत* । भूत कालमा भएका कामकुराको पनि समीक्षा गर्नुपर्छ । ना. २. पिशाच, मरेको मान्छेको आत्मा वा त्यसको कल्पित आकार, मृतात्मा । आजसम्म भूत कहीँ पनि भेटिएको छैन ।

**भूमि** - /भुमि/ (सं.) [भू+मि] ना. जमिन, ठाउँ, पृथ्वीको सतह, भुइँ, स्थान । जन्मभूमि वास्तवमा स्वर्गभन्दा पनि प्यारो हुन्छ । सप्ताह पुराण लगाएर उनले भूमिदान गरिन् ।

**भैँसी** - /भैँसि/ ना. दुध, दही आदिका साथै मलका लागि पालिने अर्ना जस्तो एक प्रकारको घरपालुवा जनावर । भैँसी ब्याएपछि, दुध लिन डेरी धाउनु परेन ।

**भोलि** - /भोलि/ क्रिवि. आउँदो दिन, आजभन्दा पछि आउने दिन, *विप. आज, पर्सि, हिजो* । बहिनी भोलि इलामबाट आउँछिन् । भाइ भोलि काठमाडौँ जान्छ । हामीले भोलिको होइन आजको जयगान गाउनुपर्छ ।

**भौतिक** - /भौतिक्/ (सं.) [भूत+इक] ना. १. पार्थिव, पृथ्वी वा पृथ्वीमा पाइने वस्तुसँग सम्बन्धित, *विप. आध्यात्मिक* । भौतिक भूगोलको अध्ययन गरे पृथ्वीको संरचनाका बारेमा प्रशस्त ज्ञान प्राप्त गर्न सकिन्छ । वि. २. सामान, उपकरण आदि आवश्यकताका वस्तुसँग सम्बन्धित । भौतिक साधनको अभावमा मानव जीवन अधुरो नै हुन्छ ।

## म

**म -** /म/ (ति. मैले, बहु. हामी ) सर्व. आफू, आफूलाई आफैँले सम्बोधन गरेर भन्दा प्रयोग गरिने शब्द, स्वयम् । म पाठशाला जान्छु । जमुनाले मलाई उपहार दिइन् ।

**मट्टी** - /मट्टि/ [माटो+ई] ना. माटो बन्ने वस्तु, माटो । मरेपछि प्राणीको लास मट्टीमा मिल्छ ।

**मद्दत** - /मद्दत्/ (अ.) ना. अर्कालाई गरिने सहयोग, मदत, सहायता । दीनदुःखीलाई मद्दत गर । अभर परेका व्यक्तिहरूलाई  मद्दत गर्नुपर्छ ।

**मदानी** - /मदानि/ ना. ठेकीभित्र राखेर दही मथ्ने साधन । ठेकीमा मदानीले दही मथ्यो । अहिले त मही पार्न बिजुलीबाट चल्ने मदानी किन्न पाइन्छ ।

**महत्त्व** - /महत्त्व/ (सं.) [महत्+त्व] ना. आवश्यकता, जरुरत, मूल्यवान् हुनुको स्थिति, विशेषता, श्रेष्ठता । गर्मीमा फ्रिजको महत्त्व बढ्छ । देश विकासमा जलस्रोतको ठुलो महत्त्व छ ।

**महान्** - /महान्/ (सं.) वि. ठुलो, भव्य, विशाल, विशिष्ट, विस्तृत, *विप. तुच्छ, नीच* । महान् सहिदहरू अमर रहून् । महान् काम गर्ने व्यक्ति अमर हुन्छन् ।

**महाविद्यालय** - /महाबिद्द्यालय/ (सं.) [महा+विद्यालय] ना. कलेज, क्याम्पस, माध्यमिक तहभन्दा माथिल्लो तहको पढाइ हुने विद्यालय । माध्यमिक तह उत्तीर्ण भएपछि ऊ महाविद्यालयमा अध्ययन गर्न गयो ।

**माथ** - /माथ्/ (सं.) १. ना. टाउको, शिर, *विप. पाउ* । देशद्रोही भेट्यो भने नेपालीले तिनको माथ नै ताक्छन् । (अ.) ना. २. कसैलाई हराउने काम, जित । बलभद्र कुँवरले अङ्ग्रेजहरूलाई माथ नै गरेका थिए ।

**मारुनी** - /मारुनि/ ना. नेपाली लोकनृत्यमा स्त्रीको भेषमा नाच्ने पुरुष । मारुनी नाचेको देखेर म त छक्कै परेँ ।

**मित्रवत्** - /मित्त्रवत्/ (सं.) [मित्र+वत्] वि. सहृदयी, साथी जस्तो, *विप. शत्रुवत्* । उसको मित्रवत् व्यवहारले सबै मुग्ध हुन्छन् ।

**मुनि** - ⁄मुनि⁄ (सं.) १. ना. आध्यात्मिक चिन्तन तथा मननमा संलग्न महात्मा, ऋषि, तपस्वी । राम मुनि भेषमा वन गए । नायो. २. तल, उँधो, मुन्तिर, *विप. माथि* । रुखमुनि फ्याउरो बसेको छ ।

**मुसुक्क** - ⁄मुसुक्क⁄ क्रिवि. अलि अलि हाँस्दाको किसिम, आबाज ननिकाली अनुहारमा एक पल्ट प्रसन्नता झल्काउँदाको किसिम । मलाई देखेर सम्झना मुसुक्क हाँसी ।

**मुहूर्त** - ⁄मुहुर्त⁄ (सं.) ना. लगन, शुभ समय, साइत । ठिक मुहूर्त भएपछि दुलाहाले दुलहीलाई सिन्दुर लगाइदिए ।

**मृत** - ⁄म्रित्⁄ (सं.) [मृ+त] वि. प्राण गएको, मरेको, *विप. जीवित* । आज पथरी जङ्गलमा एउटा मृत शिशु फेला पऱ्यो ।

**म्हपूजा** - ⁄म्हपुजा⁄ (नेवा.) ना. आत्माको पूजा, स्वपूजा । नेवार समुदायमा आत्माको पूजाका रूपमा म्हपूजा गर्ने प्रचलन छ ।

## य

**यश** - ⁄यस्⁄ (सं.) ना. असल काम गर्दा फैलने नाम, कीर्ति, सुनाम, *विप. अपयश* । घाँसीले कुवा खनाएर आफ्नो यश राखे ।

**यात्री** - ⁄यात्रि⁄ (सं.) [यात्रा+ई] ना. पथिक, बटुवा, यात्रा गर्ने व्यक्ति, यात्रु । कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ?

**यिनी** - ⁄यिनि ⁄ [यिन + ई] सर्व. 'यो' को मध्यम आदरार्थी रूप, *विप. तिनी* । यिनी असल विद्यार्थी हुन् । यिनी मेरा साथी हुन् ।

**यी** - ⁄यि⁄ सर्व. 'यो' को बहुवचन, *विप. ती* । यी मेरा किताबहरू हुन् । यी साथीहरू मलाई सधैँ सहयोग गर्छन् ।

**युक्ति** - ⁄युक्ति⁄ (सं.) [युज्+ति] ना. उपाय, चलाखी, जुक्ती, तर्क । शास्त्रार्थमा उसले नयाँ  नयाँ युक्ति प्रस्तुत गऱ्यो । शक्तिले गर्न नसकेको काम मैले युक्ति लगाएर गरेँ ।

**युग** - /युग्/ (सं.) ना. जुग, पुराणअनुसार ज्यादै लामो समयावधिलाई जनाउने शब्द, १२ वर्षको समयावधि । एक युगमा एउटा मात्र युगपुरुष जन्मन्छ ।

**युद्ध** - /युद्ध/ (सं.) [युध्+त] ना. आक्रमण, भिडन्त, रण, लडाइँ, सङ्ग्राम, समर, *विप. शान्ति*। नेपाल-अङ्ग्रेज युद्धमा सारा नेपाली वीरताका साथ लडेका थिए ।

**यो -** /यो/ (बहु. यी, यिन, यिनीहरू; ति. यस) तृतीय पुरुषको एकवचनमा निकटवर्ती सन्दर्भ जनाउने शब्द, छेउको, नजिकको, *विप. त्यो* । यो भाइको कापी हो । यो उसकी मिल्ने साथी हो ।

**योजना** - /योजना/ (सं.) [योजन+आ] ना. पूर्वतयारी, विशेष गतिविधि सञ्चालनका लागि तयार पारिएको विस्तृत रूपरेखा । कुनै पनि काम योजनाअनुसार सम्पन्न गर्नुपर्छ ।

## र

**रक्षा** - /रक्छ्या, रछ्या/ [रक्ष+आ] ना. जतन, सङ्कटबाट बचाउने काम, सुरक्षा, हिफाजात, *विप. नाश*। उनी आफ्नो सामानको रक्षा आफैँ गर्छन् ।

**रक्ताम्मे** - /रक्ताम्मे/ [रक्त+आम्मे] वि. जताततै रगत भएको, रगतले भिजेको । ऊ रुखबाट लडेपछि रक्ताम्मे भयो ।

**रण** - /रण्, रण/ (सं.) ना. युद्ध, लडाइँ, समर । उनको छोरो शत्रुसँग लड्न रणमा गयो ।

**रथ** - /रथ्/ (सं.) ना. घोडाले तान्ने चारपाङ्ग्रे गाडा वा त्यस्तो सवारी साधन । वीरगञ्ज बजार रथमा चढेर डुलियो । अर्जुनको रथ हाँक्ने काम कृष्णले गरे ।

**रवि** - /रबि/ (सं.) ना. घाम, दिनेश, दिवाकर, प्रभाकर, सूर्य । जहाँ पुग्दैनन् रवि, त्यहाँ पुग्छन् कवि ।

**रसायन** - /रसायन्/ (सं.) [रस+अयन] ना. चर्केका धातुका भाँडा आदिलाई टाल्ने काम, ठोसलाई गाल्ने वा तरललाई ठोस बनाउने कार्य । रसायन नलगाई सुनका गहना बनाउन सकिँदैन ।

**राजधानी** - /राजधानि/ (सं.) [राज्य+धान+ई] ना. देशको राज्यव्यवस्था सञ्चालनको सदरमुकाम । नेपालको राजधानी काठमाडौँ हो ।

**राजीनामा** - /राजिनामा/ [राजी+नामा] ना. आफ्नो अधिकारमा रहेको अचल सम्पत्तिको हक राजीखुसीसाथ कसैलाई छोड्ने काम वा सोअनुसार गरिदिने लिखत, त्यागपत्र । उनले उपाध्यक्ष पदबाट राजीनामा दिए ।

**रातो** - /रातो/ (बहु./ति. राता, स्त्री. राती) वि. रगत, सिम्रिक आदिको रङ । रातो रङ वीरताको रङ हो । मलाई रातो वस्तु राम्रो लाग्छ ।

**राष्ट्र** - /रास्ट्र/ (सं.) ना. देश, मुलुक, राज्य । नेपाल एउटा विकासोन्मुख राष्ट्र हो । आज राष्ट्र नै सङ्कटमा छ ।

**राष्ट्रपति** - /रास्ट्रपति/ (सं.) [राष्ट्र+पति] ना. गणतन्त्र भएको देशको राष्ट्र प्रमुख । डा. रामवरण यादव नेपालका प्रथम राष्ट्रपति हुन् ।

**रासायनिक** - /रासायनिक्/ (सं.) [रसायन+इक] वि. रसायनको, रसायनसम्बन्धी । गोबर मलभन्दा रासायनिक मलको प्रयोग बढ्दो छ ।

**रिस** -/रिस्/ ना. अन्याय या नचाहिँदो कामप्रति मनमा उठ्ने आवेग, क्रोध, जङ, रोष । रिस मानिसको ठुलो शत्रु हो । नचाहिने कुरा गर्‍यो भने उसलाई छिटै रिस उठ्छ ।

**रिसानी** - /रिसानि/ [रिस+आनी] ना. क्रोध, ठुलाबडाहरू रिसाउँदाको स्थिति, रिसाउने काम । गल्ती गरे रिसानी माफ होस् ।

**रुख** - /रुख्/ ना. वृक्ष, द्रुम । रुखबिरुवा रोपेर मात्र हुँदैन, मलजल पनि गर्नुपर्छ । जथाभावी रुख काट्नु हुँदैन ।

**रूप** - /रुप्/ (सं.) ना. आकृति, कुनै वस्तुको बाहिरी आकार प्रकार, चेहरा, शरीर । रूप मात्र राम्रो भएर हुँदैन, बेहोरा पनि राम्रो चाहिन्छ ।

**रे** - /रे/ नि. अन्दाज गर्दा प्रयोग हुने शब्द, अरे । ऊ भोलि हटिया जान्छे रे । आज नभए भोलि पानी पर्छ रे ।

**रेडियो** - /रेडियो/ (अङ्.) ना. खास केन्द्रबाट प्रसारण भएको समाचार, गीत सुन्न सकिने एक प्रकारको यन्त्र । तिमीले रेडियोबाट समाचार सुन्यौ । टिभीले गर्दा रेडियाको महत्त्व घटेको छ ।

**रेल** - /रेल्/ (अङ्.) ना. फलामको लिकमा गुड्ने, प्रशस्त मानिस वा सामान अटाउने एक प्रकारको ठुलो सवारी साधन । उनीहरू रेल चढ्न जनकपुर पुगेछन् ।

**रोदी** - /रोदि/ (गु.) ना. विशेष गरी गुरुङ जातका ठिटाठिटीहरूले रातमा गीत गाउने, नाच्ने ठाउँ वा त्यस्तो मनोरञ्जन । 'बहिनीको दया छ भने रोदी घर दाइ नाच्यो नभने' । रातभर रोदी घरमा नाचेर मनोरञ्जन गरियो ।

**रोमाञ्चक** - /रोमान्चक्/ (सं.) [रोम+अञ्चक] वि. आङ जुरुङ्ङ पार्ने, रोमाञ्चकारी । इटली र स्पेनको रोमाञ्चक फुटबल खेलमा स्पेनले २-० ले जित हासिल गऱ्यो ।

## ल

**ल** - /ल/ निपा. आश्चर्य, खेद, स्वीकृति, सहमति आदि जनाउन प्रयोग गरिने शब्द । तिमी भोलि मेरो घरमा आऊ ल । ल, आउँछु ।

**लगन** - /लगन्/ ना. तल्लीनता, महत्त्वपूर्ण अवसर; विवाह, व्रतबन्ध आदिको साइत; शुभ मुहूर्त । बिहेको लगन जुराउन उनी पण्डितकहाँ गए । ऊ लगनका साथ पढ्दै छ ।

**लगनशील** - /लगन्सिल्/ (सं.) [लगन+शील] वि. इलममा राम्ररी लागेको, एकाग्र, दत्तचित्त, लगन भएको । लगनशील विद्यार्थी परीक्षामा सफल हुन्छ । ऊ आफ्नो काममा निकै लगनशील देखिन्छे ।

**लगानी** - /लगानि/ [लाग्+आनी] ना. उद्योग, व्यापार आदिमा पैसा लगाउने काम । उसले ब्याजमा पैसा लगानी गर्ने हुँदा साँवा नै डुब्यो । विदेशीलाई पनि नेपालमा लगानीका लागि वातावरण सिर्जना गर्नुपर्छ ।

**लडाइँ** - /लडाइँ/ [लड्+आइँ] ना. आक्रमण, भिडन्त, युद्ध, रण, सङ्ग्राम, समर । दुई देशका सेनाबिच घमासान लडाइँ भयो । नेपाली नेपालीबिच लडाइँ गर्नु व्यर्थ छ ।

**लडीबुडी** - /लडिबुडि/ [लडी+बुडी] ना. भुइँमा ओल्टोकोल्टो पर्ने काम, लडबडाउने काम । के नपुगेर हो कुन्नि, छोरी त लडीबुडी गर्न थालिछ ।

**लाखौँ** - /लाखौँ/ [लाख+औँ] वि. असङ्ख्य, गणना गर्दा लाखको क्रममा पर्ने, लाख पटकको । लाखौँ पटक बिन्ती गर्दा पनि डाँकाहरूले रत्नाकरलाई छाडेनन् । लाखौँको सामान उसले सित्तैमा पायो ।

**लागि** - /लागि/ नायो. खातिर, निमित्त, निम्ति अर्थमा भेदक पछाडि आउने शब्द । देशका लागि सब एक जुट हुनुपर्छ । आकाशको जुन हेर तिम्रै लागि हो ।

**लाभ** - /लाभ्/ (सं.) ना. उपलब्धि, नाफा, प्राप्ति, फाइदा, *विप. हानि* । यस कामबाट सोचे जति लाभ भएन । ऊ लाभ हुने मात्र काम गर्छ ।

**लाभान्वित** - /लाभान्वित्/ (सं.) [लाभ+अन्वित] वि. लाभ पाएको, सुविधा प्राप्त गर्ने । कुलो निर्माण गरिएकाले गाउँले किसानहरू लाभान्वित भए ।

**लालीगुराँस** - /लालिगुराँस्/ [लाली+गुराँस] ना. एक प्रकारको लेकाली फुल, नेपालको राष्ट्रिय फुल । मलाई लालीगुराँस फुल असाध्य मन पर्छ । वसन्तपुर लालीगुराँसको राजधानी नै हो ।

**लैनो** - /लैनो/ वि. (बहु./ति. लैना, स्त्री. लैनी) वि. दुधे, भर्खर बियाएको, *विप. थारो* । लैनो भैँसी उनले बिस हजारमै बेचेछन् ।

**लौ** - /लौ/ निपा. आश्चर्य, स्वीकृति, सम्झना आदि जनाउन प्रयोग हुने शब्द । लौ, तिमी त टुप्लुक्क आइपुगेछौ नि । ऊ त कत्रो भएछ लौ, म त छक्कै परेँ । लौ है, म हिँडेँ ।

**ल्याउनु** - /ल्याउनु/ [लि+आउ+नु] सकि. लिई आउनु, लिएर आउनु, *विप. पुऱ्याउनु* । बुबाले पसलबाट सामान ल्याउनुभयो ।

## व

**वंशावली** - /बम्साबलि/ (सं.) [वंश+आवलि] ना. कुनै वंशको मूल पुर्खादेखिका सन्तानको विवरण, वंश परम्परा । पौडेलहरूको पनि वंशावली तयार भइसक्यो । वंशावलीले नाता केलाउन मद्दत गर्छ ।

**वक्तव्य** - /बक्तब्य/ (सं.) [वच्+तव्य] ना. कुनै विषय वा समस्याबारे व्यक्ति वा संस्थाका तर्फबाट सार्वजनिक रूपमा भनिएको कुरा, घोषणा, भाषण । उनले समसामयिक राजनीतिक घटनाबारे वक्तव्य दिए । मदन भण्डारी वक्तव्य दिनमा माहिर मानिन्थे ।

**वन** - /बन्/ (सं.) ना. जङ्गल, धेरै रुख तथा बोटबिरुवा भएको क्षेत्र, *विप. घर*। वनमा बाघभालु बस्छन् । वन मास्ने काम कसैबाट गर्नु हुँदैन ।

**वरिपरि** - /वरिपरि/ [वरि+परि] क्रिवि. चारैतिर, यताउति, वरपर, सर्वत्र । म गणेश मन्दिरको वरिपरि घुमेँ । मेरो घरको वरिपरि आँपका रुखहरू छन् ।

**वर्गीकरण** - /बर्गिकरण्/[बर्गिकरन्] (सं.) [वर्ग+ई+करण] ना. आकार, प्रकार, स्तर, पेसा आदिका आधारमा विभाजन गर्ने काम; समूहन । भारोपेली भाषा परिवारलाई सतम् र केन्तुम् गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

**वर्तमान** - /बर्तमान्/ (सं.) [वृत्+मान] वि. अहिलेको, अहिले भइरहेको वा चलिरहेको, उपस्थित, विद्यमान्, समसामयिक, *विप. भविष्यत्, भूत* । वर्तमान नेपालका मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी हुन् ।

**वर्ष** - /बर्स/ (सं.) ना. साल, १२ महिनाको अवधि वा ३६५ दिनको समय । एक वर्षमा बार महिना हुन्छ । मेरी बहिनी पाँच वर्षकी भई ।

**वर्षा** -/बर्सा/ (सं.) [वर्ष+आ] ना. आकाशबाट पानी पर्ने क्रिया, झरी, बर्सात, वृष्टि । वर्षामा घुम ओढेर खेतालाहरू काम गर्दै छन् । वर्षा ऋतुमा जताततै हिलोमैलो हुन्छ ।

**वादन** - /बादन्/ (सं.) [वद्+अन] ना. बजाइ, बजाउने काम, बाजा । उनी हरेक वाद्य वादनमा निपुण छन् ।

**विचार** - /बिचार्/ (सं.) [वि+चार] ना. दृष्टिकोण, मत, राय, सोच । सुन्दर विचार लिएर गरिएका हरेक कार्यहरू सफल हुन्छन् । हामीले सादा जीवन उच्च विचार अँगाल्नुपर्छ ।

**विद्यार्थी** - /बिद्द्यार्थि/ (सं.) [विद्या+अर्थी] ना. चेलाचेली, छात्रछात्रा, विद्याको चाहना गर्ने व्यक्ति, विद्यालयमा गएर पढ्ने केटाकेटीहरू, शिक्षार्थी । उनीहरू कक्षा ६ मा पढ्ने विद्यार्थी हुन् । आजका विद्यार्थी नै भोलिको सुन्दर नेपालका कर्णधार हुन् ।

**विद्यालय** -/बिद्द्यालय/ (सं.) [विद्या+आलय] ना. पठनपाठन गर्ने ठाउँ, पाठशाला, शिक्षालय, स्कुल । शनिश्चरेमा तेर वटा सामुदायिक विद्यालयहरू छन् । विद्यालय शान्ति क्षेत्र हुनुपर्छ ।

**विनयशील** - /बिनयसिल्/ (सं.) [विनय+शील] वि. भद्र, विनम्र, विनय भएको, विनयी, विनीत, सुशील । विनयशील व्यक्ति सबैको प्रियपात्र हुन्छ । विनयशील मानिस पूज्य हुन्छ ।

**विभूति** - /बिभुति/ (सं.) [वि+भूति] ना. राष्ट्रलाई महान् योगदान दिने व्यक्तित्व, त्यस्तो महापुरुष । भानुभक्त आचार्य नेपालका एक राष्ट्रिय विभूति हुन् । भीमसेन थापाले गरेका महत्त्वपूर्ण कामका आधारमा उनलाई राष्ट्रिय विभूतिको संज्ञा दिइएको हो ।

**विराट्** - /बिराट्/ (सं.) [वि+राट्] वि. ज्यादै ठुलो, भव्य, विशाल । भक्तपुरको साँगामा रहेको बुद्धको प्रतिमा नेपालकै विराट् प्रतिमा हो ।

**विशेषता** -/बिसेस्ता/ (सं.) [विशेष+ता] ना. आकार, रूप, मात्रा, प्रभाव आदिका दृष्टिले कुनै वस्तुमा पाइने विशेष गुण; विशिष्टता । सन्तान उत्पादन गर्नु सजीव प्राणीको एक महत्त्वपूर्ण विशेषता हो । सबै मान्छेका आआफ्नै विशेषताहरू छन् ।

**विश्राम** - /बिस्स्राम्/ (सं.) [वि+श्रम] ना. आराम, थकाइ मेट्न सुस्ताउने काम, विश्रान्ति । धेरै हिँडियो, अब एकछिन विश्राम गरौँ ल । आफ्नो काम नसकी विश्राम गर्नुहुँदैन ।

**विश्वास** - /बिस्स्वास्/ (सं.) [वि+श्वास] ना. आस्था, पत्यार, भरोसा, *विप. अविश्वास* । परिवारमा एकले अर्काको विश्वास गर्नुपर्छ । यो संसार विश्वासमै त अडेको छ नि ।

**विषादी** - /बिसादि/ (सं.) [विष+आदि] ना. बिखालु चिज, विष भएको वस्तु । कृषकहरू विषादी छरेर बालीनालीका कीटाणु निर्मूल पार्छन् ।

**विसर्जन** - /बिसर्जन्/ (सं.) [वि+सर्जन] ना. आह्वान गरेका देवतालाई पूजा सकिएपछि बिदाई गर्ने काम, पूजाको फुल प्रसाद आदि सेलाउने काम, समापन, *विप. आरम्भ* । आजको कार्यक्रम यहीँ विसर्जन भयो । सप्ताह पुराण सकिएपछि उनीहरू फुल प्रसाद विसर्जन गर्न कोसी नदी गए ।

**विहीन** - /बिहिन्/ (सं.) [वि+हीन] नायो. नभएको, नरहेको, रहित आदि भाव बुझाउने शब्द । धेरै नेपालीहरू घरबारविहीन छन् ।

**वृक्षरोपण** - /ब्रिक्छ्यरोपण्/ (सं.) [वृक्ष+रोपण] ना. बिरुवा रोप्ने काम । वृक्षरोपण गरेर मात्र हुँदैन, तिनलाई हुर्काउनु पनि पर्छ । नेता शेरबहादुर देउवाले वृक्षरोपण कार्यक्रमको उद्घाटन गरे ।

**वृत्तान्त** - ⁄ब्रित्तान्त⁄ (सं.) [वृत्त+अन्त] ना. कुनै वस्तु, विषय, घटना आदिको विस्तृत विवरण; बेलीविस्तार, वर्णन । उसले आफ्नो सफलताको वृत्तान्त सुनायो ।

**वृद्धि** - ⁄ब्रिद्धि⁄ (सं.) [वृध्+ति] ना. थपोट, नाफा, बढ्ने वा थपिने काम, विकास । बसाइँसराइका कारण तराईमा जनसङ्ख्या वृद्धि भइरहेको छ ।

**वेभसाइट** - ⁄वेभ्साइट्⁄ (अङ्.) ना. विद्युतीय सूचना सञ्जाल, इन्टरनेटको साइट । शिक्षा मन्त्रालयको वेभसाइट हेरे शिक्षासम्बन्धी धेरै सूचना प्राप्त गर्न सकिन्छ ।

**वेशभूषा** - ⁄बेस्भुसा⁄ (सं.) [वेष+भूषा] ना. मानिसको वर्ग, जाति आदिको पहिचान हुने पहिरन, वस्त्र, आभूषण; वेषभूषा । हामीले कहिले पनि आफ्नो वेशभूषा बिर्सनुहुँदैन ।

**वैशाख** - ⁄बैसाख्⁄ (सं.) ना. नेपालीको पहिलो महिना । वैशाख महिनापछि जेठ आउँछ । वैशाख १ गते नेपालीहरू नयाँ वर्ष मनाउँछन् ।

**व्यक्तित्व** - ⁄ब्यक्तितत्व⁄ (सं.) [व्यक्ति+त्व] ना. खास व्यक्तिमा हुने विशिष्टता, व्यक्तिको निजी विशेषता । शिक्षाले मानिसको व्यक्तित्व विकासमा मद्दत पुऱ्याउँछ । बालकृष्ण समको व्यक्तित्व बहुआयामिक थियो ।

**व्याकुल** - ⁄ब्याकुल्⁄ (सं.) [वि+आकुल] ना. आतुरता, पीडाले छटपटाएको, बेचैनी; भोक, तिर्खा, दुक्ख आदिले हडबडाएको । पानी पिउन नपाएर ऊ तिर्खाले व्याकुल भयो ।

**व्यावसायिक** -⁄ब्याबसायिक्⁄ (सं.) [व्यवसाय+इक] वि. व्यवसायको, व्यवसायमा आधारित, व्यवसायसँग सम्बन्धित । व्यावसायिक परियोजना प्रस्ताव उपयुक्त भए बैङ्कले पनि मुनासिब रिन दिन्छ ।

**व्यावहारिक** - ⁄ब्याबहारिक्⁄ (सं.) [व्यवहार+इक] वि. घरायसी, व्यवहारमा आइपर्ने, व्यवहारसम्बन्धी, *विप. सैद्धान्तिक* । हामीले सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञानलाई बढी प्रयोग गर्नुपर्छ । व्यावहारिक काम परेकाले उनी घर गए ।

## श

**शत्रु** - ⁄सत्रु⁄ (सं.) [अ+तिथि] ना. दुश्मन, रिपु, वैरी, *विप. मित्र* । शत्रु नभएको मान्छे को छ र ? राष्ट्रका शत्रुलाई परास्त गर्न नेपालीहरू पछि पर्दैनन् ।

**शनिवार** -/सनिबार्/ (सं.) [शनि+वार] ना. सात वारमध्येको अन्तिम वार । शनिवार हप्ताको सातौँ वार हो । शनिवार सार्वजनिक बिदा हुन्छ ।

**शरीर** -/सरिर्/ (सं.) ना. काय, तन, देह, प्राणीको जिउ । शरीर सफा राख्नुपर्छ । उसको शरीरभरि दादुरा आएछ ।

**शास्त्र** - /सास्त्र/ (सं.) [शास्+त्र] ना. अनुसन्धानसँग सम्बन्धित विद्या, खास विषयको गहन अध्ययन । शास्त्रका कुराले मानवलाई जीवनोपयोगी ज्ञान दिन्छ । शस्त्र ज्ञानभन्दा शास्त्र ज्ञान ठुलो हो ।

**शिक्षक** - /सिक्छ्यक्, सिछ्यक्/ (सं.) [शिक्ष+अक] ना. अध्यापक, गुरु, पढाउने व्यक्ति । हाम्रो विद्यालयमा सोर जना शिक्षक हुनुहुन्छ । शिक्षकले विद्यार्थीलाई माया गरेर पढाउनुपर्छ ।

**शिक्षण** -/सिक्छ्यण्/ (सं.) [शिक्ष+अन] ना. अध्यापन गर्ने कार्य, पढाउने काम, शिक्षकले अँगालेको पेसा । एकराज गुरु गणित विषय शिक्षण गर्नुहुन्छ । शिक्षण सिकाइमा परिवर्तन नगरे शिक्षामा गुणस्तर कायम गर्न सकिँदैन ।

**शिक्षा** - /सिक्छ्या/ (सं.) [शिक्ष+आ] ना. अनुभवबाट प्राप्त हुने ज्ञान वा सिप, ज्ञान, विद्या, *विप. अशिक्षा* । नेपालीले स्वदेशको रक्षा गर्ने शिक्षा लिएका हुन्छन् ।

**शिथिल** - /सिथिल्/ (सं.) वि. खुकुलो, गलित, थाकेको, नकसिएको, *विप. कडा, दृढ* । गलेर होला मेरो शरीर ज्यादै शिथिल भयो ।

**शिर** - /सिर्/ (सं.) ना. टाउको, माथ, *विप. पुच्छर* । शिरमा टोपी हुनु नेपालीको विशेषता हो ।

**शिरोमणि** - /सिरोमणि/ (सं.) [शिरस्+मणि] ना. कुनै खास विषयमा विशिष्ट योगदान दिने वा विलक्षण प्रतिभा देखाउने व्यक्तिलाई दिइने उपाधि, शिरमा लगाइने मणि वा रत्न । नेपाली साहित्यमा लेखनाथ पौड्याललाई कविशिरोमणिको उपाधि दिइएको छ ।

**शिशु** - /सिसु/ (सं.) ना. जन्मदेखि २ वर्षसम्म उमेरको बालक, दुधे बालक । नदीकिनारमा एक मृत शिशु भेटिए । ऊ शिशुको हेरचाहमा लागेकी छ ।

**शिष्य** - /सिस्स्य/ (सं.) [शास्+य] ना. चेला, छात्र, विद्यार्थी, शिक्षार्थी, *विप. गुरु*। गुरुकुल परम्परामा शिष्यहरूले गुरुका सबै काममा सहयोग पुऱ्याउँथे । शिष्यले गुरुको सम्मान गर्नुपर्छ ।

**शीतल** - /सितल्/ (सं.) वि. जाडो र गर्मी नभएको ठिक्कको तापक्रम । आज धेरै शीतल छ । पहाडमा शीतल हावापानी पाइन्छ ।

**शीर्षक** - /सिर्सक्/ (सं.) [शीर्ष+क] ना. लेख, रचना आदिको नाम । मेरो कविताको शीर्षक 'नदी' हो । लेख त लेखेँ तर शीर्षक नै जुराउन सकिनँ ।

**शुक्रवार** - /सुक्बार्/ (सं.) [शुक्र+वार] ना. भृगुवार, सुकबार, हप्ताको छैटौँ वार । बिहीवारपछि शुक्रवार आउँछ । शुक्रवार विद्यालयमा आधा बिदा हुन्छ ।

**शुद्ध** - /सुद्ध/ (सं.) [शुध्+त] वि. चोखो, निर्मल, सफा, स्वच्छ, *विप. अशुद्ध*। आजकाल शुद्ध दुध खान त पाडो भएरै जन्मनुपर्छ ।

**शैली** - /सैलि/ (सं.) [शील+ई] ना. ढङ्ग, ढाँचा, तरिका, विधि, साहित्यिक अभिव्यक्तिको खास ढङ्ग वा रीति । उसको बोलाइको शैली मिठासपूर्ण छ । उसको काम गराइको शैली मलाई मन परेन ।

**शोभा** - /सोभा/ (सं.) [शुभ+आ] ना. कान्ति, छटा, छवि, प्रकाश, वस्तुमा हुने चमक । उत्तरतिर वारपार फैलिएका हिमालले नेपालको शोभा बढाएका छन् । मानिसको शोभा उसको चरित्र हो ।

**श्रद्धेय** - /स्रद्धेय/ (सं.) [श्रद्धा+इय] वि. आदरणीय, पूज्य, श्रद्धा गर्नुपर्ने । गणेशमान सिंह हामी सबैका लागि श्रद्धेय छन् ।

**श्लोक** - /स्लोक्/ (सं.) ना. छन्दमा रचिएको रचना, पद्यमा रचना भएको प्रायः चार पाउको अंश, सिलोक । 'वसन्त' कविता तिन श्लोकमा संरचित छ ।

## ष

**षड्यन्त्र** - /सड्यन्त्र/ (सं.) [षट्+यन्त्र] ना. छलकपट, जालझेल, वशीकरण । कौरवले अनेक षड्यन्त्र गरेर पाण्डवलाई वन पठाए ।

## स

**सँग** - /सँग/ नायो. समेत, सहित, साथमा, सित भन्ने अर्थ दिने शब्द । मसँग सेक्सपियरका नाटकहरू छन् । तिमीसँग दस रुपियाँ छ ?

**सँगिनी** - /सँगिनि/ (सं.) [सँग+इनी] ना. १. सँगै हिँड्ने स्त्री, सखी । ऊ साथी सँगिनीसँग बजार गई । २. सँगीहरूका साथमा मिलेर गाइने गीत । तिजमा दिदीबहिनीले सँगिनी गाए ।

**संयोजक** - /सम्योजक्/ (सं.) [सम्+योजक] ना. १. दुई वा दुईभन्दा बढी शब्द, पदावली वा वाक्य जोड्ने शब्द । म कथा र कविता पढ्छु भन्ने वाक्यमा प्रयुक्त 'र' संयोजक पद हो । वि. २. आयोजक, संयोजन गर्ने व्यक्ति । कमलाले गोष्ठीमा संयोजकको भूमिका निर्वाह गरिन् ।

**संवत्** - /सम्बत्/ (सं.) [सम्+वत्] ना. बार महिनाको अवधि, वर्ष, साल । वैशाख १ गतेबाट नयाँ संवत् सुरु हुन्छ ।

**संवाद** -/सम्बाद्/ (सं.)[सम्+वाद] ना. कुराकानी, वार्तालाप, *विप. विवाद* । उनीहरूबिचको संवाद अझै सकिएको छैन । सङ्घर्ष र आन्दोलनबाट प्राप्त नहुने कुरा संवादबाट पनि हुन सक्छ ।

**संसार** - /सन्सार्/ (सं.) [सम्+सार] ना. जगत्, दुनियाँ, पृथ्वीको सम्पूर्ण भूभाग, विश्व । संसारका सबै कुरा नश्वर छन् । संसारमा नयाँ नयाँ प्रविधिको विकास भइरहेछ ।

**सङ्गति** -/सङ्गति/ (सं.) [सम्+गति] ना. मिलाउने काम, मेल, सुहाउँदो स्थिति, *विप. असङ्गति* । वाक्यमा पदहरूको सङ्गति मिलाउनुपर्छ ।

**सञ्चालन** - /सन्चालन्/ (सं.) [सम्+चालन] ना. गतिशील तथा क्रियाशील पार्ने काम, सङ्घसंस्था आदिलाई चलाउने काम । पथरी बहुमुखी क्याम्पसले शिक्षा सङ्कायमा विज्ञान विषय सञ्चालनको तयारी गर्दै छ ।

**सचेतन** - /सचेतन्/ (सं.) [स+चेतन] वि. चेतनशील, चेतना भएको, सावधान, होस भएको, *विप. अचेतन* । सचेतन प्राणी भएकाले मानिसले हरेक काम होस पुऱ्याएर गर्नुपर्छ ।

**सज्जन** - /सज्जन्/ (सं.) [सत्+जन] ना. १. असल व्यक्ति, भलादमी, *विप. दुर्जन*। उनी सज्जनको मात्र सङ्गत गर्छन् । सज्जनले कसैको पनि कुभलो चिताउँदैनन् । वि. २. शिष्ट, सभ्य । सज्जन मानिसको सबैतिर प्रशंसा हुन्छ ।

**सडक** - /सडक्/ (सं.) ना. पथ, मार्ग; मोटर, बस, कार आदि चल्ने फराकिलो बाटो । सडकका दुबैतिर बिरुवा रोप्नुपर्छ । दायाँबायाँ हेरेर मात्र सडक पार गर्नुपर्छ । सडकलाई आन्दोलनको अखडा बनाउनुहुँदैन ।

**सनाई** - /सनाइ/ ना. मङ्गल कार्यमा फुकेर बजाइने मुरली जस्तो बाजा, सहनाई । पन्चैबाजामा सनाई बाजा पनि पर्छ । भिखारी सनाई बजाउँदै भिख माग्दै छ ।

**सन्त्रास** - /सन्त्रास्/ (सं.) [सम्+त्रास] ना. ठुलो त्रास, व्याकुलता । आणविक सन्त्रासले विश्व आतङ्कित बनेको छ । पूर्वको जनजीवन बाढीपहिरोको सन्त्रासले ज्यादै भयभीत छ ।

**सन्देश** - /सन्देस्/ (सं.) [सम्+देश] ना. विशेष खबर, समाचार । जमुनाले शान्तिको सन्देश दिने किसिमको कविता सुनाइन् । कलाकारका कलाकृतिहरू मानवता र शान्तिको सन्देश बोकेर सारा विश्व फन्को मार्छन् ।

**सबै** - /सबै/ (सं.) [सब+ऐ] वि. भए जति जम्मै, भए भरको, सब, सम्पूर्ण, सारा । उसले सबै पैसा हराएछ । सबै मिलेर अगि बढे पक्कै नेपाल बन्दछ ।

**सभाध्यक्ष** - /सभाध्यक्छ्य/ (सं.) [सभा+अध्यक्ष] ना. सभाका अध्यक्ष, सभानायक, सभापति । कार्यक्रमका सभाध्यक्षले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो । सभालाई औपचारिकता दिन सर्वप्रथम सभाध्यक्ष चयन गरिन्छ ।

**समय** - /समय/ (सं.) काल; मिनेट, घन्टा आदि बुझाउने शब्द । समयले कसैलाई पर्खिंदैन । समयसँग चल्नेले सफलताको शिखर चुम्छ ।

**समर्पण** - /समर्पन्/ (सं.) [सम्+अर्पण] ना. कसैलाई कुनै कुरा सम्मानपूर्वक दिने काम, त्याग, बलिदान । हामीमा समर्पणको भावना क्रमशः हराउँदै गएको छ । म आफ्नो देशका लागि जीवन समर्पण गर्न चाहन्छु ।

**समुद्र** - /समुद्द्र/ (सं.) ना. जतातातै पानी नै पानी भएको पृथ्वीको विशाल भाग, महासागर, सागर । मानिसले समुद्रमा पनि खेती गर्न थालिसक्यो ।

**सम्झना** - /सम्झना/ (सं.) [सम्झ+ना] ना. कुनै व्यक्ति, वस्तु, विचार आदि सम्झेको अवस्था; याद, सम्झाइ, स्मरण, *विप. बिर्सना* । मलाई मेरी साथीको सारै सम्झना आयो । विदेशमा बसेको चिरञ्जीवीलाई कता कता नेपालको सम्झना आएछ ।

**सम्पत्ति** - /सम्पत्ति/ (सं.) [सम्+पत्ति] ना. दौलत, धन, *विप. विपत्ति* । दयारामले प्रशस्तै सम्पत्ति कमाएको छ । सम्पत्तिमा सबैको हाई हाई हुन्छ ।

**सम्बद्ध** - /सम्बद्ध/ (सं.) [सम्+बद्ध] वि. आबद्ध, मिलेको, संलग्न, सम्बन्ध भएको, *विप. असम्बद्ध* । उनीहरूले सम्बद्ध विषयमा केन्द्रित रहेर वार्ता गरे ।

**सम्मिश्रण** - /सम्मिस्रण्/ (सं.) [सम्+मिश्रण] ना. धेरै वस्तु एकै ठाउँ मिसिने काम, मिसाइ, मिसावट, मिश्रण । क्वाँटीमा धेरै किसिमका गेडागेडीको सम्मिश्रण भएको हुन्छ ।

**सरकार** - /सर्कार्/ (फा.) ना. कार्यपालिका, देशको शासन समाल्ने सर्वोच्च संस्था, मन्त्रिमण्डल । सरकारले विकासका काममा विशेष ध्यान दिएको छ । नेपालमा चाँचाँडो सरकार परिवर्तन हुने गर्छ ।

**सर्ट** - /सर्ट/ (अङ्.) ना. पेन्टसँग लगाइने कमिज जस्तो पहिरन । उनी सर्टपेन्ट लगाएर कता हिँडेकी हुन् ?

**सर्वोपरि** - /सर्बोपरि/ (सं.) [सर्व+उपरि] वि. सबैभन्दा बढी, सबैभन्दा माथिल्लो । सर्वोपरि हितका लागि सबै कियाशील हुनुपर्छ ।

**सहकार्यकलाप** - /सहकार्यकलाप्/ (सं.) [सह+कार्यकलाप] ना. अतिरिक्त कियाकलाप, दुई वा दुईभन्दा बढी पक्ष मिलेर गरिने कियाकलाप, सँगै मिलेर गरिने कियाकलाप । सहकार्यकलापले व्यक्तिको सर्वाङ्गीण विकासमा मद्दत पुऱ्याउँछ । पाठशालामा साप्ताहिक रूपमा सहकार्यकलाप गर्ने चलन छ ।

**सहरिया** - /सहरिया/ (सं.) [सहर+इया] वि. सदरिया, सहरको, सहरमा बस्ने, *विप. गाउँले* । सहरिया जीवनभन्दा गाउँले जीवन नै रमाइलो हुन्छ । सहरिया जीवनका पनि धेरै बेफाइदाहरू छन् ।

**सहिद** - ⁄सहिद्⁄ (अ.) ना. देश र जनताका मुक्तिका लागि जीवन अर्पण गर्ने व्यक्ति, महान् बलिदानी, साहदत प्राप्त गर्ने व्यक्ति । नेपालको प्रजातान्त्रिक आन्दोलनमा धेरै नेपालीहरू सहिद भए । हामीले सहिदका अधुरा सपना पुरा गर्नुपर्छ ।

**साँझ** - ⁄साँझ्⁄ ना. घाम अस्ताएपछिको समय, बेलुका, सन्ध्या, *विप. बिहान* । साँझमा डुल्नु राम्रो होइन । साँझ पऱ्यो, बत्ती बाल ।

**साइनो** - ⁄साइनो⁄ ना. (बहु.⁄ति. साइना) नाता, सम्बन्ध । उनी साइनाले मेरी बहिनी पर्छिन् । उनीसँग मेरो साइनो पर्छ ।

**साग** -⁄साग्⁄ ना. तरकारी खाइने एक प्रकारको हरियोपरियो वनस्पति । तोरीको सागभन्दा रायोको साग नै मिठो हुन्छ । हरियो साग खाने गरेमा रतन्धो लाग्दैन ।

**साधक** - ⁄साधक्⁄ (सं.) [साध्+अक] ना. तपस्वी, लामो समयसम्म आफ्नो काममा अभ्यास गर्ने, साधना गर्ने, सिद्ध । गौतम बुद्ध महान् साधक थिए ।

**सामग्री** - ⁄सामग्ग्रि⁄तत्स. [समग्र+ई] उपकरण, सरसामान । घर बनाउन विभिन्न सामग्रीको जोहो गर्नुपर्छ । शैक्षिक सामग्रीको प्रयोगले सिकाइ दिगो हुन्छ ।

**साहित्यिक** - ⁄साहित्त्यिक्⁄ (सं.) [साहित्य+इक] ना. साहित्यको, साहित्यमा हुने, साहित्यसँग सम्बन्धित । उनका स्कुलमा साहित्यिक गतिविधिहरू भइरहन्छन् । साहित्यिक गोष्ठीमा सहभागी हुँदा धेरै कुरा सिक्न पाइन्छ ।

**सिँढी** - ⁄सिँढि⁄ ना. अग्लो ठाउँमा चढ्न सजिलो होस् भनेर बनाइएको खुड्किलो, भऱ्याङ, लिस्नो । सिँढी चढेर माथिल्लो तलामा पुगिन्छ । सिँढी चढ्दै चढ्दै स्वयम्भूनाथको मन्दिर पुगियो ।

**सिद्धान्त** - ⁄सिद्धान्त⁄ (सं.) [सिद्ध+अन्त] ना. १. तर्क, प्रमाण, प्रयोग, परीक्षण आदिद्वारा सिद्ध गरिएको नियम, सूत्र वा दर्शन, *तुल. व्यवहार* । विकासको सिद्धान्तले प्राणीको विकासको वस्तुनिष्ठ वकालत गर्छ । २. कुनै विषय वा शास्त्रको आधारभूत नियम । सामाजिक न्यायको सिद्धान्तलाई राज्यले पूर्णतः पालना गर्नुपर्छ ।

**सिप** - /सिप्/ ना. अभ्यास वा तालिमबाट प्राप्त भएको योग्यता, उपाय, कला, शिल्प । सिप सिकेर पनि जीवनयापन गर्न सकिन्छ । उनले धेरै खाले हातका सिपहरू सिकेकी छन् ।

**सुस्केरा** - /सुस्केरा/ ना. उच्छ्वास, खुइचय; पीडा, थकाइ आदिले गर्दा मुखबाट निस्कने लामो सास; मनको पीडा । उकालो चढेपछि उसले लामो सुस्केरा हाली ।

**सूचना** - /सुचना/ (सं.) [सूच्+अना] ना. विज्ञापन, सार्वजनिक जानकारीका लागि लेखेर टाँसिएको वा छापिएको सामग्री । असार २९ गते विद्‌यालयमा कविता गोष्ठी हुने सूचना कक्षा कोठाअगाडि टाँसिएको थियो ।

**सूर्य** - /सुर्य/ (सं.) ना. घाम, दिनकर, दिनमा उज्यालो र तातो दिने आकाशमा देखिने चम्किलो वस्तु, रवि । सूर्य उदाएपछि अँध्यारो भाग्छ । सूर्यको उज्यालाले संसार नै झलमल्ल हुन्छ ।

**सृष्टि** - /स्रिस्टि/ (सं.) [सृज्+ति] ना. उत्पत्ति, रचना, सिर्जना, सृजना वा रचना गर्ने काम, *विप. संहार* । यो संसारको सृष्टि भगवान्‌ले गर्नुभएको हो ।

**सोत्तर** - /सोत्तर/ ना. गाईभैँसी आदिको बस्ने ठाउँमा ओछ्याउने सेउला, पातपतिङ्गर, सोतर, बिरामी भएर पसारो पर्नु, लम्पसार पर्नु । भैँसीका लागि मैले सोत्तर काटेर ल्याएँ । केटाकेटी ज्वरोले सोत्तर भएका छन् ।

**सोरठी** - /सोरठि/ ना. गुरुङ, मगर आदि जातिमा प्रचलित एक प्रकारको लोकनृत्य । उसले गाएको लोकभाकामा सबैले सोरठी नाचे ।

**स्त्री** - /स्त्रि/ (सं.) ना. नारी, महिला, स्वास्नीमान्छे, *विप. पुरुष* । जहाँ स्त्रीको सम्मान हुन्छ, त्यहाँ देवताको वास हुन्छ ।

**स्नातक** - /स्नातक्/ (सं.) [स्नात+क] ना. विश्वविद्‌यालयबाट शास्त्री, बी.ए. वा सोसरहको उपाधि प्राप्त गरेको व्यक्ति । दीक्षान्त समारोहमा स्नातकहरूलाई उपाधि प्रदान गरियो । उनले पनि शिक्षा विषयमा स्नातक तह पुरा गरिन् ।

**स्पष्ट** - /स्पस्ट/ (सं.) [स्पश्+त] वि. खुलस्त, छर्लङ्ग, प्रस्ट, *विप. अस्पष्ट* । मञ्जु गुरुआमाको बोली स्पष्ट छ ।

**स्रोत** - /स्रोत्/ (सं.) ना. जनशक्ति, पानी निस्कने ठाउँ वा मुहान, सोर्स । त्यस गाउँमा नजिकै पानीको कुनै स्रोत पाइँदैन । प्राकृतिक स्रोत परिचालन गर्न सके मुलुकको विकास निश्चित छ ।

**स्वाध्ययन** - /स्वाद्ध्ययन्/ (सं.) [स्व+अध्ययन] ना. आफैँले घरमा गरिने अध्ययन, आफैँले सिक्ने काम । सिद्धिचरण श्रेष्ठले शैक्षिक उपाधि नलिए पनि स्वाध्ययनबाट प्रशस्त ज्ञान आर्जन गरेका थिए ।

**स्वावलम्बी** - /स्वाबलम्बि/ (सं.) [स्व+अवलम्ब+ई] वि. आफ्नो क्षमतामा भर पर्ने, स्वावलम्बनमा विश्वास गर्ने, *विप. परावलम्बी* । त्यो किसान स्वावलम्बी छ । स्वावलम्बी मानिस स्वाभिमानी हुन्छ ।

## ह

**हड्डी** - /हड्डि/ (सं.) ना. अस्थि, प्राणीको मासुभित्र रहने कडा भाग, हाड, हाड मात्र भएको, *विप. मासु* । ऊ त सारै दुब्लाएछ, शरीरमा हड्डी मात्रै छ ।

**हतकडी** - /हत्कडि/ (सं.) [हात+कडी] ना. अपराधी भाग्न नपाओस् भनी दुबै हातमा बाँधिने फलामे साङ्लो । पुलिसले चोरलाई हतकडी लगाएर कारागार लगे ।

**हर्ष** - /हर्स/ (सं.) ना. खुसी, दङ्ग, मनको प्रसन्नता, हर्क । परीक्षामा उत्तीर्ण भएपछि ऊ हर्षले विभोर भएको छ ।

**हस्तान्तरण** - /हस्तान्तरण्/[हस्तान्तरन्] (सं.) [हस्त+अन्तरण] ना. आफ्नो हकमा भएको वस्तु अर्कालाई सुम्पने काम, एकसँग भएको वस्तु अर्कालाई दिने काम । संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै जानुपर्छ । नयाँ नेपाल निर्माण गर्ने हो भने नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण गर्नुपर्छ ।

**हात्ती** - /हात्ति/ (सं.) ना. लामो सुँडे, ठुलो शरीर, नाङ्ला जस्ता कान र थाम जस्ता खुट्टा हुने जङ्गली पशु । हात्तीलाई गणेशको अवतार मानिन्छ । सौराहामा हात्ती चढेर घुम्दा सारै आनन्द आउँछ ।

**हिँड्नु** - /हिँड्नु/ अक्रि. खुट्टा चालेर अगि बढ्ने तथा पाइला चाल्ने काम । मान्छे दुई खुट्टाले हिँड्छन् भने पशु चार खुट्टाले हिँड्छन् ।

**हिंस्रक** - /हिम्स्रक्/ (सं.) ना. सिकारी जनावर, हिंसा गरेर जीवनयापन गर्ने पशु । बाघ हिंस्रक जनावर हो । हिंस्रक जनावरबाट सतर्क हुनुपर्छ ।

**हिजो** - /हिजो/ क्रिवि. आजको अघिल्लो दिन, एक दिन पहिले, *विप. आज, भोलि* । उनी हिजो सहर गइन् । हिजो म र दाजु काठमाडौँ गयौँ । उनी हिजोदेखि मन लगाएर पढ्न थाले ।

**हिज्जे** - /हिज्जे/ ना. वर्ण विन्यास, वर्तनी, शब्दलाई शुद्धसँग लेख्ने ढङ्ग । जुनसुकै भाषामा पनि ठिक हिज्जे प्रयोग गरी लेख्नुपर्छ ।

**हिम्मती** - /हिम्मति/ (अ.) [हिम्मत+ई] वि. आँटिलो, हिम्मतदार, हिम्मत भएको, साहसी । हिम्मती व्यक्तिले थालेको काम फत्ते गरेरै छाड्छ ।

**हीनताभाव** - /हिनताभाब्/ (सं.) [हीनता+भाव] ना. आफूलाई सानो वा कमजोर ठान्ने भाव, हीन भावना भएको । आफूमा हीनताभाव पाल्नेले कहिल्यै प्रगति गर्न सक्दैन । 'दोषी चस्मा' कथाको केशवराज हीनताभावले ग्रसित पात्र हो ।

**हुन्डरी** - /हुन्डरि/ [हुन्डर+ई] ना. आँधीबेहरी, तुफान । आज राति ठुलो हुन्डरी आयो । हुन्डरीले भुटानी शिविरका ससाना झुप्राहरू उडाइदिएछ ।

**हृदय** - /रिदय/ (सं.) [हृत्+अय] ना. मन, मुटु । पसिना अनि हृदय दिएर नेपाललाई उठाउनुपर्छ । उसको हृदय पवित्र छ ।

**हृष्टपुष्ट** - /रिस्टपुस्ट/ (सं.) [हृष्ट+पुष्ट] वि. बलियो, मोटोघाटो । हरियो सागपात, गेडागुडी र प्रशस्त फलफुल खाने व्यक्ति हृष्टपुष्ट हुन्छन् ।

**हेरचाह** - /हेर्चाह्/ [हेर+चाह] ना. रक्षा, रखवाल, सुरक्षा, रेखदेख, हेरविचार । हामीले ससाना नानीहरूको राम्रो हेरचाह गर्नुपर्छ ।

**होचो** - /होचो/ (बहु./ति. होचा, स्त्री. होची) वि. अग्लो नभएको, नबढेको, पुड्को, सानो कदको, *विप. अग्लो* । ऊ बहिनीभन्दा होचो छ ।

**ह्रस्व** - /रस्स्व/ (सं.) ना. एक मात्राको वर्ण, थोरै स्वरले उच्चारण हुने वर्ण, *विप. दीर्घ* । तद्भव शब्दका सुरु र बिचका इकार उकार सबै ह्रस्व लेखिन्छन् । अ, इ, उ र यिनले जनाउने वर्ण ह्रस्व हुन्छन् ।

# अध्याय : चार

# निष्कर्ष तथा सुझाब

## ४.१ निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षक **कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश**ले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा ६ का विद्‍यार्थीका लागि नमुना कोशका रूपमा तयार गरिएको हो । यसरी कक्षागत वा विषयगत हिसाबले कोश निर्माण गर्न सकियो भने विद्‍यार्थीहरूमा विद्‍यालय तहदेखि नै शब्दकोश हेर्ने र नेपाली भाषाका शब्दहरूको सही उच्चारण गरी शुद्‍ध प्रयोग गर्ने बानीको विकास हुन्छ । यस कोशमा कक्षा ६ को हाम्रो नेपाली किताबमा भए जति सबै शब्दहरूको प्रविष्टि नगरेका कारण पनि यसलाई नमुना नेपाली शब्दकोशको संज्ञा दिइएको हो ।

यस कोशमा जम्मा ४६१ शब्द प्रविष्टि गर्ने काम भएको छ । ती सबै प्रविष्ट शब्दको उच्चारण र अर्थ प्रस्तुत गरिएको छ । यस कोशमा ६०६ पर्याय र ७३ विपर्याय शब्दको प्रयोग गरिएको छ । प्रयोगात्मक नेपाली शब्दकोशमा झैं आगन्तुक शब्दलाई (आ.) मात्र नलेखी स्रोत भाषा नै स्पष्ट तोकिएको छ । तत्सम शब्दलाई बुझ्न 'सं.' को सङ्केत गरिएको छ । कोशमा प्रविष्ट शब्दको कम्तीमा एउटा र बढीमा तिन वटासम्म वाक्य निर्माण गरी अर्थलाई सहज रूपमा सम्प्रेषण गर्ने प्रयास यसमा भएको छ । शब्दको बनोट देखाउने कार्यमा पनि सचेतता अपनाइएको छ ।

शब्दकोश निर्माण गर्ने काम निकै चुनौतीपूर्ण काम हो । झन् विद्‍यालय तहका विद्‍यार्थीको स्तर सुहाउँदो कोश निर्माण गर्ने काम अझ कठिन हुँदोरहेछ । यस्तो काम लामो अभ्यास र निरन्तर अध्ययनबाट मात्र सम्भव छ । नेपाली भाषाका विभिन्न भाषिका तथा उपभाषिकाहरू छन् । एकातिर नेपाली भाषाकै अनेक विविधताले नेपाली भाषाको मानक प्रयोगमा विचलन ल्याएको देखिन्छ भने अर्कातिर बढ्दो प्रविधि, अनेक भाषीसँगको सम्पर्कका कारणले नेपालीको स्तरीय र मानक रूप खुट्‍टयाएर शब्द केलाउन कठिन भएको स्थिति छ । यस्तो अवस्थामा नेपाली भाषाको मानक शब्दकोश निर्माण गर्नु आफैँमा एउटा गहन एवम् जटिल कार्य पनि हो ।

कुनै खास तहका लागि निर्माण गरिने भाषा कोश निर्माताले भने पाठ्य पुस्तकमा प्रयुक्त शब्दमा पनि नवीन, व्यवहारोपयोगी शब्दहरू छनोट गर्नुपर्छ । यस्तो कोश तयार गर्दा खास तह वा श्रेणीका उमेर समूहका त्यस भाषाका अधिकतम वक्ताहरूबाट प्रयोग गरिने शब्द र वाक्यहरूको नमुना छनोट गर्न सक्नुपर्छ । अझ नेपाली विषयबाहेकका अन्य विषयमा पनि बढी प्रयोग हुने शब्दहरूको चयन गर्नु बुद्धिमानी ठहर्छ ।

कोश निर्माणका अनेक समस्याहरूमा नेपाली वर्ण विन्यासलाई पनि एक प्रमुख समस्याका रूपमा लिइएको पाइन्छ तर यस कोशमा भने यो समस्या गौण रहेको छ । नेपाल सरकारले जारी गरेको नेपाली वर्ण विन्यासलाई कक्षा ६ को हाम्रो नेपाली किताबमा हुबहु अनुसरण गरिएका कारण यस कार्यमा त्यो कठिनाइ भने सामना गर्नु नपरेको हो ।

विद्यालय तहका लागि लेखिएका शब्दकोशको अवस्था ज्यादै न्यून रहेको देखिन्छ । अङ्ग्रेजी भाषा विषयको जस्तो कक्षागत शब्दकोश नेपाली भाषा विषयमा प्रकाशन भएको पाइँदैन । सङ्क्षिप्त, सरल, सजिलो शब्दकोश भनी नाम दिएर विद्यालय तहका विद्यार्थीका लागि पाठ्य पुस्तक तथा दैनिक व्यवहारका शब्दहरू सङ्गृहीत गरेर शब्दकोश लेखिएको स्थिति छ । तर यी शब्दकोशहरूको प्रयोग भने लक्षित वर्गले नगण्य रूपमा मात्र गरेको पाइन्छ ।

अधिकांश शिक्षकहरूले कालो/सेतो पाटीमा शुद्ध वर्णविन्यास प्रयोगमा समेत सचेतता नअपनाएको देखिन्छ । कतिपय विद्यालयमा त कुनै पनि किसिमका नेपाली शब्दकोश नै पाइँदैन र यदि कुनै विद्यालयमा छ भने पनि त्यसको समुचित प्रयोग शिक्षक स्वयम्ले गरेको पाइँदैन । शिक्षक आफूले कोशको प्रयोग नगरेको अवस्थामा विद्यार्थीहरूले गर्ने त निकै टाढाको कुरा हो ।

नेपाली भाषा विषयका लागि यस्ता कोशहरूको लेखन व्यावसायिक रूपमा हुन नसके पनि अध्ययन, अनुसन्धान तथा शोध कार्यको उद्देश्यपूर्तिका लागि भने हुने गरेको पाइन्छ । यस कुराले के सङ्केत गर्दछ भने कम्तीमा पनि विद्यालय स्तरमा तहगत वा कक्षागत रूपमा शब्दकोश निर्माण गर्न सकिने अवस्थालाई नजरअन्दाज गर्न सकिन्छ । यसरी हेर्दा निम्न माध्यमिक/आधारभूत तहमा पनि विद्यार्थीहरूको स्तर सुहाउँदा शब्दकोशहरू निर्माण गर्न सकिने स्थिति देखिन्छ । नि.मा./आधारभूत तहका विद्यार्थीका लागि निर्माण गरिने शब्दकोशको आयाम निकै ठुलो हुने भएकाले र कक्षागत/विषयगत

हिसाबले शब्दहरू समेटेर कोश निर्माण गरी त्यस्ता कोशलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने हो भने यस्तो कार्यले व्यावसायिक रूप पनि लिन सक्छ ।

विद्यालय स्तरमा तहगत, कक्षागत वा विषयगत शब्दकोश निर्माण गर्दा शिक्षणसिकाइ क्रियाकलापमा निम्न किसिमले उपयोगी सिद्ध हुन्छ :

- शब्दको अर्थ पाउन ।
- शब्दलाई अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न ।
- शब्दको शुद्ध उच्चारण गर्न ।
- शब्दको स्रोत थाहा पाउन ।
- शब्दको शुद्ध हिज्जे प्रयोग गर्न ।
- पर्यायवाची तथा विपरीतार्थक शब्दहरू थाहा पाउन ।
- एक शब्दलाई अनेक अर्थमा प्रयोग गर्न ।
- शब्दको निर्माण प्रक्रिया बुझ्न ।
- शब्दहरूलाई कोशीय अनुक्रममा राख्न ।
- शब्दकोशको प्रयोग गर्न ।

## ४.२ शब्दकोश निर्माणका लागि सुझाबहरू

नेपाली भाषा सबै जातजातिका मानिसहरूको साझा तथा सम्पर्क भाषा भएकाले, यो सरकारी कामकाजको भाषाका साथै शिक्षाको माध्यम भाषा पनि भएकाले नेपाली भाषालाई मुख्य आधार मानी नेपाली र अन्य कुनै राष्ट्रिय वा अन्तरराष्ट्रिय भाषाबिच समन्वय गरी द्विभाषिक कोश निर्माणका लागि सम्बन्धित सरोकारवाला संस्था वा निकायले पहल गर्नुपर्छ ।

नेपाली शब्दकोश निर्माणमा विगतदेखि वर्तमानसम्म स्वदेशी तथा विदेशी विद्वान्हरूबाट भएको योगदानलाई उल्लेखनीय मान्नुपर्छ । यी विभिन्न विद्वान्हरूले एकभाषिक, द्विभाषिक र बहुभाषिक कोश निर्माण गरी नेपाली शब्दकोशको ऐतिहासिक

विन्यासमा महत्त्वपूर्ण काम गरेका छन् । नेपाली कोश परम्परामा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले देखाएको अभिरुचिको सराहना गर्नुपर्छ ।

नेपाली भाषामा शब्दकोश निर्माणका लागि निम्न सुझाबहरू प्रस्तुत गरिएको छ :

- वर्ण विन्यासमा एकरूपता र सरलता अपनाउनुपर्छ ।
- लोप हुन लागेका नेपाली शब्दहरू सङ्कलन गरी कोशमा तिनलाई स्थान दिनुपर्छ । त्यस्ता कतिपय शब्दहरू वर्तमान समयमा प्रयोगमा नआए पनि तिनलाई भाषाका अमूल्य सम्पत्ति ठानी लोप हुनबाट बचाउनु पर्छ ।
- नेपालका राष्ट्रिय भाषाका शब्दहरूको सम्प्रेषण क्षमताको पहिचान गरी त्यस्ता शब्दहरूलाई पनि समेट्दै नेपाली भाषाकोशलाई साझा कोश बनाउनुपर्छ । नेपाल प्रज्ञा प्रतिष्ठानले पनि बृहत् नेपाली शब्दकोशको अब आउने संस्करणमा नेपालका राष्ट्रिय भाषाका नेपाली भाषामा घुलमिल भएका र हुन सक्ने अनि प्रविधिले भित्र्याएका अन्तरराष्ट्रिय भाषाका नयाँ शब्दहरूलाई पनि समेटेर जानुपर्छ ।
- नेपाली शब्दोच्चारणमा पनि बलाघात दिने कि ? आज नेपाली भाषाको शब्दकोशलाई नेपाली जातिको कोश बनाउने सबभन्दा ठुलो समस्या छ । यस्तो कोश निर्माण गर्दा विभिन्न जाति र भाषाका विद्वान्हरूको पनि सहयोग लिनुपर्छ ।
- नेपालीका विभिन्न भाषिका र उपभाषिकामा प्रचलित शब्दहरूलाई पनि कोशमा उचित स्थान दिनुपर्छ ।
- कोशमा मुख्यार्थ, लक्ष्यार्थ, व्याकरणार्थ, शैलीगत अर्थ, क्षेत्रीय अर्थ, व्यञ्जनार्थ, व्यङ्ग्यार्थ, रचनार्थ, बलार्थका साथसाथै सन्दर्भार्थसमेत समेट्ने प्रयास गर्नुपर्छ ।
- राष्ट्रिय भाषाकोश निर्माण गर्दा सबै जाति र भाषीको सहभागिता जुटाउनुपर्छ ।

सारमा भन्नु पर्दा शब्दकोश निर्माण गर्दा लक्षित वर्गको स्पष्ट पहिचान गर्नुपर्छ । कोश निर्माण कार्य आफैँमा एउटा समावेशी कार्य भएकाले प्रयोक्ताको उमेर, स्तर र अभिरुचिका आधारमा कोश तयार गर्नु उपयुक्त हुन्छ । यस कार्यमा सम्बन्धित सबै सरोकारवाला पक्षको सुझाब, सल्लाह र सहयोग लिनुपर्छ ।

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, सम्पा. (२०६१). **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६८). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

**नेपाली बृहत् शब्दकोश** (२०४०). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, केशवराज (२०६६). **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : प्रधान बुक हाउस ।

भट्टराई, प्रेमप्रसाद (२०६७). **प्रारम्भिक नेपाली नमुना शब्दकोश,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

भण्डारी, पारसमणि (२०६०). **प्राथमिक तह (कक्षा १- ३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८). सामान्य र **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

लम्साल, रामचन्द्र (२०५७). दो.सं., **कोशविज्ञान र नेपाली कोश**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, वासुदेव गौतम र अन्य (२०६७). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६५). **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६८). **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद, सम्पा. (२०५८). **नेपाली प्रकृति प्रत्यय कोश**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

**वर्ण विन्यास प्रयोगसम्बन्धी जानकारी** (२०६९). भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

विमल, राजेन्द्र र अन्य (२०६९). **प्रायोगिक भाषाविज्ञान**, भक्तपुर : सारथि पब्लिकेसन प्रा.लि. ।

शर्म्मा, 'नेपाल' वसन्तकुमार, सम्पा. (२०५७). **नेपाली शब्दसागर**, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

सापकोटा, महानन्द, सम्पा. (२०३७). **नेपाली शब्दपरिचय**, धरान : सापकोटा प्रिन्टिङ प्रेस ।

सुवेदी, दुर्गा (२०७०). **कक्षा - ८ को हाम्रो नेपाली किताबमा आधारित बाल नमुना शब्दकोश,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

**हाम्रो नेपाली किताब कक्षा ६** (परिमार्जित दोस्रो संस्करण २०७०). भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

Horn by, AS, सम्पा. (सन् २००५). सातौँ सं. **Oxford Advanced Learner's Dictionary,** India: Oxford University, Press.